# प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७४।०६।२९

**संशोधन**

| | |
|---|---|
| प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४ | २०७४।०७।१५ |
| प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४ | २०७४।०७।२६ |

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका जारी गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अदालत" भन्नाले संविधानको धारा १३७ को उपधारा (१) बमोजिमको सर्वोच्च अदालतको संवैधानिक इजलास सम्झनु पर्छ ।

(ख) "आचार संहिता" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम आयोगले बनाएको निर्वाचन आचार संहिता सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "उम्मेदवार" भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रतिनिधि सभा सदस्य पद वा प्रदेश सभा सदस्य पदको निर्वाचनको लागि मनोनयन गरिएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले प्रतिनिधि सभा सदस्यको निर्वाचनको हकमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्यको निर्वाचनको हकमा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ सम्झनु पर्छ ।

(च) "दल" भन्नाले निर्वाचनको प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने दलहरुको समूहलाई समेत जनाउँछ ।

निर्वाचन आयोग, नेपाल

(छ) “नियमावली” भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचनको हकमा प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ र प्रदेश सभा सदस्य निर्वाचनको हकमा प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ सम्झनु पर्छ ।

(ज) “निर्वाचन” भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन सम्झनु पर्छ र सो शब्दले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचनलाई समेत जनाउँछ ।

(झ) “निर्वाचन अधिकारी” भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ञ) “निर्वाचन अधिकृत” भन्नाले दफा ३ बमोजिम आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ट) “निर्वाचन कार्यक्रम” भन्नाले दफा १५ बमोजिमको निर्वाचन कार्यक्रम सम्झनु पर्छ ।

(ठ) “निर्वाचन कार्यालय” भन्नाले जिल्ला निर्वाचन कार्यालय तथा क्षेत्रीय निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ड) “निर्वाचन क्षेत्र” भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि सङ्घीय कानून बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्धारण गरेको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(ढ) “निर्वाचन चिन्ह” भन्नाले आयोगले निर्धारण गरेको दफा ४४ बमोजिमको निर्वाचन चिन्ह सम्झनु पर्छ ।

(ण) “निर्वाचन प्रतिनिधि” भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवारको तर्फबाट र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा दलको तर्फबाट गर्नुपर्ने कामको लागि दफा १५३ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(त) “पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली” भन्नाले एक निर्वाचन क्षेत्र एक पदको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्य वा प्रदेश सभाको सदस्यमा निर्वाचित हुने निर्वाचन प्रणाली सम्झनु पर्छ ।

(थ) “मतगणना प्रतिनिधि” भन्नाले उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि दफा १५५ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(द) “मतदाता” भन्नाले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन प्रयोजनको लागि सङ्घीय कानून बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

निर्वाचन आयोग, नेपाल

(ध) "मतदाता परिचयपत्र" भन्नाले मतदान गर्ने प्रयोजनका लागि प्रचलित सङ्घीय कानून बमोजिम आयोगले संवत् २०७४ सालमा जारी गरेको फोटोसहितको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(न) "मतदान अधिकृत" भन्नाले दफा ८ बमोजिम निर्वाचन अधिकृतले नियुक्त गरेको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(प) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्न आयोगले दफा ५३ बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले मतदान उपकेन्द्रलाई समेत जनाउँछ ।

(फ) "मतदान प्रतिनिधि" भन्नाले कुनै उम्मेदवार वा निर्वाचन प्रतिनिधिले प्रत्येक मतदान केन्द्रमा प्रतिनिधित्व गर्नको लागि दफा १५४ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ब) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ ।

(भ) "मतपेटिका" भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ ।

(म) "मनोनयनपत्र" भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवारीको लागि निर्वाचन अधिकृत समक्ष पेश भएको मनोनयनपत्र सम्झनु पर्छ ।

(य) "सदस्य" भन्नाले प्रतिनिधि सभाको हकमा प्रतिनिधि सभा सदस्य वा प्रदेश सभाको हकमा प्रदेश सभा सदस्य सम्झनु पर्छ ।

(र) "समानुपातिक निर्वाचन प्रणाली" भन्नाले प्रतिनिधि सभा सदस्यको हकमा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणाली तथा प्रदेश सभा सदस्यको हकमा सम्बन्धित प्रदेशको सम्पूर्ण क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कूल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणाली सम्झनु पर्छ ।

(ल) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद-२

## मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत

३. **मुख्य निर्वाचन अधिकृतको नियुक्ति तथा काम, कर्तव्य र अधिकार** : (१) संविधान, ऐन, नियमावली तथा प्रचलित सङ्घीय कानून बमोजिम निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा

गराउनका लागि आयोगले न्याय परिषद्को परामर्शमा प्रत्येक जिल्लामा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(२) आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रका निर्वाचन क्षेत्रहरुको निर्वाचन सम्बन्धी कामको समन्वय र सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(३) मुख्य निर्वाचन अधिकृतले आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारको प्रयोग समेत गर्नेछ ।

(४) ऐन, नियमावली तथा यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचनको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी, नेपाल सरकार, प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको विवरण प्रमुख जिल्ला अधिकारीबाट माग गर्ने,

(ख) खण्ड (क) बमोजिम कर्मचारीको विवरण प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारी, सम्बन्धित निर्वाचन अधिकृत तथा निर्वाचन अधिकारीसँग समन्वय गरी निर्वाचन क्षेत्रको लागि आवश्यक पर्ने कर्मचारी तथा शिक्षकको नामावली सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,

(ग) जिल्लाभित्रको निर्वाचन सम्बन्धी कामलाई व्यवस्थित र मर्यादित बनाउन निर्वाचन अधिकृतसँग समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(घ) निर्वाचन सम्पन्न भएपछि जिल्लाभित्रका निर्वाचन अधिकृतहरूबाट प्राप्त प्रतिवेदनको आधारमा एकमुष्ट प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्ने,

(ङ) जिल्लाभित्र निर्वाचन सम्बन्धी कामको सुपरिवेक्षण र समन्वयको लागि आयोगले तोके बमोजिमका अन्य काम गर्ने ।

४. **निर्वाचन अधिकृतको नियुक्ति तथा काम, कर्तव्य र अधिकार** : (१) संविधान, ऐन, नियमावली तथा प्रचलित सङ्घीय कानून बमोजिम निर्वाचनमा सम्पादन गर्नु पर्ने काम गर्न वा गराउनका लागि प्रत्येक निर्वाचन क्षेत्रमा आयोगले न्याय सेवा आयोगको परामर्शमा न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गर्नेछ ।

(२) आयोग र मुख्य निर्वाचन अधिकृतको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा ऐन, नियमावली र यस निर्देशिका बमोजिम निर्वाचन गराउने सम्बन्धी सम्पूर्ण काम कारबाही स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा गर्नु, गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(३) यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगबाट प्राप्त भएको मतदान केन्द्रको सूची आफ्नो कार्यालयमा प्रकाशन गर्ने वा गराउने,

(ख) निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक पर्ने सहायक निर्वाचन अधिकृत तथा अन्य कर्मचारी नियुक्ति गर्ने,

(ग) दफा ३ को उपदफा (४) को खण्ड (ख) बमोजिम मुख्य निर्वाचन अधिकृतबाट प्राप्त कर्मचारी तथा शिक्षकको विवरणको आधारमा आफू खटिएको निर्वाचन क्षेत्रभित्रका मतदान केन्द्रका लागि आवश्यक पर्ने मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारी तथा सहयोगी कर्मचारी नियुक्त गरी मतदान केन्द्रमा खटाउने, सुरक्षाको दृष्टिले अति संवेदनशील वा संवेदनशील र उच्च जोखिममा रहेका मतदान केन्द्रमा कर्मचारी खटाउँदा प्रमुख जिल्ला अधिकारीको समेत राय परामर्श लिनु पर्ने,

(घ) आयोगले उपलब्ध गराएका मतपत्र तथा अन्य निर्वाचन सामाग्री रुजु गरी बुझी लिने,

(ङ) सहायक निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीलाई निर्वाचन तथा मतदान सम्बन्धी प्रक्रियाको विषयमा अभिमुखीकरण गर्ने वा गराउने,

(च) आयोगबाट प्राप्त मतपत्र लगायतका निर्वाचन सामाग्री मतदान अधिकृतलाई उपलब्ध गराउने,

(छ) मतदान केन्द्र तथा मतगणना गर्ने स्थान र मतदान तथा मतगणना कार्यमा खटिने कर्मचारीको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(ज) मतदानको दिन विभिन्न घुम्ती टोली समेत खटाई मतदान केन्द्रमा मतदान कार्यको अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने वा गराउने,

(झ) मतदान कार्य समाप्त भएपछि मतगणना गर्ने स्थानमा प्राप्त भएका मतपेटिका बुझी सुरक्षित साथ राख्ने,

(ञ) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

(ट) मतगणना कार्य प्रारम्भ भएपछि समय-समयमा मतगणना परिणामको बारेमा मतगणनास्थलमा जानकारी गराई सोको विवरण आयोगमा पठाउने,

(ठ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणामको घोषणा गर्ने,

(ड) निर्वाचन सम्पन्न भएपछि सोको परिणाम निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र आयोगमा पठाउने,

निर्वाचन आयोग, नेपाल

(ढ) समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको मतगणना कार्य सम्पन्न भए  पछि सोको विवरण समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको लागि नियुक्त निर्वाचन अधिकृत समक्ष पठाउने,

(ण) निर्वाचन सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयमा रहेका निर्वाचन सामग्री तथा कागजातहरु निर्वाचन कार्यालयमा बुझाउने,

(त) आयोगबाट स्वीकृत आर्थिक निर्देशिकामा उल्लेख भए बमोजिम खर्च लेख्ने र लेखा राख्ने,

(थ) निर्वाचन सम्बन्धी सम्पूर्ण खर्चको सम्बन्धमा सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराई सोको प्रमाणित आय-व्यय विवरण सहितको सम्पूर्ण श्रेस्ता अन्तिम लेखा परीक्षणको लागि आयोगले तोकेको समयावधि भित्र आयोगमा बुझाउने,

(द) निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक व्यवस्था गर्ने,

(ध) आचार संहिता पालना गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) आचार संहिताको पालना गर्नु पर्ने कर्तव्य भएका दल, उम्मेदवार तथा तिनका प्रतिनिधि, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, आमसञ्चारका माध्यम (छापा तथा विद्युतीय), निजी तथा गैर सरकारी संस्था, पर्यवेक्षक लगायतका सबै निकाय, संस्था तथा व्यक्तिलाई निर्वाचन आचार संहिताको पालना गर्न लगाउने,

(२) उपखण्ड (१) बमोजिम आचार संहिताको पालना गर्नुपर्ने कर्तव्य भएका निकाय, संस्था वा व्यक्तिबाट आचार संहिता उल्लङ्घन भएको देखिए, बुझिए वा सुनिएमा आवश्यकता अनुसार स्थानीय प्रशासन वा सुरक्षा निकायको सहयोग लिई त्यस्तो कार्य रोक्ने वा रोक्न लगाउने,

(३) उपखण्ड (१) र (२) बमोजिमको विवरण तुरुन्त मुख्य निर्वाचन अधिकृतको कार्यालय र आयोगमा पठाउने ।

(न) निर्वाचन सम्पन्न भएपछि त्यसको प्रतिवेदन तयार गरी मुख्य निर्वाचन अधिकृत समक्ष बुझाउने,

(प) निर्वाचन सम्बन्धी प्रचलित कानूनी व्यवस्था र निर्वाचन आयोगले समय-समयमा दिएका आदेश तथा निर्देशनको अधीनमा रही निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने अन्य सबै कार्य गर्ने,

(फ) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिमको अधिकार प्रयोग गर्ने ।

**५. निर्वाचन अधिकृत आयोगप्रति उत्तरदायी हुने** : निर्वाचन अधिकृत निर्वाचन सम्बन्धी सम्पूर्ण कामको लागि आयोगप्रति उत्तरदायी हुनेछ ।

६. **सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको नियुक्ति** : (१) निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी कार्य सञ्चालनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारीमध्येबाट आयोगले तोकेको सङ्ख्यामा सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारी नियुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीले निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही निर्वाचन सम्बन्धी काममा निर्वाचन अधिकृतलाई सहयोग गर्नु पर्नेछ ।

७. **अधिकार प्रत्यायोजन** : निर्वाचन अधिकृतले ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम आफूलाई प्राप्त निर्वाचन सम्बन्धी केही अधिकार सहायक निर्वाचन अधिकृत वा निर्वाचनको काममा खटिएका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा मनोनयनपत्र जाँच गर्ने, मनोनयनपत्र सदर वा बदर गर्ने, मत सदर वा बदर गर्ने र मतगणनाको अन्तिम परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

## परिच्छेद-३

## मतदान अधिकृत र अन्य कर्मचारी

८. **मतदान अधिकृतको नियुक्ति** : (१) निर्वाचन अधिकृतले दफा ३ को उपदफा (४) को खण्ड (ख) बमोजिम प्राप्त नामावली अनुसारका कर्मचारी वा शिक्षकमध्येबाट प्रत्येक मतदान केन्द्रको लागि एक-एक जना मतदान अधिकृत नियुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृत नियुक्त गर्दा कर्मचारीको हकमा निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी नियुक्त गर्नु पर्नेछ ।

(३) गाउँपालिकाको मतदान केन्द्रमा सामान्यतयाः राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिकाको मतदान केन्द्रमा सामान्यतयाः राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षकलाई मतदान अधिकृत नियुक्त गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान अधिकृत नियुक्त गर्दा कर्मचारी वा शिक्षक नपुग भएमा सोभन्दा एक तहमुनिको कर्मचारी वा शिक्षकलाई मतदान अधिकृत नियुक्त गर्न सकिनेछ ।

(५) मतदान प्रभावित पार्न सक्ने गरी कसैले कुनै खास कर्मचारी वा शिक्षकलाई कुनै मतदान केन्द्रमा खटाउन माग गरेमा त्यस्तो कर्मचारी वा शिक्षकलाई सो मतदान केन्द्रमा खटाउनु हुँदैन ।

९. **मतदान अधिकृतको काम, कर्तव्य र अधिकार** : ऐन, नियमावली र यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त मतदान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदान अधिकृतमा नियुक्त भएपछि आयोगले व्यवस्था गरेको निर्वाचन सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रममा भाग लिने,

(ख) निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराइएका मतपत्र लगायतका निर्वाचन सामग्री रुजु गरी बुझी लिने,

(ग) निर्वाचन कार्यालयबाट उपलब्ध गराइएको मतदातालाई वितरण गर्नु पर्ने मतदाता परिचयपत्र तथा मतदान केन्द्र सम्बन्धी अन्य निर्वाचन सामग्री रुजु गरी बुझी लिने,

(घ) आफूलाई तोकिएको मतदान केन्द्रमा खटाईएका सहायक मतदान अधिकृत, अन्य कर्मचारी तथा सुरक्षाकर्मीसँग समन्वय गर्ने,

(ङ) आफू खटिएको मतदान केन्द्रमा खटाइएका अन्य कर्मचारीलाई कामको बाँडफाँड गरी मतदानको काममा लगाउने,

(च) आफू खटिएको मतदान केन्द्रमा पुग्ने कार्यक्रम निर्धारण गरी त्यस्तो मतदान केन्द्रमा खटिएका कर्मचारीलाई जानकारी गराउने,

(छ) आफू खटिएको मतदान केन्द्रमा तोकिएको समयभित्र पुगी दफा ६५ बमोजिम मतदान केन्द्र निर्माण गर्ने,

(ज) सुरक्षा, भौगोलिक कठिनाई तथा अन्य कुनै मनासिब कारणले तोकिएको मतदान केन्द्रमा निर्वाचन सम्पन्न गराउन नसकिने भई तत्काल अर्को मतदान केन्द्र स्थापना गर्नु पर्ने अवस्था भएमा त्यसको जानकारी तुरुन्त निर्वाचन अधिकृतलाई गराउने,

(झ) आफू खटिएको मतदान केन्द्रमा मतदान गर्ने मतदाताहरुलाई मतदान हुने दिन भन्दा अगावै मतदाता परिचयपत्र वितरण गर्ने,

(ञ) मतदान कार्यमा सहयोग गर्न आयोगले तोकेको सङ्ख्यामा स्वयंसेवक नियुक्त गर्ने,

(ट) मतदान कार्यलाई सहज तरिकाले सम्पन्न गर्न दल तथा उम्मेदवारका स्थानीय प्रतिनिधिसँग समन्वय गर्ने,

(ठ) मतदान कार्यलाई सुचारु तरिकाले अघि बढाउन चनाखो भई मतदान कार्यको निरन्तर अनुगमन गर्ने,

(ड) मतदानको दिन मतदान कार्यको सम्बन्धमा भई रहेको गतिविधि बारे समय- समयमा निर्वाचन अधिकृतलाई जानकारी गराउने,

(ढ) मतदानको दिन मतदान केन्द्रमा आउने विभिन्न घुम्ती टोली, पर्यवेक्षक, पत्रकार, अनुगमनकर्ता र सुरक्षाकर्मीलाई मतदान कार्यको अवस्था बारे जानकारी दिने,

(ण) आचार संहिता सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) आचार संहिता पालना गर्नु पर्ने कर्तव्य भएका दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरूलाई निर्वाचन आचारसंहिता पालना गर्न लगाउने,

(२) आवश्यकता अनुसार स्थानीय प्रशासन एवम् प्रहरीको सहयोग समेत लिई आचार संहिता उल्लङ्घन हुन नदिने,

निर्वाचन आयोग, नेपाल

(३) कसैले निर्वाचन आचार संहिता उल्लङ्घन गरेको देखिए, बुझिए वा सुनिएमा त्यस्तो कार्य तुरुन्त रोक्न लगाउने,

(४) निर्वाचन आचार संहिता उल्लङ्घन भएको सम्बन्धमा गरेको कारबाहीको जानकारी निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त दिने ।

(त) निर्वाचन पर्यवेक्षणको सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) निर्वाचनको लागि आयोग वा निर्वाचन अधिकृतको कार्यालयबाट पर्यवेक्षण गर्न अनुमति प्राप्त गरेका पर्यवेक्षकलाई आफू खटिएको मतदान केन्द्रमा निर्वाचन पर्यवेक्षण गर्न आएमा आवश्यक सहयोग गर्ने, गराउने,

(२) पर्यवेक्षकलाई निर्वाचनको पर्यवेक्षण गर्न दिंदा मतदान भइरहेको समयमा मतपत्र, मतदाता नामावली, स्वस्तिक छाप, छापदानी तथा मतपेटिका जस्ता मतदान सामग्री छुन वा मतदान कक्षमा प्रवेश गरी मतदाताले मतसङ्केत गरी रहेको अवस्थामा हेर्न नदिने,

तर मतदाताले आफ्नो मत जाहेर गरी सकेपछि मतपेटिकामा मतपत्र खसाल्दाको दृश्य भने पर्यवेक्षकलाई टाढाबाट हेर्न दिन सकिनेछ ।

(थ) मतदान कार्य सम्पन्न भएपछि मुचुल्का गराई सिलबन्दी गर्नु पर्ने मतपेटिका तथा अन्य निर्वाचन सामग्री सुरक्षित तरिकाले निर्वाचन अधिकृतलाई बुझाउने,

(द) निर्वाचन अधिकृतबाट अधिकार प्रत्यायोजन गरे बमोजिमका अन्य काम गर्ने,

(ध) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिमको अधिकार प्रयोग गर्ने ।

(२) ऐन, नियमावली, यस निर्देशिका वा आयोगले समय-समयमा जारी गरेको आदेश वा निर्देशन बमोजिमको मतदान सम्बन्धी सम्पूर्ण काम स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गराउनु मतदान अधिकृतको कर्तव्य हुनेछ ।

**१०. <u>सहायक मतदान अधिकृत तथा अन्य कर्मचारीको नियुक्ति</u>** : (१) निर्वाचन अधिकृतले दफा ३ को उपदफा (४) को खण्ड (ख) बमोजिम प्राप्त नामावली अनुसारका कर्मचारी वा शिक्षकमध्येबाट प्रत्येक मतदान केन्द्रमा आयोगले तोकेको सङ्ख्यामा सहायक मतदान अधिकृत तथा अन्य कर्मचारी नियुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहायक मतदान अधिकृत र अन्य कर्मचारी नियुक्त गर्दा कर्मचारीको हकमा निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी नियुक्त गर्नु पर्नेछ ।

(३) गाउँपालिकाको मतदान केन्द्रमा सामान्यतयाः राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिकाको मतदान केन्द्रमा सामान्यतयाः राजपत्राङ्कित

निर्वाचन आयोग नेपाल

तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षकलाई सहायक मतदान अधिकृत नियुक्त गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त गर्दा कर्मचारी वा शिक्षक नपुग भएमा र दफा ८ को उपदफा (४) बमोजिम मतदान अधिकृत नियुक्ति भएको अवस्थामा सोभन्दा एक तहमुनिको कर्मचारी वा शिक्षकलाई सहायक मतदान अधिकृत नियुक्त गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिम प्रत्येक मतदान केन्द्रमा खटिने कर्मचारीको सङ्ख्या आयोगद्वारा स्वीकृत जनशक्ति व्यवस्थापन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

(६) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम नियुक्त भएका सहायक मतदान अधिकृत र अन्य कर्मचारीको विवरण सम्बन्धित मतदान अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) मतदान प्रभावित पार्न सक्ने गरी कसैले कुनै खास कर्मचारी वा शिक्षकलाई कुनै मतदान केन्द्रमा खटाउन माग गरेमा त्यस्तो कर्मचारी वा शिक्षकलाई सो मतदान केन्द्रमा खटाउनु हुँदैन ।

११. **सहायक मतदान अधिकृत तथा अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार** : (१) सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारीले मतदान अधिकृतको प्रत्यक्ष नियन्त्रण एवं निर्देशनको अधीनमा रही मतदान सम्बन्धी सम्पूर्ण कार्य स्वतन्त्र र निष्पक्ष भई सञ्चालन गर्नु पर्नेछ ।

(२) सहायक मतदान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू खटिएको मतदान केन्द्रमा मतदान सम्पन्न गर्न मतदान अधिकृतलाई सहयोग गर्ने,

(ख) मतदानलाई मर्यादित र व्यवस्थित बनाउन मतदान केन्द्रमा खटिएका मतदान प्रतिनिधि बीच समन्वय गर्ने,

(ग) मतदान केन्द्रमा तयार गर्नु पर्ने मुचुल्का तयार गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराउने,

(घ) मतदान अधिकृतले खटाए बमोजिमका मतदान सम्बन्धी अन्यको जिम्मेवारी पूरा गर्ने,

(ङ) मतदान केन्द्रमा मतदान अधिकृतले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको अवस्थामा मतदान अधिकृतको रुपमा कार्य गरी मतदान सम्पन्न गर्ने वा गराउने ।

(३) आफू खटिएको मतदान केन्द्रमा मतदान सम्पन्न गर्न मतदान अधिकृतलाई सहयोग गर्नु र मतदान अधिकृतले खटाए बमोजिमको जिम्मेवारी पूरा गर्नु मतदान केन्द्रमा खटिएका सबै कर्मचारी एवं सुरक्षाकर्मीको कर्तव्य हुनेछ ।

## परिच्छेद-४

## मतदाता नामावली

१२. **आयोगले मतदाता नामावली उपलब्ध गराउने** : आयोगले दलको औपचारिक पत्रको आधारमा फोटो बाहेकको मतदाता नामावली विद्युतीय रुप (सिडी) मा देहाय बमाजिमको दस्तूर लिई उपलब्ध गराउन सक्नेछ :-

(क) देशभरको मतदाता नामावलीको लागि तीन हजार रुपैयाँ,

(ख) कुनै एक प्रदेशको मतदाता नामावलीको लागि दुई हजार रुपैयाँ,

(ग) कुनै एक जिल्लाको मात्र मतदाता नामावलीको लागि एक हजार पाँच सय रुपैयाँ,

(घ) प्रतिनिधि सभा सदस्यको कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीको लागि एकहजार रुपैयाँ,

(ङ) प्रदेश सभा सदस्यको कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीको लागि पाँच सय रुपैयाँ ।

१३. **निर्वाचन अधिकृतले मतदाता नामावली उपलब्ध गराउने** : (१) निर्वाचन अधिकृतले कुनै मतदाता, दलको प्रतिनिधि वा उम्मेदवारले मतदाता नामावली हेर्न वा आफ्नै खर्चमा सार्न चाहेमा मतदाता नामावली च्यात्न, बिगार्न वा केरमेट गर्न नपाउने गरी हेर्न वा सार्न दिनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचन आयोगको वेभसाइट www.election.gov.np मा रहेको फोटो सहितको मतदाता नामावली सम्बन्धित मतदाताले र फोटो बाहेकको मतदाता नामावली जोसुकैले हेर्नसक्ने कुराको जानकारी मतदाता, दल र उम्मेदवारलाई दिनु पर्नेछ ।

(३) उम्मेदवार हुन वा कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक हुन चाहने व्यक्तिले मतदाता नामावलीको उतार लिन चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा निर्वाचन अधिकृतसमक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतको कार्यालयले अनुसूची-२ बमोजिम मतदाता नामावली उतार गरी कार्यालयको छाप लगाई उतार गर्ने कर्मचारीले समेत सहीछाप गरी दिनु पर्नेछ ।

१४. **निर्वाचन कार्यालयले मतदाता नामावली उपलब्ध गराउने** : (१) कुनै मतदाता, उम्मेदवार वा सरोकारवाला व्यक्तिले मतदाता नामावली लिन चाहेमा र निर्वाचन कार्यालयमा त्यस्तो मतदाता नामावली उपलब्ध भएमा सो कार्यालयले प्रति पृष्ठ तीन रुपैयाँका दरले हुन आउने रकम लिई त्यस्तो मतदाता नामावलीको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

(२) निर्वाचन कार्यालयले निर्वाचन आयोगको वेभसाइट www.election.gov.np मा रहेको फोटो सहितको मतदाता नामावली सम्वन्धित मतदाताले र फोटो बाहेकको मतदाता नामावली जोसुकैले हेर्न सक्ने कुराको जानकारी मतदाता, दल र उम्मेदवारलाई दिनु पर्नेछ ।

(३) उम्मेदवार हुन वा कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक हुन चाहने व्यक्तिले मतदाता नामावलीको उतार लिन चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा निर्वाचन कार्यालयमा निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा निर्वाचन कार्यालयले अनुसूची-२ बमोजिम मतदाता नामावली उतार गरी कार्यालयको छाप लगाई उतार गर्ने कर्मचारीले समेत सहीछाप गरी दिनु पर्नेछ ।

## परिच्छेद-५

## निर्वाचन कार्यक्रम

१५. **निर्वाचन कार्यक्रम तयार गर्ने** : (१) आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि छुट्टाछुट्टै निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गर्नेछ ।

(२) आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि देहाय बमोजिमका कार्यक्रम क्रमबद्ध रुपमा उल्लेख गरी अनुसूची-३ बमोजिम निर्वाचन कार्यक्रम तयार गरी त्यस्तो कार्यक्रम सञ्चालन गरिने मिति, समय र स्थान समेत तोक्नु पर्नेछ :-

(क) उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने,

(ख) मनोनयन पत्र दर्ता भएको उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने,

(ग) उम्मेदवारको विरोधमा उजूरी दिन सकिने,

(घ) मनोनयनपत्र र उजूरी उपर जाँचबुझ गर्ने,

(ङ) उम्मेदवारको नामावली प्रकाशन गर्ने,

(च) उम्मेदवारले नाम फिर्ता लिन सक्ने,

(छ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,

(ज) उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने, र

(झ) मतदान गर्ने ।

(३) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि निर्वाचन कार्यक्रम सम्बन्धी व्यवस्था आयोगद्वारा स्वीकृत समानुपातिक निर्वाचन सम्बन्धी निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ ।

१६. **निर्वाचन कार्यक्रम प्रकाशन गर्ने :** निर्वाचन अधिकृतले आयोगले प्रकाशन गरेको दफा १५ बमोजिमको निर्वाचन कार्यक्रम कार्यालय स्थापना गरेको दिन आफ्नो कार्यालयमा प्रकाशन गरी अनुसूची-४ बमोजिमको मुचुल्का गराउनु पर्नेछ ।

## परिच्छेद-६

## उम्मेदवारको मनोनयन

१७. **उम्मेदवारको योग्यता** : कुनै व्यक्ति निर्वाचनमा उम्मेदवार हुन देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) नेपालको नागरिक,

(ख) प्रतिनिधि सभा सदस्य निर्वाचनको हकमा कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र प्रदेश सभा सदस्य निर्वाचनको हकमा सम्बन्धित प्रदेशको कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(ग) पच्चीस वर्ष उमेर पूरा भएको,

(घ) कुनै सङ्घीय कानूनले अयोग्य नभएको, र

(ङ) कुनै लाभको पदमा बहाल नरहेको ।

स्पष्टीकरण : खण्ड (ङ) को प्रयोजनको लागि “लाभको पद” भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

१८. **उम्मेदवारको अयोग्यता** : देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :-

(क) दफा १७ बमोजिमको योग्यता नभएको,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तब्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(च) जातीय भेदभाव तथा छुवाछुत, बोक्सा बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(छ) खण्ड (घ) र (ङ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(झ) कैदमा बसेकोमा कैद बसेको अवधिभर,

(ञ) मानसिक सन्तुलन ठीक नभएको,

(ट) संविधानको धारा २९१ विपरीत विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

१९. **उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने** : (१) सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भई सकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने कसैलाई लागेमा सो विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत आयोग समक्ष उजूरी दिन सक्नेछ

(२) उपदफा (१) बमोजिम उजूरी प्राप्त भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई सात दिनको म्याद दिई त्यस सम्बन्धमा स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्टीकरण प्राप्त भएपछि वा म्यादभित्र स्पष्टीकरण प्राप्त नभएमा सोही व्यहोरा उल्लेख गरी निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम परेको उजूरी र तत्सम्बन्धी कागजात यथाशीघ्र आयोगमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उजूरी सहितका कागजात प्राप्त भएपछि आयोगले चाहेमा सो विषयमा सम्बन्धित उम्मेदवारसँग बुझ्न वा थप प्रमाण माग गर्न सक्नेछ ।

(५) आयोगले उपदफा (३) बमोजिम निर्वाचन अधिकृतबाट प्राप्त उजूरी सहितका कागजात जाँचबुझ गरी उजूरी प्राप्त भएको मितिले सात दिनभित्र त्यस्तो उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गरी सक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गर्दा अपनाउनु पर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कुनै उम्मेदवारको अयोग्यताका सम्बन्धमा यस दफा बमोजिम निर्णय गरी नसकेको कारणबाट मात्र त्यस्तो निर्वाचनको काम कारबाहीमा कुनै असर पर्ने छैन ।

२०. **मनोनयनपत्र पेश गर्ने** : (१) निर्वाचनमा उम्मेदवार हुन पाउने योग्यता पुगेको व्यक्तिले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा मनोनयनपत्र पेश गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनोनयनपत्र पेश गर्दा वा गराउँदा एक जनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सहीछाप गरेको हुनु पर्नेछ । त्यस्तो प्रस्तावक र समर्थक सोही निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति हुनु पर्नेछ र निजले आफ्नो नाम मतदाता नामावलीमा समावेश भएको निस्सा समेत मनोनयनपत्र साथ संलग्न गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिको मनोनयनपत्र पेश गर्दा वा गराउँदा फरक-फरक व्यक्ति प्रस्तावक र समर्थक रहेका बढीमा दुईवटा मनोनयनपत्र पेश गर्न वा गराउन सकिनेछ ।

(४) उपदफा (१) बमोजिम उम्मेदवारको मनोनयन गर्दा अनुसूची-५ बमोजिम मनोनयन गर्नु पर्नेछ र प्रस्तावित व्यक्तिले मनोनयन पत्रमा आफ्नो मञ्जुरी लेखी सहीछाप समेत गरेको हुनु पर्नेछ ।

२१. **दलको औपचारिक पत्र पेश गर्नु पर्ने** : (१) दलले आफ्नो तर्फबाट प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीलाई तोक्नु पर्नेछ ।

(२) दलले आफ्नो तर्फबाट प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समिति वा प्रदेश समितिको पदाधिकारीलाई तोक्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिले तोकेको सो समितिको पदाधिकारीले प्रमाणित गरी उम्मेदवारको लागि मनोनयनपत्र दाखिला गर्ने मिति अगावै आयोगले तोकेको अवधिभित्र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) आयोगले उपदफा (३) बमोजिमको दस्तखत नमूना सहितको विवरण मनोनयन पत्र दर्ता गर्न तोकिएको मिति अगावै सम्बन्धित निर्वाचन अधिकृत समक्ष पठाई सक्नु पर्नेछ ।

(५) दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिले सो दलले उम्मेदवार मनोनयन गरेको अनुसूची-६ बमोजिमको औपचारिक पत्र मनोनयन पत्र साथ संलग्न गर्नु पर्नेछ ।

(६) एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमाा सहभागी हुने दलहरुको तर्फबाट औपचारिक पत्रमा दस्तखत गर्न अलग अलग पदाधिकारीको दस्तखत नमूना पेश भएकोमा अनुसूची-७ बमोजिमको औपचारिक पत्र पेश गर्नु पर्नेछ ।

(७) दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिको हकमा यस दफा बमोजिमको रीत नपुऱ्याई मनोनयनपत्र दाखिला भएमा त्यस्तो उम्मेदवारलाई सो दलको उम्मेदवारको रुपमा मान्यता दिइने छैन ।

२२. **उम्मेदवारले धरौटी राख्ने** : (१) कसैले दफा २० बमोजिम उम्मेदवारको मनोनयनपत्र पेश गर्दा देहाय बमोजिमको रकम धरौटी राख्नु पर्नेछ :-

(क) प्रतिनिधिसभा सदस्यको लागि दश हजार रुपैयाँ,

(ख) प्रदेश सभा सदस्यको लागि पाँच हजार रुपैयाँ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनका लागि “आर्थिक रुपले विपन्न व्यक्ति” भन्नाले वार्षिक पारिवारिक आय पचास हजार रुपैयाँभन्दा कम भएको भनी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ ।

(३) उपदफा (१) बमोजिमको धरौटी राख्दा निर्वाचन अधिकृतको कार्यालयमा नगदै दाखिला गरी सोको नगदी रसिद वा आयोगले तोकेको धरौटी खातामा रकम जम्मा गरिएको सक्कल बैंक भौचर मनोनयनपत्रसाथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

(४) कुनै उम्मेदवारको दुई वटा मनोनयनपत्र दाखिला भएको अवस्थामा एउटा मनोनयनपत्रको लागि मात्र धरौटी राख्नु पर्नेछ ।

२३. **मनोनयनपत्र साथ उम्मेदवारले पेश गर्नु पर्ने कागजात** : दफा २० बमोजिम मनोनयन पत्र पेश गर्दा उम्मेदवारले देहायका कागजातहरू समेत पेश गर्नु पर्नेछ :-

(क) उम्मेदवारको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि,

(ख) उम्मेदवार, प्रस्तावक र समर्थकको मतदाता नामावलीमा नाम रहेको निस्सा वा मतदाता परिचयपत्रको प्रतिलिपि,

(ग) दफा २२ बमोजिम धरौटी जम्मा गरेको नगदी रसीद वा बैङ्क भौचर,

(घ) दलको उम्मेदवारको हकमा दफा २१ बमोजिमको औपचारिक पत्र ।

२४. **मनोनयनपत्र दर्ता गराउने आधिकारिक व्यक्ति** : उम्मेदवार हुने व्यक्ति, निजले अनुसूची-८ बमोजिम मुकरर गरेको प्रतिनिधि, उम्मेदवारको प्रस्तावक वा समर्थकले उम्मेदवारको मनोनयन पत्र निर्वाचन अधिकृत समक्ष दर्ता गराउनु पर्नेछ।

२५. **उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने** : (१) दफा २० बमोजिम पेश भएको मनोनयनपत्र सम्बन्धित निर्वाचन अधिकृतले देहाय बमोजिम जाँचबुझ गरी रीतपूर्वकको भए दर्ता गरी सोको निस्सा मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्नेछ :-

(क) मनोनयनपत्रमा भर्नु पर्ने सम्पूर्ण विवरण भरिएको छ, छैन,

(ख) मनोनयनपत्रमा मनोनीत उम्मेदवार, प्रस्तावक र समर्थकले सहीछाप गरेको छ, छैन,

(ग) धरौटी वापतको रकम दफा २२ को उपदफा (३) बमोजिमको धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा निर्वाचन अधिकृतको कार्यालयमा नगद धरौटी राखेको नगदी रसिद संलग्न छ, छैन,

(घ) उम्मेदवार हुने व्यक्ति, निजको प्रस्तावक र समर्थकको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा संलग्न छ, छैन,

(ङ) दलको तर्फबाट निर्वाचनका लागि उम्मेदवार मनोनयन गरेको भए दफा २१ बमोजिमको मनोनयनको औपचारिकपत्र संलग्न छ, छैन,

(च) फरक फरक उम्मेदवारको मनोनयनपत्र वा एउटै उम्मेदवारको दुई वटा मनोनयनपत्रमा प्रस्तावक वा समर्थक दोहोरिएका छन, छैनन्।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम जाँचबुझ गर्दा रीतपूर्वकको भए अनुसूची-९ बमोजिम मनोनयनपत्र दर्ता किताबमा त्यस्तो मनोनयनपत्र दर्ता गरी अनुसूची-१० बमोजिमको निस्सा मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्नेछ।

(३) कसैले प्रस्तावक वा समर्थक नभएको, प्रस्तावक वा समर्थक दोहोरिएको, दफा २२ बमोजिमको धरौटी राखेको निस्सा नभएको, प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहीछाप नभएको वा अन्य रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा निर्वाचन अधिकृतले रीत नपुगेको जति कुरा सच्याउन लगाई त्यस्तो मनोनयनपत्र दर्ता गर्नु पर्नेछ।

(४) कसैले उपदफा (३) बमोजिमको रीत नपुगेको कुरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा उल्लेख गरी मनोनयनपत्र दर्ता गरी दिनु पर्नेछ र सोको सूचना अनुसूची-११ बमोजिम तयार गरी एकप्रति मनोनयनपत्र साथै राखी अर्को एक प्रति मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्नेछ।

२६. **उम्मेदवारको उमेरको गणना** : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवारको उमेर गणना गर्दा मनोनयनपत्र दर्ता गर्ने मितिसम्ममा पच्चीस वर्ष उमेर पूरा भएको हुनु पर्नेछ।

२७. **एउटा निर्वाचन क्षेत्रमा मात्र उम्मेदवारी दिन सक्ने** : (१) एक व्यक्तिले एक पटकमा कुनै एक निर्वाचन क्षेत्रका लागि मात्र उम्मेदवारी दिन सक्नेछ।

(२) कसैले उपदफा (१) विपरीत उम्मेदवारी दिएमा निर्वाचन अधिकृतले सोको जानकारी तुरुन्त आयोगलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएमा आयोगले त्यस्तो उम्मेदवारले उम्मेदवारी दिएका सबै निर्वाचन क्षेत्रको उम्मेदवारी बदर गर्नेछ।

२८. **दोहोरो उम्मेदवार हुन नपाउने** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार भएको व्यक्तिलाई समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि उम्मेदवारको बन्दसूचीमा नाम समावेश गर्न र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

(२) प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवारी दिएको व्यक्तिले प्रदेश सभा सदस्य पदमा र प्रदेश सभा सदस्य पदमा उम्मेदवारी दिएको व्यक्तिले प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवारी दिन पाउने छैन ।

(३) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि एउटा व्यक्तिको नाम एकभन्दा बढी दलको उम्मेदवारको बन्दसूचीमा समावेश गर्न पाइने छैन ।

(४) कुनै व्यक्ति उपदफा (१) वा (२) विपरीत उम्मेदवार भएको वा उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको जानकारी पाएमा निर्वाचन अधिकृतले सोको विवरण यथाशीघ्र आयोगमा पठाउनु पर्नेछ ।

(५) कुनै व्यक्तिको नाम एक भन्दा बढी दलको बन्दसूचीमा समावेश भएको वा कुनै व्यक्तिको नाम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि पेश भएको उम्मेदवारको बन्दसूचीमा समावेश भएको पाइएमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि आयोगले नियुक्त गरेको निर्वाचन अधिकृतले सोको जानकारी तुरुन्त आयोगलाई दिनु पर्नेछ ।

(६) उपदफा (१) विपरीत कसैले उम्मेदवारी दिएको पाइएमा आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन तर्फको उम्मेदवारी बदर गर्नेछ ।

(७) उपदफा (२) विपरीत कसैले उम्मेदवारी दिएको पाइएमा आयोगले दुवै निर्वाचन तर्फको उम्मेदवारी बदर गर्नेछ ।

(८) उपदफा (३) विपरीत कुनै व्यक्तिको नाम एक भन्दा बढी दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा समावेश भएको पाइएमा आयोगले त्यस्तो व्यक्तिको नाम त्यस्ता सबै दलको बन्दसूचीबाट हटाउनेछ ।

(९) उपदफा (३) विपरीत कुनै व्यक्तिको नाम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि पेश भएको उम्मेदवारको बन्दसूचीमा समावेश भएको पाइएमा आयोगले त्यस्तो व्यक्तिको नाम दुवै निर्वाचन तर्फको बन्दसूचीबाट हटाउनेछ ।

२९. **उम्मेदवारको सूची प्रकाशन गर्ने** : मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले दफा २५ बमोजिम दर्ता भएको मनोनयनपत्रमा उल्लिखित सबै उम्मेदवारको सूची अनुसूची-१२ बमोजिम तयार गरी एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र अर्को एक प्रति आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

३०. **दाबी विरोधमा उजूरी दिन सक्ने** : (१) दफा २९ बमोजिम प्रकाशित उम्मेदवारको सूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यताको सम्बन्धमा कुनै उम्मेदवार वा निजको प्रतिनिधिले उजूरी दिन चाहेमा निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृत समक्ष अनुसूची-१३ बमोजिम उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैले उजूरी दिएमा निर्वाचन अधिकृतले सो उजूरी अनुसूची-१४ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची-१५ बमोजिमको भरपाई सम्बन्धित उजूरीकर्तालाई दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम बमोजिम दाबी विरोधमा उजूरी गर्ने म्याद समाप्त भएपछि तोकिएको समयभित्र दर्ता हुन आएका उजूरीको विवरण अनुसूची-१६ बमोजिम तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ । यसरी प्रकाशन गरिने सूचनामा जसका विरुद्ध उजूरी परेको हो सो पक्षले सो सूचनामा तोकिएको समयमा प्रमाण सहित उपस्थित हुनु पर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

३१. **मनोनयनपत्रको जाँच गर्ने** : (१) दफा २५ बमोजिम दर्ता भएको मनोनयनपत्र जाँच गर्दा निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा उम्मेदवार वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक उपस्थित हुनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमका व्यक्तिको उपस्थितिमा सम्पूर्ण उम्मेदवारको मनोनयनपत्र जाँच गर्नु पर्नेछ ।

तर त्यसरी उपस्थित हुनु पर्ने कुनै उम्मेदवार वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र सो विषयमा कानून बमोजिम निर्णय गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) निर्वाचन अधिकृतले यस दफा बमोजिम मनोनयनपत्रको जाँच गर्दा दफा ३० बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(४) मनोनयनपत्र जाँच गर्दा कुनै निर्वाचन क्षेत्रमा एकै व्यक्तिको दुईवटा मनोनयनपत्र दर्ता भएकोमा त्यस्ता मनोनयनपत्र रीतपूर्वकका रहेछन् भने निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थकको इच्छा अनुसार कुनै एउटा मनोनयनपत्र कायम गर्नु पर्नेछ ।

तर सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक उपस्थित नभएमा निर्वाचन अधिकृतले पहिले दर्ता भएको मनोनयनपत्र कायम गरी अर्को मनोनयनपत्र खारेज गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम मनोनयनपत्रको जाँच गर्दा कानून बमोजिम रीत पुगेका मनोनयनपत्र स्वीकृत गर्नु पर्नेछ ।

(६) निर्वाचन अधिकृतले यस दफा बमोजिम मनोनयनपत्रको जाँच गर्दा कुनै मनोनयनपत्र रीत नपुगेको देखिएमा त्यस्तो मनोनयनपत्र खारेज गर्नु पर्नेछ ।

३२. **काम स्थगित गर्न नहुने** : निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा मनोनयनपत्र जाँच गर्ने काम प्रारम्भ नगर्दै वा प्रारम्भ गरी सकेपछि सबै मनोनयनपत्रको जाँच गर्ने कार्य सम्पूर्ण रुपमा समाप्त नगरी बीचमा स्थगित गर्न सक्ने छैन ।

३३. **मनोनयनपत्रको जाँच स्थगित गर्न सकिने** : (१) दफा ३२ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा निर्वाचन अधिकृतले मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्न सक्नेछ :-

(क) मनोनयनपत्र जाँच गर्ने समयमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भएमा, वा

(ख) प्राकृतिक विपद्को कारणले काबुबाहिरको परिस्थिति उत्पन्न भएमा ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा मनोनयनपत्र जाँच गर्ने कार्य स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले मनोनयनपत्र जाँच गर्ने कार्य स्थगित गर्नु परेको कारण समेत उल्लेख गरी मनोनयनपत्र जाँच गर्न तोकिएको स्थानमा अनुसूची-१७ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ र सो सूचनामा मनोनयनपत्र जाँच गर्ने मिति, समय र स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मनोनयनपत्र जाँच गर्ने काम स्थगित गर्दा केही मनोनयनपत्रको जाँच गर्ने कार्य पूरा भई सकेको रहेछ भने पुनः तोकिएको मिति, समय र स्थानमा जाँच गर्न बाँकी रहेका मनोनयनपत्रको मात्र जाँच गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम मनोनयनपत्रको जाँच स्थगित गरिएको जानकारी निर्वाचन अधिकृतले आयोगलाई गराउनु पर्नेछ ।

३४. **मनोनयनपत्र बदर हुने** : निर्वाचन अधिकृतले दफा ३१ बमोजिम मनोनयनपत्रको जाँच गर्दा देहाय बमोजिमको अवस्थाको मनोनयनपत्र बदर गर्नु पर्नेछ :-

(क) संविधान, ऐन र दफा १७ बमोजिम उम्मेदवारको योग्यता नभएमा,

(ख) उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा वा निज वा निजको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा कीर्ते सहीछाप भएमा,

(ग) निर्वाचन कार्यक्रम बमोजिम मनोनयनपत्र दर्ता गर्न तोकिएको समयभित्र मनोनयनपत्र दर्ता नभएमा,

(घ) प्रतिनिधि सभा सदस्यको निर्वाचनको हकमा कुनै गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश नभएको र प्रदेश सभा सदस्यको निर्वाचनको हकमा सम्बन्धित प्रदेशभित्रको कुनै गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश नभएको,

(ङ) दफा २०, २३ र २५ मा लेखिए बमोजिम मनोनयनपत्र दाखिला नभएमा,

(च) दफा २२ बमोजिमको धरौटी दाखिला नगरेमा,

(छ) यस निर्देशिका बमोजिम पूरा गर्नु पर्ने अन्य कार्यविधि पूरा नगरेमा ।

३५. **मनोनयनपत्र बदर नहुने** : (१) मनोनयनपत्रको जाँच गर्दा सो मनोनयनपत्रमा रहेको सानोतिनो भूलचुकको कारणले मात्र सो मनोनयनपत्र बदर हुने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सानोतिनो भूलचुक" भन्नाले मनोनयनपत्र वा मतदाता नामावलीमा उम्मेदवार, प्रस्तावक, समर्थक वा निजहरूसँग सम्बन्धित व्यक्तिको नाम, थर, उमेर वतन वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटी सम्झनु पर्छ ।

(२) उपदफा (१) मा उल्लिखित विवरण बाहेक कुनै उम्मेदवार, प्रस्तावक वा समर्थकको नागरिकताको प्रमाणपत्र र मतदाता नामावलीमा उल्लिखित विवरण फरक रहेकोमा सम्बन्धित स्थानीय तहले नागरिकताको प्रमाणपत्र र मतदाता नामावलीमा उल्लिखित व्यक्ति एउटै भएको भनी सिफारिस गरेमा त्यस्तो मनोनयनपत्रलाई मान्यता दिन सकिनेछ ।

३६. **नामावली प्रकाशन गर्ने** : निर्वाचन अधिकृतले सबै मनोनयनपत्रको जाँच गरी सकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमको उम्मेदवारको नामावली अनुसूची-१८ बमोजिम तयार गर्नु पर्नेछ र सो नामावलीको एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

३७. **नाम फिर्ता लिन सक्ने** : (१) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको नामावलीबाट फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारको नाम फिर्ता लिन तोकिएको समयभित्र निर्वाचन अधिकृतसमक्ष अनुसूची-१९ बमोजिमको सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना उम्मेदवार आफैंले वा निजको निर्वाचन प्रतिनिधिले दाखिला गर्नु पर्नेछ ।

(३) कुनै दलको तर्फबाट मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचनको हकमा त्यस्तो दलको दफा २१ को उपदफा (१) बमोजिम तोकिएको पदाधिकारीले र प्रदेश सभा सदस्य निर्वाचनको हकमा त्यस्तो दलको दफा २१ को उपदफा (२) बमोजिम तोकिएको पदाधिकारीले निजको नाम फिर्ता लिने गरी उपदफा (१) बमोजिम उम्मेदवारको नाम फिर्ता लिन तोकिएको समयभित्र लेखी पठाएमा निजलाई उम्मेदवारको रुपमा कायम राखिने छैन ।

(४) उपदफा (१) वा (३) बमोजिम नाम फिर्ता लिएको सूचना प्राप्त भएमा निर्वाचन अधिकृतले त्यस्तो सूचना अनुसूची-२० बमोजिमको दर्ता किताबमा दर्ता गरी सो सूचना दर्ता गरेको अनुसूची-२१ बमोजिमको निस्सा सूचना दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ ।

३८. **सूचना फिर्ता दिन नहुने** : दफा ३७ बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिला भइसकेपछि निर्वाचन अधिकृतले सो सूचना निज उम्मेदवारलाई फिर्ता दिनु हुँदैन । यसरी नाम फिर्ता लिएको सूचना दाखिला गर्ने उम्मेदवारले सो सूचना फिर्ता लिन वा बदर गर्न सक्ने छैन ।

३९. **उम्मेदवारको नाम हटाउने** : (१) निर्वाचन अधिकृत समक्ष दाखिला भएको उम्मेदवारको नाम फिर्ता लिएको सूचनाको बारेमा निर्वाचन अधिकृत विश्वस्त भएमा निजले नाम फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाइएको निर्णय गर्नु पर्नेछ ।

(२) निर्वाचन कार्यक्रममा उल्लिखित उम्मेदवारले नाम फिर्ता लिन तोकिएको मिति र समय समाप्त भएपछि निर्वाचन अधिकृतले नाम फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाएको अनुसूची-२२ बमोजिमको तीनप्रति सूचना तयार गर्नु पर्नेछ र सो सूचनाको आफ्नो कार्यालयमा प्रकाशन गरी एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

४०. **उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने** : (१) निर्वाचन कार्यक्रममा उल्लिखित उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले कायम रहेका उम्मेदवारको अन्तिम नामावली अनुसूची-२३ बमोजिम तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको अन्तिम नामावली तयार गर्दा उम्मेदवारको नाम नेपाली वर्णानुक्रम अनुसार लेख्नु पर्नेछ । दलबाट मनोनीत उम्मेदवार भएमा निजको ठेगानामा सो दलको नाम उल्लेख गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम तयार गरेको उम्मेदवारको नामावली एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गरी अर्को एक प्रति आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

४१. **परिचयपत्र दिने** : दफा ४० बमोजिम उम्मेदवारको अन्तिम नामावलीमा नाम उल्लेख गरिएको उम्मेदवारलाई निर्वाचन अधिकृतले अनुसूची-२४ बमोजिमको उम्मेदवार परिचयपत्र दिनु पर्नेछ ।

४२. **निर्विरोध निर्वाचन :** (१) दफा ४० बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै निर्वाचन क्षेत्रमा एकजना मात्र उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले सो पदमा त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्विरोध निर्वाचित भएको अनुसूची-२५ बमोजिमको घोषणा तयार गरी एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी आयोगलाई तुरुन्त गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्विरोध निर्वाचत भएको उम्मेदवारलाई निर्वाचन कार्यक्रममा मतदानको लागि तोकिएको समय समाप्त भए पछि निर्वाचित भएको प्रमाणपत्र दिनु पर्नेछ ।

४३. **दस्तखतको नमूना दिने :** उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएको मितिले सात दिनभित्र उम्मेदवारले आफ्नो र दफा १५३ बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिको दस्तखतको नमूना निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पनेछ ।

४४. **निर्वाचन चिन्ह प्रदान गर्ने** : (१) निर्वाचनका लागि दललाई प्रदान गरिने निर्वाचन चिन्ह अनुसूची-२६ बमोजिम र स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिन्ह अनुसूची-२७ बमोजिम हुनेछ ।

(२) उम्मेदवारको अन्तिम नामावलीमा एउटा निर्वाचन क्षेत्रमा एक भन्दा बढी सङ्ख्यामा उम्मेदवार कायम भएमा निर्वाचन अधिकृतले प्रत्येक उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा उपदफा (१) बमोजिम त्यस्तो दलको लागि निर्धारण गरिएको चिन्ह प्रदान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिएको निर्वाचन चिन्ह त्यस्तो दलको उम्मेदवार बाहेक अरु कसैले पनि प्रयोग गर्न पाउने छैन ।

(५) आयोगले कुनै उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरी सके पछि त्यस्तो उम्मेदवारले आफ्नो दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा निजलाई प्रदान गरिएको निर्वाचन चिन्ह परिवर्तन हुने छैन । त्यस्तो उम्मेदवार निर्वाचित भएमा सम्बन्धित दलले प्रमाण सहित आयोगमा उजूरी दिएमा निजको सदस्यता खारेज हुनेछ ।

(६) निर्वाचन अधिकृतले स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा उपदफा (१) बमोजिम स्वतन्त्र उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरेका निर्वाचन चिन्हको समूहबाट चिन्ह प्रदान गर्नु पर्नेछ ।

(७) निर्वाचन अधिकृतले उपदफा (६) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा त्यस्तो उम्मेदवार वा निजको प्रतिनिधिलाई निर्वाचन चिन्ह रोज्न लगाई उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

तर निर्वाचन चिन्ह प्रदान गर्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिले रोजेर बाँकी रहेको निर्वाचन चिन्हबाट निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

(८) उपदफा (७) बमोजिम निर्वाचन चिन्ह रोज्न लगाउँदा एकभन्दा बढी उम्मेदवारले एउटै निर्वाचन चिन्ह रोजेमा त्यस्तो उम्मेदवारको नामको नेपाली वर्णानुक्रमको आधारमा प्राथमिकता दिई निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(९) कुनै दलले निर्वाचनमा उम्मेदवार मनोनीत नगरेको अवस्थामा सो दललाई प्रदान गरिएको निर्वाचन चिन्ह अन्य उम्मेदवारलाई प्रदान गरिने छैन ।

४५. **मतपत्रमा चिन्ह समावेश गर्ने**: (१) दफा ४७ बमोजिम उम्मेदवारलाई प्रदान गरिएको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा देहायको क्रममा समावेश गर्नु पर्नेछ :-

(क) व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलले संविधान सभा सदस्य निर्वाचन २०७० मा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिन्ह,

(ख) व्यवस्थापिका-संसदमा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिन्ह, र

(ग) स्वतन्त्र उम्मेदवारको नामको नेपाली वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको निर्वाचन चिन्ह ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “व्यवस्थापिका-संसद” भन्नाले संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसद सम्झनु पर्छ ।

(२) व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरु एकीकरण भएको वा गाभिएकोमा उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि मत सङ्ख्या गणना गर्दा त्यसरी एकीकरण हुनु वा गाभिनु अघि त्यस्ता दलहरुले प्राप्त गरेको कूल मत सङ्ख्यालाई हाल कायम भएको दलले प्राप्त गरेको मत सङ्ख्या मानिनेछ ।

(३) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा उपदफा (१) को खण्ड (क) र (ख) को क्रममा समावेश गर्नु पर्नेछ ।

४६. **निर्वाचन चिन्ह प्रदान गरेको मुचुल्का गरी सूचना प्रकाशन गर्ने** : (१) निर्वाचन अधिकृतले उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरी सकेपछि प्रत्येक उम्मेदवारलाई प्रदान गरिएको निर्वाचन चिन्ह उल्लेख गरी अनुसूची-२८ बमोजिमको सूचना तयार गर्नु पर्नेछ र सो सूचनाको एकप्रति आफ्नो कार्यालयमा तुरुन्त प्रकाशन गरी एकप्रति आयोगमा पठाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेको अनुसूची-२९ बमोजिम मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले आफूले सहीछाप गरी उम्मेदवार वा निजको प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

४७. **दलको उम्मेदवारको मृत्यु भएमा कार्यक्रम स्थगित गर्ने** : (१) उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनु अघि वा प्रकाशन भई सकेपछि कुनै दलबाट मनोनयन भएको उम्मेदवारको मृत्यु भई सोको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि, सम्बन्धित दल वा अन्य कुनै

व्यक्तिबाट प्राप्त भएमा र सो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निजले अनुसूची-३० बमोजिम निर्णय गरी सो निर्वाचन क्षेत्रको निर्वाचनसँग सम्बन्धित अन्य कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम स्थगित गरेको अनुसूची-३१ बमोजिमको सूचना तयार गर्नु पर्नेछ र सोको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एक प्रति तुरुन्त आयोगमा पठाउनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम निर्वाचन कार्यक्रम स्थगित गर्दा अनुसूची-३२ बमोजिमको मुचुल्का तयार गरी सो मुचुल्कामा आफूले सहीछाप गरी अन्य दुईजना व्यक्तिको समेत सहीछाप गराई राख्नु पर्नेछ ।

४८. **निर्वाचन कार्यक्रम पुनः निर्धारण गरी प्रकाशन गर्ने :** (१) दफा ४७ को उपदफा (२) बमोजिम निर्वाचन कार्यक्रम स्थगित भएको जानकारी प्राप्त गरेपछि उम्मेदवारको मनोनयन सम्बन्धी कार्यक्रम यथाशक्य छिटो पूरा गर्ने गरी आयोगले अर्को कार्यक्रम निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले निर्धारण गरी पठाएको निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतले तुरुन्त आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

४९. **मतदान कार्यक्रममा असर नपर्ने गरी कार्यक्रम निर्धारण गर्ने :** दफा ४८ मा जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेदवारको मृत्यु भई निर्वाचनको कार्यक्रम स्थगित गर्नु पर्दा निर्वाचन कार्यक्रममा लेखिए बमोजिमको काम सम्पन्न गर्नु पर्ने अवधि पन्ध्र दिनभन्दा बढी भएमा आयोगले सोही कार्यक्रम को समयावधिभित्रै मतदान कार्य हुने गरी त्यस्तो दलको तर्फबाट उम्मेदवारको मनोनयन सम्बन्धी कार्य यथाशक्य छिटो पूरा गर्ने गरी निर्वाचन कार्यक्रम निर्धारण गर्नु पर्नेछ ।

५०. **पुनः मनोनयनपत्र दर्ता गराउनु नपर्ने** : दफा ४७ बमोजिम कार्यक्रम स्थगित भएकोमा पहिले मनोनयनपत्र पेश गरी रीतपूर्वकको ठहर भई सकेको वा उम्मेदवारको अन्तिम नामावलीमा नाम रहेको उम्मेदवारले पुनः मनोनयनपत्र दाखिला गर्नु पर्ने छैन र जुन दलको उम्मेदवारको मृत्यु भएको हो त्यस्तो दलको तर्फबाट मात्र पुनः उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

५१. **निर्वाचन कार्यविधि पूरा गर्ने :** दफा ४८ बमोजिमको नयाँ निर्वाचन कार्यक्रम प्रकाशित भए पछि निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिमको सबै कार्यविधि पुरा गरी सो निर्वाचन कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

५२. **मतदान कार्यक्रम स्थगित हुने :** (१) प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन तर्फको कुनै दलको उम्मेदवारको मृत्यु भई निर्वाचन कार्यक्रममा तोकिएको मितिमा मतदान नहुने भएमा प्रदेश सभाको सम्बन्धित निर्वाचन क्षेत्रभित्र पर्ने मतदान केन्द्रमा प्रतिनिधि सभा सदस्यको लागि हुने मतदानको कार्यक्रम समेत स्थगित गर्नु पर्नेछ ।

(२) प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन तर्फको कुनै दलको उम्मेदवारको मृत्यु भई निर्वाचन कार्यक्रममा तोकिएको मितिमा मतदान नहुने भएमा प्रतिनिधि सभाको त्यस्तो निर्वाचन क्षेत्रभित्र पर्ने प्रदेश सभा सदस्यको मतदानको कार्यक्रम समेत स्थगित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदान कार्यक्रम स्थगित भएकोमा त्यस्ता मतदान केन्द्रमा प्रदेश सभा सदस्य निर्वाचनको लागि तोकिएको मतदानको दिनमा नै प्रतिनिधि सभा सदस्यको लागि समेत मतदान हुनेछ ।

(४) उपदफा (२) बमोजिम मतदान कार्यक्रम स्थगित भएकोमा त्यस्तो निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि तोकिएको मतदानको दिनमा नै प्रदेश सभाको सम्बन्धित निर्वाचन क्षेत्रको लागि समेत मतदान हुनेछ ।

(५) निर्वाचन अधिकृतले यस दफा बमोजिम मतदान स्थगित भएको व्यहोराको सूचना प्रकाशन गरी सोको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

## परिच्छेद-७

## मतदान केन्द्र

५३. **मतदान केन्द्र तोक्ने** : (१) आयोगले निर्वाचनका लागि आवश्यक सङ्ख्यामा मतदान केन्द्र तथा उपकेन्द्र तोक्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम मतदान केन्द्र तोक्दा मतदाताको सङ्ख्या, सुविधा तथा सुरक्षाको अवस्थालाई समेत ध्यान दिई सकभर मतदातालाई पायक पर्ने गरी सार्वजनिक स्थानमा तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदान केन्द्र तोक्दा गाउँपालिका वा नगरपालिकाको प्रत्येक वडामा कम्तीमा एउटा मतदान केन्द्र पर्ने गरी तोक्नु पर्नेछ ।

(४) एउटा मतदानस्थलको क्षेत्रभित्र आवश्यकता अनुसार एक वा एकभन्दा बढी मतदान केन्द्र, उपकेन्द्र वा मतदान कक्षहरु रहन सक्नेछन् ।

(५) सुरक्षा तथा सुविधाको दृष्टिकोणबाट मतदान केन्द्र तोक्दा अपनाउनु पर्ने अन्य आधारहरू आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

५४. **मतदान केन्द्रको सूची प्रकाशन गर्ने** : (१) निर्वाचन अधिकृतले आफ्नो कार्यालय स्थापना भएपछि आयोगबाट प्राप्त भए बमोजिमको सम्बन्धित निर्वाचन क्षेत्रमा पर्ने मतदान केन्द्रको सूची अनुसूची-३३ बमोजिम तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना प्रकाशन गर्दा अनुसूची-३४ बमोजिमको मुचुल्का गराउनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम मतदान केन्द्रको सूची प्रकाशन गर्दा कति देखि कति क्रमसङ्ख्या सम्मका मतदाताले कुन मतदान केन्द्रमा मतदान गर्न पाउने हो, सो कुरा समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूची सम्भव भएसम्म सम्बन्धित निर्वाचन क्षेत्रका सबै स्थानीय तहका कार्यालयमा समेत टाँस गर्न पठाई दिनु पर्नेछ ।

५५. **मतदान केन्द्र थपघट गर्न सक्ने** : (१) कुनै मतदान केन्द्रमा मतदान गर्ने मतदाताको सङ्ख्या आयोगले तोकेको सङ्ख्या भन्दा बढी हुने भएमा वा अन्य कुनै विशेष परिस्थिति सिर्जना भएको कारणबाट निर्वाचन अधिकृतले दफा ५३ बमोजिम तोकिएको मतदान केन्द्र वा उपकेन्द्रमा थपघट गर्न आवश्यक ठानेमा त्यसरी थपघट गर्नु पर्ने आवश्यकता र औचित्य सहित आयोगलाई लेखी पठाउन सक्नेछ र आयोगले त्यस्तो व्यहोरा मनासिब ठानेमा मतदान केन्द्र वा उपकेन्द्र थपघट गर्न सक्नेछ ।

निर्वाचन आयोग, नेपाल

(२) निर्वाचन अधिकृतले आवश्यक भएमा आयोगको पूर्व स्वीकृति लिई सुविधाजनक वा व्यावहारिक दृष्टिबाट मतदाताको पहुँच हुने ठाउँमा मतदान केन्द्र वा उपकेन्द्र सार्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेदवारको मनोनयनपत्र दाखिला भए पछि मतदान केन्द्र वा उपकेन्द्र थपघट गर्न वा सार्न सकिने छैन ।

(४) उपदफा (१) वा (२) बमोजिम मतदान केन्द्र वा उपकेन्द्र थपघट गरिएको वा सारिएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालय र त्यस्तो मतदान केन्द्र वा उपकेन्द्र रहने स्थानमा यथाशीघ्र प्रकाशन गर्नु पर्नेछ ।

५६. **अस्थायी मतदान केन्द्र** : (१) आयोगले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा मत दिने प्रयोजनको लागि आवश्यकता अनुसार छुट्टै मतदान केन्द्रको व्यवस्था गर्न सक्नेछ ।

(२) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम तोकिएको मतदान केन्द्रमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि निर्धारित मतपत्र मात्र पठाउनु पर्नेछ ।

## परिच्छेद- ८

## मतपत्र, मतपेटिका र अन्य निर्वाचन सामाग्री

५७. **मतपत्र** : ♠(१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि कागजको छुट्टाछुट्टै पानामा तथा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि कागजको एउटै पानामा मतपत्रको व्यवस्था गरिनेछ ।

♠(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि प्रयोग गरिने मतपत्रमा रहने निर्वाचन चिन्ह र अन्य विवरण सेतो पृष्ठभूमिमा हरियो रङमा र प्रदेश सभा सदस्यको निर्वाचनको लागि प्रयोग गरिने मतपत्रमा रहने निर्वाचन चिन्ह र अन्य विवरण सेतो पृष्ठभूमिमा कालो रङमा छापिनेछ ।

±(२क) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग गरिने मतपत्रमा रहने निर्वाचन चिन्ह र अन्य विवरण सेतो पृष्ठभूमिमा रातो रङमा छापिनेछ ।

(३) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग गरिने मतपत्रमा उम्मेदवारको निर्वाचन चिन्ह र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग गरिने मतपत्रमा दलको निर्वाचन चिन्ह छापिएको हुनेछ ।

(४) प्रत्येक मतपत्रको अधकट्टीमा आयोगले निर्धारण गरे बमोजिम सिलसिलेवार रुपमा क्रमसङ्ख्या छापिएको हुनेछ ।

(५) मतपत्रको ढाँचा, प्रकार र किसिम आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

५८. **मतपत्र रुजु गर्ने** : (१) निर्वाचन अधिकृतले आयोगले उपलब्ध गराएका मतपत्रहरू रुजु गर्नु पर्नेछ । त्यसरी मतपत्र रुजु गर्दा मतपत्रहरू आयोगले तोकेको ढाँचामा छापिएको छ, छैन र

♠ पहिलो संशोधनद्वारा संशोधित

± पहिलो संशोधनद्वारा थप

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली ♠बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि प्रयोग हुने प्रत्येक मतपत्रमा सम्बन्धित निर्वाचन क्षेत्रका उम्मेदवारको निर्वाचन चिन्ह र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग हुने मतपत्रमा प्रतिनिधि सभा र सम्बन्धित प्रदेश सभाको निर्वाचनमा भाग लिने सबै दलको निर्वाचन चिन्ह छापिएको छ, छैन र मतपत्रको अधकट्टीमा क्रमसङ्ख्या स्पष्ट देखिने गरी छापिएको छ, छैन यकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपत्र रुजु गर्दा कुनै मतपत्रको ठेलीमा रहेका मतपत्रहरु आयोगले तोकेको ढाँचामा नभएको, मतपत्रमा कुनै उम्मेदवार वा दलको निर्वाचन चिन्ह छुट भएको वा दोहोरिएको, मतपत्रको अधकट्टीमा क्रमसङ्ख्या उल्लेख नभएको वा अन्य कुनै किसिमको प्राविधिक त्रुटी भएको पाइएमा निर्वाचन अधिकृतले त्यस्ता मतपत्रहरू छुट्याई राख्नु पर्नेछ । त्यसरी छुट्याइएका मतपत्रको विवरण निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट उपलब्ध गराइएका मतपत्र रुजु गर्दा कुनै ठेलीमा च्यातिएका वा क्रमसङ्ख्या नभएका वा अरु कुनै कैफियत देखिएका केही मतपत्र फेला परेमा त्यस्ता मतपत्रलाई मतपत्रको ठेलीबाट नछुट्याई सोही ठेलीमा पट्याएर राखी सो व्यहोरा खोली कैफियत जनाई मतदान अधिकृतलाई बुझाउन सकिनेछ ।

**५९. मतदान अधिकृतलाई मतपत्र ♠बुझाउने** : ♠(१) निर्वाचन अधिकृतले मतदान अधिकृतलाई मतपत्र उपलब्ध गराउँदा सम्बन्धित मतदान केन्द्रको लागि आवश्यक पर्ने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि प्रयोग हुने मतपत्र, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनको लागि प्रयोग गरिने मतपत्र र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग गरिने मतपत्र रुजु गरी आयोगबाट उपलब्ध गराएको अलग अलग थैलोमा सुरक्षित रुपमा पोको पारी लाहाछाप लगाई बुझाउनु पर्नेछ । यसरी मतपत्र बुझाउँदा निर्वाचन अधिकृतले प्रत्येक मतदान केन्द्रको लागि छुट्याइएका तीनवटै प्रकारका मतपत्रको शुरु क्रमसङ्ख्या र अन्तिम क्रमसङ्ख्या खुलाई सोको अभिलेख राख्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान अधिकृतलाई मतपत्र बुझाउँदा अनुसूची-३५ बमोजिमको फाराममा मतदान अधिकृतको दस्तखत नमूना लिई अभिलेख राख्नु पर्नेछ ।

(३) मतदान अधिकृतलाई बुझाई बाँकी हुन आएका मतपत्र निर्वाचन अधिकृतले आफ्नो जिम्मामा सुरक्षितसाथ राख्नु पर्नेछ । त्यस्ता बढी मतपत्र पुनः मतदान गर्नुपर्ने अवस्थामा आयोगको अनुमतिमा मात्र प्रयोग गर्नु पर्नेछ ।

**६०. मतपेटिका** : ♠(१) आयोगले प्रत्येक मतदान केन्द्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि अलग अलग मतपेटिका रहने गरी आवश्यक सङ्ख्यामा मतपेटिकाको व्यवस्था गर्नेछ ।

(२) मतदान अधिकृतले मतपेटिका बुझी लिँदा त्यस्तो मतपेटिका दुरुस्त छ, छैन हेरी बुझी लिनु पर्नेछ ।

♠ पहिलो संशोधनद्वारा संशोधित

६१. **मतपेटिका बिग्रिए वा नासिएमा** : (१) मतदान केन्द्रमा पठाइएको मतपेटिका बिग्रिएमा वा नासिएमा मतदान अधिकृतले उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराई अनुसूची-३६ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ । निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ र सोको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपेटिका बिग्रिएको वा नासिएको जानकारी प्राप्त भएमा निर्वाचन अधिकृतले तत्काल त्यस्तो मतदान केन्द्रमा आवश्यक मतपेटिका उपलब्ध गराउनु पर्नेछ ।

६२. **निर्वाचन सामग्रीको जाँच गर्ने** : निर्वाचन अधिकृत तथा निर्वाचन अधिकारीले आयोगबाट पठाइएका निर्वाचन सामाग्री पर्याप्त र दुरुस्त छन्, छैनन् जाँचबुझ गर्नु पर्नेछ र यसरी प्राप्त सामाग्री अपर्याप्त देखिएमा आयोगसँग तुरुन्त माग गर्नु पर्नेछ ।

६३. **निर्वाचन सामग्री ♠बुझाउने** : (१) निर्वाचन कार्यालयले निर्वाचनमा खटिएका मतदान अधिकृतलाई मतदान केन्द्रतर्फ प्रस्थान गर्नु अघि मतदान केन्द्रमा आवश्यक पर्ने मतदाता नामावली, मतपेटिका, सुरक्षण सिल, मतसङ्केत गर्ने छाप, नउड्ने मसी, छापदानी, पोलबुक लगायतका अन्य आवश्यक निर्वाचन सामग्री बुझाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकारीले मतदान अधिकृतलाई स्वस्तिक छाप बुझाउँदा त्यस्तो स्वस्तिक छाप दुरुस्त छ छैन जाँचेर मात्र बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्वाचन सामग्री बुझाउँदा भरपाई गराई त्यसको एक प्रति सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ । यसरी भरपाई गराउँदा मतपेटिकाको बाहिरपट्टि सिलसिलेवार नम्बर उल्लेख भएकोमा त्यस्तो नम्बर र सुरक्षण सिलमा उल्लिखित सिल नम्बर समेत उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद-९
## मतदान हुनु भन्दा पहिले मतदान केन्द्रमा गर्नु पर्ने तयारी

६४. **मतदान केन्द्रको क्षेत्र तोक्ने** : मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया तीन सय मिटरसम्मको क्षेत्रलाई चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नेछ र यसरी मतदान केन्द्रको क्षेत्र तोकिएको अनुसूची-३७ बमोजिमको सूचना सम्बन्धित मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

६५. **मतदान केन्द्र निर्माण गर्ने** : (१) मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रमा आवश्यक पर्ने डोरी, बाँस, घोचा, पाल, खर, टेबल, बेञ्च, कुर्सी लगायतका सामग्रीको व्यवस्था गरी मतदान केन्द्रको निर्माण गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान केन्द्र निर्माण गर्दा स्थानीय व्यक्तिको सहयोग लिन तथा त्यस केन्द्रमा खटिएका कर्मचारी, सुरक्षाकर्मी तथा स्वयंसेवकलाई सो काममा लगाउन सक्नेछ । मतदान केन्द्र निर्माणमा मतदान अधिकृतलाई सहयोग पुऱ्याउनु त्यस्तो कर्मचारी, सुरक्षाकर्मी तथा स्वयंसेवकको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम मतदान केन्द्रको निर्माण गर्दा देहायको व्यवस्था गर्नु पर्नेछ :-

♠ पहिलो संशोधनद्वारा संशोधित

(क) मतदान केन्द्रको निर्माण गर्दा मतदाता प्रवेश गर्ने द्वारमा “भित्र” र मतदाता बाहिर निस्कने द्वारमा “बाहिर” लेखिएको कार्डबोर्ड सबैले देख्ने ठाउँमा टाँस्ने,

(ख) मतदान गर्ने मतदाताको क्रमसङ्ख्या स्पष्ट देखिने सूचना मतदाता पंक्तिबद्ध हुने ठाउँमा झुण्ड्याउने वा टाँस्ने,

(ग) मतदान केन्द्रको बाहिरी भागमा खुल्ला ठाउँमा महिला, पुरुष र अन्य मतदाताको लागि डोरी वा बाँस लगाई अलग अलग पंक्तिबद्ध हुन सक्ने व्यवस्था मिलाई “महिला”, “पुरुष” र “अन्य” लेखिएको कार्डबोर्ड झुण्ड्याउने,

(घ) मतदान कार्यमा खटिएका उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई मतदान कार्यमा खटिएका कर्मचारीको पछाडिपट्टि वा उपयुक्त स्थानमा बस्ने व्यवस्था मिलाउने,

(ङ) नाम रुजु गर्ने कर्मचारी र लामबद्ध मतदाताका बीचमा सुरक्षाकर्मीलाई राख्ने, सुरक्षाकर्मी नपुग भएको अवस्थामा स्वयंसेवकलाई राख्ने,

(च) नाम रुजु गर्ने कर्मचारी पछि क्रमशः तथ्याङ्क फाराम भर्ने र नउड्ने मसी लगाउने स्वयंसेवक र ±प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतपत्र दिने सहायक मतदान अधिकृत वा कर्मचारी बस्ने ठाउँको व्यवस्था गर्ने,

±(च१) प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतदान गरी सकेको मतदातालाई प्रदेश सभा सदस्यको निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतपत्र दिने सहायक मतदान अधिकृत वा सहायक कर्मचारी बस्ने ठाउँको व्यवस्था गर्ने,

(छ) ±प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ मतदान गरी सकेको मतदातालाई समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र दिने सहायक मतदान अधिकृत वा सहायक कर्मचारी बस्ने ठाउँको व्यवस्था गर्ने,

(ज) मत सङ्केत गर्नका लागि गोप्य कक्ष बनाउने र सो स्थानमा मतपत्रमा छाप लगाउने टेबुल राख्ने,

(झ) मतदान गर्ने गोप्य कक्ष नजिकै बाहिर पट्टी मतपेटिका राख्ने टेबुल र त्यसैको छेउमा मत सङ्केत गर्ने स्वस्तिक छाप तथा छापदानी राख्ने टेबुल राख्ने,

(ञ) मत सङ्केत गरेपछि स्वस्तिक छाप मतपेटिका नजिक रहेको साविकको टेबुलमा ल्याएर राख्ने व्यवस्था गर्ने,

---

± पहिलो संशोधनद्वारा थप

(ट) मतदानकेन्द्रमा खटिएका कर्मचारी, मतपेटिका राख्ने ठाउँ, मतसङ्केत गर्ने छाप एवं छापदानी राख्ने ठाउँ समेत देखिने गरी मतपेटिका राखेको ठाउँको नजिक मतदान अधिकृत बस्ने ठाउँको व्यवस्था गर्ने,

(ठ) मतदान अधिकृतको नजिक मतपत्र र मतपेटिकाको सुरक्षाको लागि सुरक्षाकर्मी रहने व्यवस्था गर्ने,

(ड) मतदान कक्ष बनाउँदा वा मतपेटिका राख्दा होचो कद वा अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक मतदाताले पनि सजिलै मतसङ्केत गर्न सक्ने गरी बनाउने,

♠(ढ) मतदातालाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि मतपत्रमा मतसङ्केत गरी मतपेटिकामा मत खसाल्ने, यसरी मत खसाली सके पछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनको लागि मतपत्रमा मतसङ्केत गरी मतपेटिकामा मत खसाल्ने, त्यस पछि समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको मतपत्रमा मतसङ्केत गरी मतपेटिकामा मत खसाल्ने र मत खसाली सकेपछि बाहिर निस्कन सहज हुने गरी मतपेटिका राख्ने स्थानको व्यवस्था गर्ने,

(ण) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरी सकेपछि मतदाता बाहिर निस्कने ठाउँमा मतदान गरी सकेको व्यक्ति पुनः मतदानस्थलतर्फ फर्कन नसक्ने गरी बाहिर निस्कने व्यवस्था मिलाउने, सुरक्षाको प्रबन्ध गर्ने,

(त) मतदान केन्द्रको बाहिरपट्टि सबैले देख्न सक्ने गरी मतदानको दिन 'धुम्रपान निषेधित क्षेत्र' लेखिएको कार्ड झुण्ड्याउने ।

(४) मतदान गर्न तोकिएको स्थानमा कुनै विद्यालय वा सार्वजनिक भवन नभएको अवस्थामा चौर वा खुला ठाउँमा पाल, त्रिपाल वा छेकवार लगाई मतदान केन्द्र निर्माण गर्नु पर्नेछ ।

(५) मतदान केन्द्र निर्माण गर्दा सकेसम्म अपाङ्गता भएका व्यक्तिको लागि समेत सहज हुने गरी निर्माण गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम मतदान केन्द्र निर्माण गर्दा स्थानीय बासिन्दाको सहयोगमा शौचालयको प्रबन्ध मिलाउनु पर्नेछ ।

(७) मतदान केन्द्रको ढाँचा अनुसूची-३८ मा उल्लेख भए अनुसार हुनेछ ।

६६. **मतदान कक्ष** : (१) मतदान कक्ष बनाउँदा ♠पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि मतसङ्केत गर्न छुट्टाछुट्टै मतदान कक्ष बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान कक्ष बनाउँदा मतदाताको सङ्ख्याको आधारमा एक भन्दा बढी मतदान कक्षहरु राख्न सकिनेछ ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

६७. **प्रचार-प्रसार गर्न निषेध गरेको जानकारी गराउने** : (१) निर्वाचनको लागि मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै प्रकारले प्रचार-प्रसार गर्न वा गराउन दिनु हुँदैन ।

उदाहरणार्थ : आइतबारको दिन मतदान हुने रहेछ भने सोभन्दा पहिलेको बिहिवारको राति १२ बजेपछि प्रचार-प्रसार निषेध गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम प्रचार-प्रसार निषेध गर्ने सम्बन्धमा अनुसूची-३९ बमोजिमको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम प्रचार-प्रसार नगर्ने सम्बन्धमा उपदफा (२) बमोजिमको सूचना सम्बन्धित मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

६८. **शान्ति भङ्ग गर्न निषेध गरेको सूचना प्रकाशन गर्ने** : मतदान अधिकृतले निर्वाचनको लागि मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र मतदानलाई असर पर्ने गरी त्यसको वरिपरीको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायका कुनै काम गरी शान्ति भङ्ग गर्न वा भय, त्रास सिर्जना गर्न वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गर्न वा गराउन नपाउने व्यहोराको अनुसूची-४० बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ :-

(क) साउण्ड सिस्टम, सर्ट मेसेज सर्भिस (एसएमएस), सामाजिक सञ्जाल वा यस्तै अन्य कुनै साधन प्रयोग गर्न,

(ख) बाजा बजाउन, नाचगान गर्न, सार्वजनिक भोज गर्न, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हुलहुज्जत वा होहल्ला गर्न वा गराउन ।

६९. **मादक पदार्थ निषेध गर्ने** : मतदान अधिकृतले प्रचार निषेध गरेको अवधिमा मतदान केन्द्रको वरिपरिको क्षेत्रमा मादक पदार्थ बिक्री वितरण र सेवन गर्न निषेध गरिएको अनुसूची-४१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

७०. **हातहतियार लिएर हिँड्न वा प्रयोग गर्न नदिने** : (१) मतदान अधिकृत वा निर्वाचन अधिकृतले मतदान केन्द्र वा मतगणनास्थल र सो मतदान केन्द्र वा मतगणनास्थलको वरिपरि मतदानको काममा खटिएका सुरक्षा कर्मचारी बाहेक अरु कसैलाई कुनै प्रकारको विष्फोटक पदार्थ, रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिँड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन रोक लगाउनु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) को प्रयोजनको लागि अनुसूची-४२ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

७१. **मतदान केन्द्रमा प्रवेशलाई व्यवस्थित गर्ने** : मतदान अधिकृतले मतदान केन्द्रमा भीड हुन, अनावश्यक रुपमा जमघट हुन वा कुनै गडवडी हुन नपाउने गरी मतदाताहरूलाई प्रवेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-१०

## मतदान

७२. **मतदानको समय** : मतदान हुने मितिमा मतदान गर्ने समय बिहान सात बजे देखि साँझ पाँच बजेसम्म हुनेछ ।

७३. **मतदानको तयारी** : मतदान अधिकृतले मतदान हुने दिन मतदान प्रारम्भ हुनुभन्दा अघि मतदान केन्द्रमा मतदान सम्बन्धी सबै व्यवस्थाको प्रबन्ध पूरा भए, नभएको कुराको देहाय बमोजिम निरीक्षण गर्नु पर्नेछ :-

(क) मत सङ्केत गर्ने गोप्य स्थान र सो स्थानमा मतपत्रमा छाप लगाउने टेबुल ठीक छ, छैन,

(ख) गोप्य स्थान नजिकै बाहिरपट्टि मतपेटिका राख्ने टेबुल र त्यसैको छेउमा मत सङ्केत गर्ने छाप छ, छैन र गोप्य कक्षमा राखिएको छापदानीको प्याड माथि प्लाष्टिक वा कागजले ढाकिएको भए सो काटेर हटाएको छ, छैन र त्यस्तो प्लाष्टिक वा कागज हटाई सकेको रहेछ भने प्याडको मसी सुकेको छ, छैन,

(ग) मतदाताको औंलामा लगाउने नमेटिने मसी वा मार्कर पर्याप्त मात्रामा छ, छैन,

(घ) मतपेटिका राखेको ठाउँको नजिक नै मतदान अधिकृत बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन,

(ङ) मतदान केन्द्रको बाहिरी भागमा खुल्ला ठाउँमा महिला, पुरुष वा अन्य मतदाताको लागि डोरी वा बाँस लगाई अलग अलग पंक्तिबद्ध हुन सक्ने व्यवस्था गरिएको छ, छैन, महिला, पुरुष वा अन्य लेखिएको कार्ड टाँसेको वा झुण्ड्याइएको छ, छैन,

(च) मतदान गर्ने मतदाताको क्रमसङ्ख्या स्पष्ट देखिने सूचना मतदाता पंक्तिबद्ध हुने ठाउँमा झुण्ड्याइएको वा टाँसिएको छ, छैन,

(छ) पंक्तिबद्ध भएका मतदाता मतदानस्थलमा प्रवेश गर्ने प्रवेशस्थलमा मतदाताको नाम रुजु गर्ने, तथ्याङ्क फाराम भर्ने, औलामा चिनो लगाउने र मतदातालाई ♠पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको लागि मतपत्र दिने सहायक मतदान अधिकृत, कर्मचारी तथा स्वयंसेवक बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन,

(ज) ♠ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि अलग अलग मतदान कक्ष र मतपेटिकाको व्यवस्था मिलाइएको छ, छैन,

---

♠ पहिलो संशोधनद्वारा संशोधित

(झ) मतदान गरी सकेको व्यक्ति पुनः मतदानस्थलतर्फ फर्कन नसक्ने गरी बाहिर निस्कने व्यवस्था मिलाइएको छ, छैन,

(ञ) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरी सकेपछि मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध छ, छैन,

(ट) उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि बस्ने स्थान ठीक छ, छैन,

(ठ) मतदान केन्द्रमा मतदाता नामावली ठीक छ, छैन,

(ड) मतदान केन्द्रभित्र कुनै उम्मेदवार वा दलको कुनै किसिमको प्रचार सामग्री छ, छैन हेर्ने र भएमा त्यस्तो प्रचार सामग्री हटाउने,

(ढ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा सम्बन्धित निर्वाचन क्षेत्रका उम्मेदवारको र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने दलको निर्वाचन चिन्ह भएको मतपत्र छ, छैन ।

७४. **मतपेटिका राख्ने** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा ♠पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि छुट्टाछुट्टै मतपेटिका राख्नु पर्नेछ । त्यस्ता मतपेटिकामा मतदान अधिकृतले मतदान कार्य प्रारम्भ हुनुभन्दा पहिले नै मतदान केन्द्रको नाम, गाउँपालिका वा नगरपालिकाको नाम, वडा नम्बर तथा मतपेटिकाको क्रम उल्लेख भएको स्टीकर मतपेटिकाको बाहिरी भागमा टाँस्नु पर्नेछ र त्यसमा मतदान अधिकृतले सहीछाप गर्नु पर्नेछ ।

♠(२) उपदफा (१) बमोजिम स्टिकर टाँस्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि प्रयोग गरिने मतपेटिकामा सेतो पृष्ठभूमिमा हरियो रङको अक्षरले विवरण उल्लेख भएको “१” लेखिएको स्टिकर, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनको लागि प्रयोग गरिने मतपेटिकामा सेतो पृष्ठभूमिमा कालो रङको अक्षरले विवरण उल्लेख भएको “२” लेखिएको स्टिकर र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग गरिने मतपेटिकामा सेतो पृष्ठभूमिमा रातो रङको अक्षरले विवरण उल्लेख भएको “३” लेखिएको स्टिकर टाँस्नु पर्नेछ । मतपेटिकाको बाहिरी भागमा सिरियल नम्बर रहेकोमा सो नम्बर मतदान अधिकृतले आफ्नो पोलबुकमा टिप्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम राखिएको मतपेटिका मतपत्रले भरिएमा मतदान अधिकृतले यस दफा बमोजिमको रित पुऱ्याई अर्को मतपेटिका राख्नु पर्नेछ ।

७५. **रित्तो मतपेटिका बन्द गर्ने** : (१) मतदान अधिकृतले मतदान सुरु हुनुभन्दा अघि रित्तो मतपेटिका उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए नभएको जाँच गरी मतपेटिकाको ढकनी (बिर्को) मा रहेको मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी अनुसूची-४३ बमोजिमको विधि अनुसार मतपेटिका बन्द गर्नु पर्नेछ ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिम मतपेटिका बन्द गर्दा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा आयोगले उपलब्ध गराएको सुरक्षणसिल लगाई बन्द गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतपेटिका बन्द गर्दा सुरक्षणसिलमा उल्लेख भएको सुरक्षणसिल नम्बर अनुसूची-४४ बमोजिमको मुचुल्कामा उल्लेख गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई सहीछाप गर्न लगाई मतदान अधिकृतले आफूले सहीछाप गर्नु पर्नेछ । त्यसरी प्रयोग भएका सुरक्षणसिलका नम्बरहरू मतदान अधिकृतले आफ्नो पोलबुकमा टिपोट गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले सहिछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

७६. **स्वस्तिक छाप जाँच गर्ने र मतपत्रको सिलबन्दी प्याकेट खोल्ने** : (१) मतदान अधिकृतले मतदानको कार्य शुरु हुनु अघि उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा स्वस्तिक छाप जाँच गरी अनुसूची-४५ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ ।

(२) मतदान हुने दिन मतदान शुरु हुनुभन्दा अघि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपत्रको सिलबन्दी प्याकेट खोल्नु पर्नेछ र सो प्याकेटको सिल तोडी खोलेको अनुसूची-४६ बमोजिमको मुचुल्का समेत गर्नु पर्नेछ । सो मुचुल्कामा मतदान अधिकृतले आफूले सहीछाप गरी सो स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

७७. **मतदान प्रारम्भ गर्ने** : (१) मतदान अधिकृतले मतदान हुने दिन पूर्व निर्धारित समयमा मतदान प्रारम्भ गर्नु पर्नेछ ।

(२) मतदान प्रारम्भ हुने पूर्व निर्धारित समयमा मतदान गर्न मतदाता उपस्थित भएमा वा नभएमा पनि मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतदान प्रारम्भ भएको भनी अनुसूची-४७ बमोजिमको मुचुल्का तयार गरी निजहरुको सहीछाप गराई आफूले समेत सहीछाप गरी राख्नु पर्नेछ ।

७८. **मतपत्रमा दस्तखत गर्ने** : (१) मतदान अधिकृतले दफा ७६ को उपदफा (२) बमोजिम सिलबन्दी प्याकेट खोलिएका सम्पूर्ण मतपत्र आफ्नो जिम्मामा राख्नु पर्नेछ र मतपत्रमा दस्तखत गर्नको लागि निर्देशित ठाउँमा आफ्नो पूरा दस्तखत गर्नु पर्नेछ । त्यसरी दस्तखत गर्दा ♠पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा प्रयोग गरिने, सोही निर्वाचन प्रणाली बमोजिम प्रदेश सभा सदस्यको निर्वाचनमा प्रयोग गरिने र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रयोग गरिने ♠तीनवटै मतपत्रमा दस्तखत गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले मतपत्रमा दस्तखत गर्दा सबै मतपत्रमा एकै पटक दस्तखत गर्नु हुँदैन ।

♠ पहिलो संशोधनद्वारा संशोधित

(३) मतदान अधिकृतले आफूले दस्तखत गरेका मतपत्र मतदातालाई प्रदान गर्नको लागि ♠पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको प्रतिनिधि सभा सदस्यको निर्वाचनको मतपत्र, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनको मतपत्र र समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र वितरण गर्न खटिएका सहायक मतदान अधिकृत वा सहायक कर्मचारीलाई आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ । यसरी दस्तखत गरेका सबै मतपत्र सहायक मतदान अधिकृतलाई एकै पटक उपलब्ध गराउनु हुँदैन ।

(४) उपदफा (३) बमोजिम मतदान अधिकृतले मतदातालाई दिन सहायक मतदान अधिकृत वा कर्मचारीलाई उपलब्ध गराएका सबै मतपत्रको छुट्टै लगत राख्नु पर्नेछ ।

(५) मतदान अधिकृतले दस्तखत गरेको मतपत्र मात्र मतदान गर्नको लागि उपस्थित मतदातालाई प्रदान गर्नु पर्नेछ ।

७९. **मतदान केन्द्रमा प्रवेश गर्न अनुमति** : (१) मतदान अधिकृतले देहायका व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिनु पर्नेछ :-

(क) मतदाता,

(ख) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन तर्फको उम्मेदवार वा निजको एकजना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने दलको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(घ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(ङ) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(च) मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालक,

(छ) दृष्टिविहीन वा शारीरिक रुपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

±(१क) उपदफा (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान अधिकृतले कुनै दल र सो दलका उम्मेदवारको तर्फबाट मतदान केन्द्रमा एक पटकमा एक जना मात्र प्रवेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) मतदान अधिकृतले कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिँदा मतदान कार्यको निमित्त अति आवश्यक पर्ने हो भन्ने कुरा यकिन गरेर मात्र अनुमति प्रदान गर्नु पर्नेछ ।

±(२क) उपदफा (१) बमोजिम मतदान केन्द्रमा प्रवेश गर्ने व्यक्तिले सलाई, लाईटर, एसिड जस्ता प्रज्वलनशील पदार्थ तथा मतदान अधिकृतले निषेध गरेको कुनै चिज वा वस्तु लिएर जानु हुँदैन ।

♠ पहिलो संशोधनद्वारा संशोधित

± पहिलो संशोधनद्वारा थप

(३) आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न उपदफा (१) को खण्ड (ङ) बमोजिम मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिएको व्यक्तिलाई अनुसूची-४८ बमोजिमको अनुमति पत्र दिनु पर्नेछ ।

८०. **मतदान केन्द्रमा प्रवेश गर्न नदिने** : (१) दफा ७९ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(२) दफा ७९ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान केन्द्रको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक कुनै प्रकारको हतियार साथ लिएको व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(३) मतदान केन्द्रमा प्रवेश गरी सकेका मतदान गर्न बाँकी मतदाता बाहेक मतदानको समय समाप्त भए पछि अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न वा त्यहाँ रहन पाउने छैनन् ।

८१. **मतदाताको नाम जाँच गरी रुजु गर्ने** : (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले मतदाता परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ, छैन र मतदाता नामावलीमा भएको फोटो र व्यहोरासँग भिड्छ, भिड्दैन सो जाँच गर्नेछ । यसरी जाँच गर्दा मतदाताको नाम, थर उमेर सो मतदाताको पिता/माताको नाम, विवाहिता महिला भए निजको पतिको नाम आदि सोधनी गर्दा मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत वा सहायक मतदान अधिकृत विश्वस्त भएमा निजलाई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचुक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतपत्र दिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा रहेको निजको नामको अगाडि रेजा (√) चिन्ह लगाउनु पर्नेछ ।

(४) अस्थायी मतदाताले मतदान केन्द्रमा मतदानको लागि आउँदा आफ्नो परिचय खुल्ने प्रमाण साथमा ल्याउनु पर्नेछ । मतदान अधिकृतले यस्ता मतदातासँग परिचय खुल्ने प्रमाण प्रस्तुत गर्न लगाउन सक्नेछ ।

८२. **महिला, पुरुष र अन्य मतदाताले मतदान गरेको तथ्याङ्क फाराम भर्ने** : (१) मतदान अधिकृतले खटाएको कर्मचारी वा स्वयंसेवकले कति समयभित्र कति पुरुष, कति महिला र कति अन्य मतदाताले मतदान गरे भन्ने तथ्याङ्क राख्नका लागि मतदाता नामावलीमा रेजा चिन्ह लगाएपछि अनुसूची-४९ बमोजिमको क्रम अनुसार पुरुष, महिला वा अन्यको सङ्ख्यामा रेजा (√) चिन्ह लगाउनु पर्नेछ । आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा पर्यवेक्षकले मतदान गर्ने पुरुष, महिला वा अन्य मतदाताको विवरण माग गरेमा सोही तथ्याङ्कको आधारमा जानकारी दिनु पर्नेछ ।

(२) मतदान अधिकृतले मतदान सम्पन्न भएपछि उपदफा (१) बमोजिमको फाराम अन्य कागजातको पोकामा नराखी निर्वाचन कार्यालयमा अलग्गै बुझाउनु पर्नेछ । साथै कति पुरुष, कति महिला र कति अन्य मतदाताले मतदान गरे भनी मतदान अधिकृतले पोलबुकमा समेत लेख्नु पर्नेछ ।

८३. **मतदाताको औंलामा चिनो लगाउने** : (१) दफा ८१ बमोजिम मतदाताको नाम आदि रुजु भएपछि मतदान अधिकृतले खटाएको महिला स्वयंसेवकले मतदाताको बायाँ हातको बुढी औलामा नङ र मासुको जोर्नीमा नमेटिने मसीले चिनो लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाताको बायाँ हातको बुढी औंला नभएमा दायाँ हातको बुढी औलामा चिन्ह लगाउनु पर्नेछ । दायाँ हातको पनि बुढी औंला नभएमा बायाँ हातको चोर, माझी, साइली र कान्छी औंलामध्ये जुन औंला सद्दे छ क्रमशः ती मध्येको एक औंलामा चिन्ह लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कुनै औंला नभएमा दायाँ हातको कुनै औंलामा सोही बमोजिमको क्रम अनुसार चिन्ह लगाउनु पर्नेछ ।

(४) कुनै मतदाताको दुवै हात रहेनछ भने मतदान अधिकृतले सो व्यहोरा मतदाता नामावलीमा जनाई निजलाई मतदान गर्न दिनु पर्नेछ ।

८४. **मतपत्रको अधकट्टीमा मतदाताको सहीछाप गराउने** : (१) मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान अधिकृतले खटाएको कर्मचारीले मतदातालाई मतपत्र दिनुभन्दा पहिले निजलाई प्रदान गरिने मतपत्रको अधकट्टीको माथिको भागमा सो मतदाताको गाउँपालिका वा नगरपालिकाको वडा नम्बर, मतदाताको क्रमसङ्ख्या तथा मतदाता नम्बर समेत लेखी सो मतदाताको सहीछाप गराई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदाताको सहीछाप गराउँदा लेख्न नसक्ने मतदाताको दायाँ हातको बुढी औंलाको छाप लगाउनु पर्नेछ । दायाँ हातको बुढी औंला नभएमा बायाँ हातको बुढी औंला वा दुवै हातमा बुढी औंला नभएमा दायाँ हातको अन्य कुनै औला वा सो नभएमा बायाँ हातको अन्य कुनै औंलाको छाप लगाई र कुनै हातमा औंला नभएमा सोही व्यहोरा अधकट्टीमा जनाई मतपत्र दिनु पर्नेछ ।

८५. **मतपत्र दिने** : ♠(१) मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान अधिकृतले खटाएको कर्मचारीले दफा ८१ बमोजिम मतदाता नामावलीमा नाम रुजु भई दफा ८३ बमोजिम औंलामा नमेटिने मसीले चिनो लगाइएको मतदातालाई मतपत्रको अधकट्टीमा भएको विवरण भरी सहीछाप गराई मतपत्र दिनु पर्नेछ ।

±(१क) उपदफा (१) बमोजिम मतदातालाई मतपत्र दिंदा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा प्रयोग गरिने मतपत्र दिनु पर्नेछ । मतदाताले सो मतपत्रमा मतसङ्केत गरी मतपेटिकामा खसाली सकेपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनमा प्रयोग गरिने मतपत्र दिई मतदाताले सो मतपत्रमा मतसङ्केत गरी मतपेटिकामा खसाली सकेपछि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रयोग गरिने मतपत्र दिनु पर्नेछ ।

(२) ♠उपदफा (१ र (१क) बमोजिम मतपत्र दिंदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी दिनु पर्नेछ ।

८६. **मतदान गर्ने** : (१) दफा ८५ बमोजिम मतपत्र लिएको मतदाताले स्वस्तिक (卐) चिन्ह भएको मतसङ्केत गर्ने छाप लिएर मतसङ्केत गर्ने गोप्य स्थान (मतदान कक्ष) मा जानु पर्नेछ ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

± पहिलो संशोधनद्वारा थप

♠(२) मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मतपत्रमा आफूले रोजेको कुनै एकजना उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा मतसङ्केत गर्ने छाप लगाई आफूले गरेको मतसङ्केतको छाप छोपिने गरी मतपत्र पट्याई मतपेटिकाभित्र खसाल्नु पर्नेछ ।

♠(३) उपदफा (२) बमोजिम मतदाताले मतदान गरेपछि मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान अधिकृतले खटाएको कर्मचारीले दफा ८४ बमोजिमको रीत पुर्‍याई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्य निर्वाचनको मतपत्र दिनु पर्नेछ र मतदाताले सो मतपत्रमा आफूले रोजेको कुनै एक जना उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा मतसङ्केत गर्ने छाप लगाई आफूले गरेको मतसङ्केतको छाप छोपिने गरी मतपत्र पट्याई मतपेटिकाभित्र खसाल्नु पर्नेछ ।

±(४) उपदफा (३) बमोजिम मतदाताले मतदान गरेपछि मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान अधिकृतले खटाएको कर्मचारीले दफा ८४ बमोजिमको रीत पुर्‍याई समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतपत्र दिनु पर्नेछ । सो मतपत्रमा मतदाताले प्रतिनिधि सभा सदस्यको लागि आफूले रोजेको कुनै एक दलको निर्वाचन चिन्ह भएको कोठामा र प्रदेश सभा सदस्यको लागि आफूले रोजेको कुनै एक दलको निर्वाचन चिन्ह भएको कोठामा मतसङ्केत गर्ने छाप लगाई आफूले गरेको मतसङ्केतको छाप छोपिने गरी मतपत्र पट्याई मतपेटिकाभित्र खसाल्नु पर्नेछ ।

±(५) मतदाताले उपदफा (२), (३) वा (४) बमोजिम मतपत्रमा मतसङ्केत गरी सकेपछि मतसङ्केत गर्ने छाप जहाँबाट लगेको हो सोही ठाउँमा ल्याएर राख्नु पर्नेछ ।

८७. **मतदान गरेको मतदातालाई बाहिर पठाउने** : मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले ±दफा ८६ बमोजिम मतदान गरेको मतदातालाई मतदान गर्ने ठाउँ तिर फर्कन नमिल्ने गरी तुरुन्त बाहिर जाने व्यवस्था मिलाउनु पर्नेछ ।

८८. **मतदान गर्न प्राथमिकता** : मतदान अधिकृतले अपाङ्गता भएका, गर्भवती, अशक्त, बृद्ध वा बिरामी मतदातालाई मतदान गर्ने काममा प्राथमिकता दिई मतदान गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

८९. **अशक्त मतदातालाई सहयोग गर्नु पर्ने** : (१) दफा ७९ को उपदफा (१) को खण्ड (छ) बमोजिम दृष्टिविहीन वा शारीरिक रुपले अशक्तता वा अरु कुनै कारणवश मतदाता आफैंले मत सङ्केत गर्न नसक्ने भई मतसङ्केत गर्ने काममा सहयोग पुर्‍याउन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा निजको परिचय खुल्ने प्रमाणको आधारमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिनु पर्नेछ ।

(२) कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता वा अरु कुनै कारणवश आफैं मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुर्‍याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा निजले त्यस्तो मतदाताको मतपत्रमा निजको इच्छा अनुसार मत सङ्केत गर्ने काममा सहयोग गर्नु पर्नेछ ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

± पहिलो संशोधनद्वारा थप

९०. **मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिने** : मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मत सङ्केत गर्ने गोप्य स्थान वा मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिनु पर्नेछ ।

तर दफा ८९ को उपदफा (१) बमोजिम अशक्त मतदाताको साथमा जान अनुमति दिएको व्यक्तिलाई त्यस्तो मतदाताको साथमा त्यस्तो स्थान वा कक्षमा प्रवेश गर्न दिइनेछ ।

९१. **मतदाताले नजानेको कुरा सिकाइ दिने :** कुनै मतदाताले मतदानको सम्बन्धमा आफूले नजानेको कुरा सोधेमा मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदानको काममा खटिएको कर्मचारी वा स्वयंसेवकले नजानेको कुरा सिकाउनु वा बुझाउनु पर्नेछ ।

तर कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने कुरा भन्न वा सङ्केत गर्नु हुँदैन ।

९२. **सानोतिनो त्रुटिमा मतदान गर्न दिने :** (१) मतदाता नामावलीमा सम्बन्धित मतदाताको नाम, थर, वतन वा क्रमसङ्ख्याको लेखाइ वा छपाइ सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको त्रुटि भएमा र सो त्रुटिले कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो मतदातालाई मतदान अधिकृतले मतदान गर्न अनुमति दिन सक्नेछ ।

(२) मतदाता नामावलीमा सम्बन्धित मतदाताको नाम, थर, वतन, मतदाता नम्बर ठीक भएको तर मतदाताको मतदाता नामावलीको तस्विर अस्पष्ट भएमा र सो कुराबाट कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो मतदातालाई मतदान अधिकृतले मतदान गर्न अनुमति दिन सक्नेछ ।

९३. **तोकिएको मतदान केन्द्रमा मात्र मतदान गर्न पाउने :** (१) कुनै गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले सोही गाउँपालिका वा नगरपालिकाको सोही वडाको लागि निजलाई तोकिएको मतदान केन्द्रमा मात्र मतदान गर्न पाउनेछ ।

(२) अस्थायी मतदाताले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि आयोगले तोकेको मतदान केन्द्रमा मात्र मतदान गर्न पाउनेछ ।

(३) मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताको नामबाट त्यस्तो मतदाता बाहेक अन्य कुनै व्यक्तिले मतदान गर्न पाउने छैन ।

(४) कुनै पनि मतदाताले एउटै निर्वाचनमा एकभन्दा बढी पटक वा एकभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न पाउने छैन ।

९४. **मतपत्र बाहेक अन्य पदार्थ मतपेटिकामा खसाल्न नदिने** : मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारी तथा सुरक्षाकर्मीले मतदातालाई मतपेटिकामा मतपत्र बाहेक अन्य पदार्थ खसाल्न दिनु हुँदैन ।

९५. **मतदान केन्द्रबाट मतपत्र बाहिर लैजान वा नष्ट गर्न नदिने** : मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मतदान गर्नको लागि मतदातालाई उपलब्ध गराएको मतपत्र मतपेटिकामा नखसाली मतदान केन्द्रबाट बाहिर लैजान वा कुनै किसिमले नष्ट गर्न दिनु हुँदैन ।

९६. **<u>मत सङ्केत सार्वजनिक गरेको मतपत्र छुट्टै खाममा राख्ने</u>** : (१) कसैले मतपत्रमा मतसङ्केत गरी सकेपछि त्यस्तो मतपत्र कसैलाई देखाए वा प्रदर्शन गरेमा वा गोप्य मत सङ्केत गर्ने स्थानमा मत सङ्केत नगरी सोभन्दा बाहिर गई मत सङ्केत गरेमा वा मत सङ्केत गरेको कुरा सार्वजनिक गरेमा त्यस्तो व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ९ को उपदफा (२) बमोजिम पन्ध्रहजार रुपैयाँसम्म जरिबाना गरी सो मतपत्र मतपेटिकामा खसाली नसकेको भए त्यस्तो मतपत्रलाई छुट्टै खाममा राख्नु पर्नेछ र सो खाममा सोही व्यहोरा उल्लेख गरी सिलबन्दी गरी अनुसूची-५० बमोजिमको मुचुल्का खडा गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै खाममा राखिएको मतपत्र गणना गरिने छैन ।

९७. **<u>नाम ढाँटी मतदान गर्ने व्यक्ति उपरको उजूरी</u>** : (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएको हो भनी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा सोही मतदान केन्द्रको मतदाताले मतदान अधिकृत समक्ष एकसय रुपैयाँ धरौटी राखी सो मतदाताको विरोधमा अनुसूची-५१ बमोजिम उजूर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा मतदान अधिकृतले सो सम्बन्धमा आवश्यक कुरा बुझी तत्काल निर्णय गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिमको विरोधको व्यहोरा र सोको निर्णय अनुसूची-५२ बमोजिमको निर्णय किताबमा तुरुन्त जनाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको विरोध ठीक नठहरेमा मतदान अधिकृतले सो धरौटी जफत गर्नु पर्नेछ । विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम उजूर गर्ने व्यक्तिलाई तुरुन्त फिर्ता दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको विरोध ठीक ठहरेमा यसरी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ७ को उपदफा (३) बमोजिम तत्काल पच्चीस हजार रुपैयाँसम्म जरिबाना गरी त्यसको रसिद सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम जरिबाना गरिएको रकम सङ्घीय संचित कोषमा दाखिला गर्न निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(७) कसैले उपदफा (५) बमोजिमको जरिबाना वापतको रकम नबुझाएमा मतदान अधिकृतले निजलाई प्रचलित सङ्घीय कानून बमोजिम कैद गर्न सम्बन्धित प्रहरी कार्यालयमा बुझाई दिनु पर्नेछ ।

९८. **<u>मतदाताले फिर्ता दिएको मतपत्रको लगत तयार गर्ने</u>** : (१) कुनै मतदाताले मतदान नगर्ने निश्चय गरी आफूले मतदान गर्न लिएको मतपत्र मतदान अधिकृतलाई फिर्ता दिएमा मतदान अधिकृतले त्यस्तो मतपत्रको लगत तयार गर्नु पर्नेछ र फिर्ता गरिएको मतपत्रमा फिर्ता गरिएको व्यहोरा जनाई छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ता गरिएका ♠<u>पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको मतपत्र, सोही निर्वाचन प्रणाली बमोजिम</u>

---

♠ पहिलो संशोधनद्वारा संशोधित

हुने प्रदेश सभा सदस्यको निर्वाचनको मतपत्र र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतपत्र छुट्टाछुट्टै खामबन्दी गरी मतदान अधिकृतले सो कुरा आफ्नो पोलबुकमा जनाई राख्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मत सङ्केत गरी सकेको मतपत्र फिर्ता दिन आएमा तत्कालै मतपेटिका भित्र खसाली दिनु पर्नेछ ।

♠(४) कुनै मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन मध्ये कुनै निर्वाचन तर्फको मतपत्र नलिई वा फिर्ता दिई अर्को निर्वाचन तर्फको मतदान गर्न चाहेमा वा कुनै निर्वाचन तर्फ मतदान गरी अर्को निर्वाचन तर्फ मतपत्र लिन नचाहेमा वा मतपत्र फिर्ता दिएमा मतदान अधिकृतले सोही व्यहोराको अभिलेख राखी सोको विवरण निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

©(५) .........

९९. **मतदान केन्द्र निरीक्षण गर्ने** : मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदानको अवधिमा देहाय बमोजिमको ठाउँ र कामको निरन्तर निरीक्षण गर्नु पर्नेछ र त्यहाँ कुनै समस्या रहेछ भने तत्काल समाधान गरी मतदानको कार्य लगातार चालु राख्नु पर्नेछ :-

(क) मतदाताको पूरा नाम, उमेर सोधी ठीक तरिकाले रुजु भएको वा नभएको,

(ख) मतदातालाई मतपत्र दिई सकेपछि मतदाता नामावलीमा रेजा (√) चिन्ह लगाएको वा नलगाएको,

(ग) महिला, पुरुष र अन्य मतदाताले मतदान गरेको छुट्टयाउने तथ्याङ्क फाराममा रेजा (√) चिन्ह लगाएको वा नलगाएको,

(घ) मतदाताको औंलाको तोकिएको ठाउँमा नउड्ने मसी लगाएको वा नलगाएको,

(ङ) अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती वा सुत्केरी महिला वा यस्तै प्रकारको कुनै शारीरिक अशक्तता भएका मतदातालाई मतदान गर्न प्राथमिकता दिएको वा नदिएको,

(च) कुनै मतदाता गोप्य स्थानमा मत सङ्केतको छाप लगाउन आवश्यक समयभन्दा बढी समयसम्म बसेको वा नबसेको,

(छ) छापदानी र मत सङ्केत गर्ने स्वस्तिक छाप निर्धारित स्थानमा रहेको वा नरहेको,

(ज) छापदानीमा मसी भएको वा नभएको,

(झ) मतपेटिकामा मतपत्र खसालेको वा नखसालेको,

(ञ) मतपेटिका भरिएको वा नभरिएको,

♠ पहिलो संशोधनद्वारा संशोधित

© पहिलो संशोधनद्वारा झिकिएको

(ट) मतपेटिका सुरक्षित अवस्थामा रहेको वा नरहेको,

(ठ) मतदाताको नाम रुजु गर्ने स्थानमा र मत सङ्केत गर्ने गोप्य स्थान बाहिर मतदाताको भीड भएको वा नभएको,

(ड) मतदान कार्यमा कुनै बाधा भएको वा नभएको,

(ढ) मतदान केन्द्रमा खटिएका कर्मचारी तथा स्वयंसेवकले मतदाता, पर्यवेक्षक, घुम्तीटोली तथा अनुगमनकर्तासँग शिष्ट व्यवहार गरेको वा नगरेको ।

१००. **मतदान गर्ने स्थानमा निरीक्षण गर्न सक्ने** : कुनै मतदाता मत सङ्केत गर्ने स्थानमा मनासिब समयभन्दा बढी समयसम्म बसेमा वा मतदान अधिकृतलाई कुनै शङ्का लागेमा निजले मत सङ्केत गर्ने स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

१०१. **कसलाई मतदान गरेको प्रकट गर्नु नहुने** : कुनै पनि मतदाताले मतदानको अवधिभर आफूले कसलाई मतदान गरेको हो भन्ने व्यहोरा कुनै पनि माध्यमबाट कसैलाई प्रकट गर्नु हुँदैन ।

१०२. **अशक्ततामा काम गर्ने** : (१) मतदान कार्य भई रहेको समयमा मतदान अधिकृत कुनै कारणले अशक्त भई मतदान कार्य सुचारु रुपले सञ्चालन गर्न असमर्थ भएको भनी सो मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत, मतदान केन्द्रका कर्मचारी, सुरक्षाकर्मी, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले अनुसूची-५३ बमोजिमको मुचुल्का गरेमा सहायक मतदान अधिकृतले मतदान सम्बन्धी बाँकी कार्य सम्पन्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुचुल्का गराएपछि सहायक मतदान अधिकृतले मतदान अधिकृतलाई भएको अधिकार प्रयोग गरी मतदान कार्य सञ्चालन गर्नु, गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्य सञ्चालन गर्दा मतदान अधिकृतले मतपत्रमा दस्तखत गरी सकेको अवस्थामा सो मतपत्र मतदातालाई वितरण गरी सकेपछि मात्र नपुग अन्य मतपत्रमा सहायक मतदान अधिकृतले उपदफा (१) बमोजिमको मुचुल्कामा गरिएको दस्तखत नमूना बमोजिमको दस्तखत गरी मतदातालाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको मुचुल्का मतदान कार्य सम्पन्न भई निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका बुझाउँदा छुट्टै रुपमा बुझाउनु पर्नेछ ।

१०३. **मतदानको प्रगति विवरण** : (१) मतदान अधिकृतले मतदान सुरु भएको जानकारी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ । त्यसपछि सामान्यतयाः दुई घण्टामा मतदानको प्रगतिको (मतदाताको कुल सङ्ख्या, खसेको मतको सङ्ख्या र त्यसको प्रतिशत) विवरण छिटो साधनद्वारा निर्वाचन अधिकृत समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति विवरण घुम्ती टोली मार्फत पनि पठाउन सकिनेछ । यसरी प्राप्त प्रगति विवरणको आधारमा निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन क्षेत्रको मतदान सम्बन्धी विवरण तयार गरी प्रत्येक दुई घण्टामा आयोगमा पठाउनु पर्नेछ ।

१०४. **मतदान केन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्न दिने** : मतदान अधिकृतले मतदानको लागि तोकिएको समयभित्र मतदान केन्द्रभित्र प्रवेश गरी सकेको मतदातालाई मतदान गर्ने समय समाप्त भए तापनि मतदान गर्न अनुमति दिनु पर्नेछ ।

१०५. **तोकिएको समयपछि मतदान केन्द्रमा प्रवेश गर्न नदिने** : मतदान अधिकृतले मतदानको लागि तोकिएको समय समाप्त भएपछि कुनैपनि व्यक्तिलाई मतदान केन्द्रभित्र प्रवेश गर्न दिनु हुँदैन ।

**१०६. <u>मतदानको समय समाप्त हुन लागेको जानकारी गराउने</u>** : मतदान गर्न तोकिएको समय समाप्त हुनुभन्दा पन्ध्र मिनेट अगाडि मतदान अधिकृतले मतदाताले स्पष्टसँग सुन्ने गरी मतदानको समय सकिन लागेको जानकारी गराउनु पर्नेछ ।

**१०७. <u>मतदानको समय समाप्त नभएसम्म मतदानको कार्य समाप्त गर्न नहुने</u>** : मतदान गर्नको लागि कुनै मतदाता सो मतदान केन्द्रमा उपस्थित नभए तापनि मतदान अधिकृतले मतदानको लागि तोकिएको अन्तिम समय समाप्त नभएसम्म मतदान केन्द्रमा मतदानको कार्य समाप्त गर्नु हुँदैन ।

**१०८. <u>मतपेटिकामा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने</u>** : (१) मतदान गर्न तोकिएको समय समाप्त भएपछि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपत्र रहेका सबै मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गरी आयोगले उपलब्ध गराएको सुरक्षण सिल लगाउनु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतपेटिकाको प्वाल बन्द गरेको अनुसूची-५४ बमोजिमको मुचुल्का गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(३) मतदानको क्रममा मतदानको लागि राखिएको मतपेटिका मतपत्रले भरिएमा मतदान अधिकृतले यस दफा बमोजिमको रित पुऱ्याई त्यस्तो मतपेटिका बन्द गरी दफा ७४ र ७५ बमोजिमको रित पुऱ्याई अर्को मतपेटिका राख्नु पर्नेछ ।

**१०९. <u>मतपत्रको फाँटबारी तयार गर्ने</u>** : (१) मतदान अधिकृतले मतदानको काम समाप्त भएपछि अनुसूची-५५ बमोजिम मतपत्रको फाँटवारी तयार गर्नु पर्नेछ । त्यसरी फाँटबारी तयार गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग भएका मतपत्रको छुट्टाछुट्टै फाँटवारी तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फाँटवारी तयार गरेपछि सो फाँटवारीमा मतदान अधिकृतले सहीछाप गर्नु पर्नेछ र सो स्थानमा उपस्थित उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

**११०. <u>कागजात सुरक्षित राख्ने</u>** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि देहायका कागजपत्र र मतपत्रहरू छुट्टाछुट्टै खाममा बन्द गरी लाहाछाप लगाउनु पर्नेछ र सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले समेत आफ्नो लाहाछाप लगाउन चाहेमा लगाउन दिनु पर्नेछ :-

(क) मतदान अधिकृतको दस्तखत नभएका मतपत्र,

(ख) मतदान अधिकृतको दस्तखत भएका तर मतदानमा प्रयोग नभएका मतपत्र,

(ग) मतपेटिका बाहिर रहेका मतपत्र,

(घ) रद्द गरिएका मतपत्र,

(ङ) मतदाताले मतदान नगरी मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्र,

(च) मतदाताको नाम रुजु गरी रेजा (✓) चिन्ह लगाएको मतदाता नामावली,

(छ) मतपत्रका अधकट्टी,

(ज) निविदा मतपत्र,

(झ) निविदा मतपत्रको लगत र निर्णय किताब,

(ञ) विरोध गर्ने र विरोध भएको मतदाताको सूची,

(ट) विरोध सम्बन्धी निर्णय किताब,

(ठ) आयोग वा निर्वाचन अधिकृतको निर्देशन अनुसार खामबन्द गरी लाहाछाप लगाई राख्नु पर्ने अन्य कुनै कागजात ।

♠(२) उपदफा (१) बमोजिम खामबन्दी गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन सम्बन्धी सो उपदफाको खण्ड (क), (ख), (ग), (घ), (ङ), (छ) र (ज) बमोजिमका कागजपत्रहरु छुट्टाछुट्टै खाममा बन्द गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) र (२) बमोजिमको कागजात खामबन्द गरी सकेपछि सोको अनुसूची-५६ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी सो स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

१११. **मतदान कार्य रोक्न सक्ने** : (१) कुनै विशेष वा असामान्य परिस्थिति उत्पन्न भई मतदान कार्य सुचारु हुन नसक्ने अवस्था आएमा मतदान अधिकृतले सूचना प्रकाशन गरी केही समयको लागि समय तोकी मतदान रोक्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र पुनः मतदान कार्य सुचारु गर्न नसकिने भएमा मतदान अधिकृतले सो दिनको मतदान स्थगित गर्न सक्नेछ ।

११२. **मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा** : (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरिएमा मतदान अधिकृतले अनुसूची-५७ बमोजिम मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा वा मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाई सकेको मतदानको लागि प्रयोग भएको मतपेटिका कुनै किसिमले खोसिएमा, जानाजान तोडफोड गरी नोक्सान गरिएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान तुरुन्त रद्द गर्नु पर्नेछ र त्यसको प्रतिवेदन आयोगमा तुरुन्त दिनु पर्नेछ ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

११३. **विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने** : (१) कुनै मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई वा उपद्रव वा प्राकृतिक विपत्ति वा काबू बाहिरको कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजले त्यस्तो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगित गरी मतदान स्थगित भएको कारण सहित उल्लेख गरी अनुसूची-५८ बमोजिमको सूचना सोही स्थानमा प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई अनुसूची-५९ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान स्थगित गरेको सूचना तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतदान स्थगित भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले तुरुन्त आयोग र मुख्य निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

११४. **मतदान केन्द्रको अनधिकृत कब्जा** : (१) देहायको अवस्थामा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवार वा दलको समर्थक मतदातालाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदातालाई मतदान गर्न नदिएमा,

(ख) कसैले मतदातालाई कुनै उम्मेदवार वा दलको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नको लागि बाटो वा गौँडा छेकी रोकेमा वा मतदान केन्द्रमा वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा

(ग) कसैले मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लिखित कुनै प्रकारले मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी त्यसरी मतदान स्थगित भएको कारण सहित उल्लेख गरी अनुसूची-५८ बमोजिमको सूचना सोही स्थानमा प्रकाशन गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई अनुसूची-५९ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले सो स्थानमा जाँचबुझ गर्न अनुगमन टोली खटाउन वा सो घटनाको जाँच गर्न निर्वाचन अधिकृतलाई निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोली खटाइएको वा निर्वाचन अधिकृतलाई निर्देशन दिइएकोमा त्यस्तो अनुगमन टोली वा निर्वाचन अधिकृतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन र अन्य वस्तुस्थितिबाट मतदान केन्द्रमा अनधिकृत कब्जा भएको कारणले निर्वाचनको परिणाममा प्रभाव पर्ने देखिएमा आयोगले वा आयोगको निर्देशन अनुसार निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

(७) कसैले उपदफा (१) विपरीत कार्य गरेमा मतदान अधिकृतले त्यस्तो कार्य गर्ने वा गराउने व्यक्तिलाई गिरफ्तार गर्न सो ठाउँमा खटिएका सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश पाएको सुरक्षाकर्मीले गिरफ्तार गर्न लगाइएको व्यक्तिलाई तुरुन्त गिरफ्तार गरी आफ्नो नियन्त्रणमा राख्नु पर्नेछ ।

**११५. मतपेटिका सँगै आउन सक्ने** : (१) मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले मतदान केन्द्रबाट मतपेटिका लिएर मतगणना हुने स्थानतर्फ जाँदा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरू मतपेटिकाको सुरक्षाको लागि मतदान अधिकृतसँगै जान चाहेमा मतदान अधिकृतले आफूसँग आउन दिनु पर्नेछ र मतपेटिका राखेको कोठा बाहिर बस्न चाहेमा बस्नको लागि अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृतसँग आउने व्यक्तिलाई कुनै अवस्थामा पनि मतपेटिका समाउन वा छुन दिनु हुँदैन ।

Σ**११६. मतपेटिका र मतदान सामग्री बुझाई भरपाई लिने** : (१) मतदान अधिकृतले सम्बन्धित मतदान केन्द्रबाट ल्याएका मतपेटिका, प्रयोग नभएका मतपत्र लगायतका खामबन्दी गरिएका कागजात, वितरण गर्न बाँकी रहेका मतदाता परिचयपत्र तथा निर्वाचन सम्बन्धी सम्पूर्ण सामग्रीको विवरण अनुसूची-६० बमोजिम दुई प्रति तयार गरी सम्बन्धित निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान अधिकृतबाट निर्वाचन सामग्री बुझी लिएपछि मतदान अधिकृतले पेश गरेको उपदफा (१) बमोजिमको फाराममा सहीछाप गरी एक प्रति मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सामग्री बुझाउँदा मतदान अधिकृतले मतदातालाई बुझाउन बाँकी मतदाता परिचयपत्र, परिचयपत्र बुझाएको भरपाई, आफ्नो पोलबुक र मतदाताको तथ्याङ्क फाराम सिलबन्दी नगरी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(४) मतदान अधिकृतले बुझाएका रित्तो मतपेटिका, स्टाम्प प्याड, मत सङ्केत गर्ने स्वस्तिक छाप, पित्तलको स्वस्तिक छाप, स्केल, मतदाता परिचयपत्र, मतदाता परिचयपत्र बुझाएको भरपाई समेत निर्वाचन अधिकृतले निर्वाचन कार्यालयमा बुझाई दिनु पर्नेछ ।

---

Σ दोस्रो संशोधनद्वारा संशोधित

**११७. मतपेटिका बन्द गरेको बिर्कोको सुरक्षणसिल चुँडिएमा** : (१) मतपेटिका ल्याउँदा बाटोमा मतपेटिकाको सुरक्षणसिल चुँडिएको देखिएमा मतदान अधिकृतले त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई दिनु पर्नेछ र निर्वाचन अधिकृतले मतदान अधिकृतसँगै आएका उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिबाट समेत सो कुराको जानकारी वा प्रतिवेदन लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनबाट कसैको गफलतले मतपेटिकाको सुरक्षणसिल चुँडिएको होइन भन्ने कुरा प्रमाणित भएमा बाहेक मतपेटिकामा लगाएको सुरक्षणसिल जानाजानी चुँडाएको प्रमाणित भएमा वा आशंका लागेमा निर्वाचन अधिकृतले सो कुराको प्रतिवेदन तुरुन्त आयोगमा दिनु पर्नेछ र त्यस्तो अवस्थामा आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

**११८. मतपेटिका राख्ने तथा मतगणना गर्ने ठाउँको व्यवस्था गर्ने** : निर्वाचन अधिकृतले मतदान अधिकृतले ल्याएका मतपेटिका बुझी लिनु भन्दा पहिले नै मतपत्र भएको मतपेटिका राख्ने ठाउँ तथा मतगणना गर्ने स्थानको आवश्यक सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ । यसरी सुरक्षा प्रबन्ध मिलाउनको लागि निर्वाचन अधिकृतले स्थानीय प्रशासन र अन्य सुरक्षा निकाय समेतको सहयोग लिन सक्नेछ ।

**११९. मतपेटिका सङ्कलन गर्ने** : (१) निर्वाचन अधिकृतले मतदान अधिकृतबाट प्राप्त मतपेटिका तथा अन्य निर्वाचन सामग्री बुझी लिन र त्यसको भरपाई गरिदिन आवश्यक कर्मचारी खटाउन सक्नेछ । यसरी कर्मचारी खटाउँदा सहायक निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीलाई प्राथमिकता दिई खटाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान अधिकृतले बुझाएका मतपेटिका सङ्कलन गरी ♠पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि प्रयोग भएको मतपेटिका, सोही निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनको लागि प्रयोग भएको मतपेटिका र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग भएका मतपेटिका छुट्टिने गरी सकेसम्म एउटै कोठामा सुरक्षित राख्नु पर्नेछ । यसरी मतपेटिका राख्दा प्रदेश सभा सदस्यको प्रत्येक निर्वाचन क्षेत्रमा पर्ने मतदान केन्द्रका मतपेटिका छुट्टिने गरी राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपेटिका राखेको कोठाको झ्याल र ढोकामा बलियो चुकुल तथा ताला लगाई आफ्नो लाहाछाप समेत लगाउनु पर्नेछ । सो ठाउँमा उम्मेदवार वा निर्वाचन प्रतिनिधिले आफ्नो लाहाछाप लगाउन चाहेमा सो समेत लगाउन दिनु पर्नेछ । यसरी लाहाछाप लगाएको अनुसूची-६१ बमोजिमको मुचुल्का गरी त्यसमा निर्वाचन अधिकृतले आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(४) मतपेटिका राखेको कोठा बाहिर उम्मेदवार, निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधि बस्न चाहेमा निर्वाचन अधिकृतले सो कुराको अनुमति दिनु पर्नेछ ।

(५) मतगणनाको लागि मतपेटिका राखेको कोठा खोल्नु परेमा उपदफा (३) बमोजिमको लाहाछाप जाँच्नु पर्नेछ र त्यसपछि लाहाछाप तोडी कोठा खोलेको अनुसूची-६२ बमोजिमको

♠ पहिलो संशोधनद्वारा संशोधित

मुचुल्का गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा निर्वाचन अधिकृतले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधि समेतको सहीछाप गराउनु पर्नेछ ।

१२०. **मतपेटिका सङ्कलन गर्ने विशेष व्यवस्था** : मतदान केन्द्रबाट ♠मतगणनास्थलमा मतपेटिका ल्याउँदा सुरक्षाकर्मीको सहयोग लिई त्यस्तो मतपेटिका सुरक्षित साथ ल्याउन प्रमुख जिल्ला अधिकारीले निर्वाचन अधिकृतसँग समन्वय गरी विशेष प्रबन्ध गर्न सक्नेछ । त्यस्तो विशेष प्रबन्ध गरेको अवस्थामा सोको जानकारी समयमा नै मतदान अधिकृतलाई दिनु पर्नेछ ।

१२१. **निर्वाचन अधिकृतको जिम्मामा रहेको मतपेटिका नोक्सान वा तोडफोड भएमा प्रतिवेदन दिने** : (१) मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाई सकेको मतदानमा प्रयोग भएका मतपेटिका कुनै किसिमले खोसिएमा, दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा निर्वाचन अधिकृतले सो कुराको अनुसूची-६३ बमोजिमको ढाँचामा मुचुल्का गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको घटनाको सम्बन्धमा निर्वाचन अधिकृतले आफ्नो राय सहितको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

१२२. **आयोगले जाँचबुझ गरी मतदान रद्द गर्न सक्ने** : (१) दफा १२१ बमोजिमको राय सहितको प्रतिवेदन प्राप्त गरेपछि आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको जाँचबुझबाट त्यस्तो मतपेटिकामा रहेको मतपत्र गणना हुन नसक्ने ठहराएमा आयोगले सम्बन्धित मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

१२३. **पुनः मतदानको व्यवस्था** : (१) दफा ११२, ११३, ११४ वा १२२ बमोजिम मतदान स्थगित वा रद्द भएको अवस्थामा निर्वाचन अधिकृतले सो मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी अनुसूची-६४ बमोजिमको सूचना आफ्नो कार्यालयमा र मतदान स्थगित गरिएको मतदान केन्द्रमा प्रकाशन गरी अनुसूची-६५ बमोजिमको मुचुल्का गराई राख्नु पर्नेछ ।

♠(२) यस निर्देशिका बमोजिम मतपेटिका नोक्सान भएको वा तोडफोड भएको कारणले पुनः मतदान गर्नु पर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिमको प्रदेश सभा सदस्यको निर्वाचन वा समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको लागि प्रयोग भएको मतपत्र मध्ये जुन निर्वाचनको लागि प्रयोग भएको मतपेटिका नोक्सान भएको वा तोडफोड भएको हो सो निर्वाचनको लागि मात्र पुनः मतदान हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम हुने पुनः मतदानको लागि मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारी खटाउँदा पहिले सो मतदान केन्द्रमा नखटिएको कर्मचारीलाई खटाउनु पर्नेछ ।

## परिच्छेद-९

## मतगणना र निर्वाचन परिणाम

१२४. **मतगणना प्रारम्भ हुने सूचना प्रकाशन गर्ने** : (१) निर्वाचनको लागि तोकिएका सबै मतदान केन्द्रहरूमा मतदानको लागि प्रयोग भएका मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समय उल्लेख गरी अनुसूची-६६ बमोजिमको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

तर कुनै मतदान केन्द्रमा पुनः मतदान हुने भएमा त्यसरी पुनः मतदान भएको मतदान केन्द्रको मतपेटिका मतगणनास्थलमा प्राप्त नभएसम्म अन्य मतदान केन्द्रको मतगणना कार्य शुरु गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्ने स्थान तोक्दा सुरक्षा र सुविधाको दृष्टिले मतगणना गर्न उपयुक्त सरकारी कार्यालय वा सार्वजनिक भवनमा मतगणना हुने गरी तोक्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिम हुने गरी मतगणनाको मिति र समय तोक्नु पर्नेछ :-

(क) प्रतिनिधिसभा सदस्यको निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रको ±प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि मतदान कार्य सम्पन्न भई मतपेटिका प्राप्त भए पछि मात्र मतगणना गर्ने,

(ख) एक भन्दा बढी चरणमा निर्वाचन हुने गरी निर्वाचन मिति तोकिएकोमा अन्तिम चरणमा हुने निर्वाचनमा मतदानको लागि तोकिएको समय समाप्त भए पछि मात्र मतगणना गर्ने ।

(४) उपदफा (१) बमोजिमको सूचनामा उम्मेदवारले मतगणना गर्ने स्थानमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा त्यस्तो प्रतिनिधि नियुक्त गरी पठाउनु पर्ने कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

**१२५. मतगणनाको लागि कर्मचारीको व्यवस्था गर्ने** : (१) निर्वाचन अधिकृतले मतदान केन्द्रबाट मतपेटिका प्राप्त हुनु अगावै मतगणना गर्ने कर्मचारीको प्रबन्ध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना कार्यमा खटिने कर्मचारीलाई निर्वाचन अधिकृतले मतगणना सम्बन्धी अभिमुखीकरण गराउनु पर्नेछ ।

**१२६. मतगणना गर्ने स्थानको व्यवस्था** : (१) निर्वाचन अधिकृतले एउटै कोठा वा ठाउँमा मतगणना गर्ने व्यवस्था गर्नु पर्नेछ । एउटै कोठा वा ठाउँमा मतगणना गर्नको लागि पर्याप्त ठाउँ नपुगेमा सोही भवनको अर्को कोठा वा ठाउँमा पनि मतगणना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्दा छुट्टाछुट्टै भवनमा मतगणना गर्नु हुँदैन ।

तर एउटै भवनमा पर्याप्त स्थान नभएमा एउटै परिसरमा रहेका एक भन्दा बढी भवनमा समेत मतगणना गर्न सकिनेछ ।

(३) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा प्रकाश वा बत्तीको पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(४) सर्वसाधारणलाई समय समयमा मतगणनाको प्रगति र नतिजाको जानकारी गराउनको लागि मतगणना गर्ने स्थानमा सूचना पाटी तथा माइक आदिको यथोचित व्यवस्था गर्नु पर्नेछ ।

(५) निर्वाचन अधिकृतले मतगणना स्थलमा उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतलाई विचार गरी एकै पटकमा दुई वा सोभन्दा बढी मतगणना टोली परिचालन गरी मतगणना गराउन सक्नेछ ।

± पहिलो संशोधनद्वारा थप

(६) ♠पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको मतगणना एकै पटक गर्नु पर्दा अलग अलग कोठामा गर्नु पर्नेछ ।

तर अलग अलग कोठामा गणना गर्न नसकिने अवस्थामा एउटै कोठामा मतपत्र नमिसिने गरी गणना गर्न सकिनेछ ।

**१२७. मतगणना प्रतिनिधि राख्ने** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचन तर्फको मतगणनामा उम्मेवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणना गर्ने स्थानमा उम्मेवारको प्रतिनिधित्व गर्न वा मतगणनाको लागि उम्मेदवारले गर्नुपर्ने काम गर्न मतगणना प्रतिनिधि राख्न सक्नेछ ।

(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचन तर्फको मतगणनामा दलको निर्वाचन प्रतिनिधिले मतगणना गर्ने स्थानमा दलको प्रतिनिधित्व गर्न वा मतगणनाको लागि दलको तर्फबाट गर्नुपर्ने काम गर्न मतगणना प्रतिनिधि राख्न सक्नेछ ।

(३) निर्वाचन अधिकृतले मतगणना गर्ने प्रत्येक टोलीमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणनाको हकमा एउटा उम्मेदवारको तर्फबाट एकजना र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणनाको हकमा एउटा दलको तर्फबाट एक जनामात्र रहने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

**१२८. मतगणना गर्ने स्थानमा प्रवेश** : (१) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा देहाय बमोजिमका व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न अनुमति दिनु हुँदैन :-

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणनाको लागि उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(ख) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणनाको लागि दलको एक जना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(ग) मतगणनाको काममा खटिएका कर्मचारी,

(घ) आयोगबाट अनुगमन वा अन्य प्रयोजनको लागि खटिएका पदाधिकारी वा कर्मचारी,

(ङ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(च) सुरक्षाको लागि खटिएका कर्मचारी,

(छ) आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्ति ।

(२) मतगणना गर्ने स्थानमा प्रवेश गर्न पाउने उपदफा (१) बमोजिमका व्यक्तिलाई निर्वाचन अधिकृतले अनुसूची-४८ बमोजिमको अनुमतिपत्र दिनु पर्नेछ ।

**१२९. परिचयपत्र वा अनुमतिपत्र लगाउनु पर्ने** : (१) मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति पाएका कर्मचारी वा व्यक्तिले मतगणना गर्ने स्थानमा रहँदा आफ्नो परिचयपत्र तथा अनुमतिपत्र सबैले देख्ने गरी लगाउनु पर्नेछ ।

♠ पहिलो संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिम परिचयपत्र नभएको वा अनुमतिपत्र नपाएको कर्मचारी वा व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न वा बस्न दिनु हुदैन ।

१३०. **मादक पदार्थ सेवन गरेको व्यक्तिलाई प्रवेश गर्न नदिने** : दफा १२८ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले मादक पदार्थ सेवन गरेको कुनै पनि व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

१३१. **हतियार लिएको व्यक्तिलाई प्रवेश गर्न नदिने** : दफा १२८ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले मतगणना स्थलको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक हतियार लिएको अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

१३२. **निर्धारित समयमा मतगणना प्रारम्भ गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्न दफा १२४ बमोजिम प्रकाशन गरेको सूचनामा उल्लेख गरेको मिति र समयमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा मतगणनाको कार्य प्रारम्भ गर्नु वा गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेको अनुसूची-६७ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि समेतको सहिछाप गराउनु पर्नेछ । यस्तो मुचुल्का गराउँदा ♠पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिमको प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको मतगणनाको लागि अलग अलग मुचुल्का गराउनु पर्नेछ ।

(३) मतगणना गर्ने स्थानमा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित नभएमा वा मुचुल्कामा सहीछाप गर्न मञ्जुर नगरेमा निर्वाचन अधिकृतले मुचुल्कामा सोही व्यहोरा जनाई आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुई जना व्यक्तिको समेत सहीछाप गराउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नु पर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म ♠प्रतिनिधि सभा सदस्यको लागि निर्धारित सम्बन्धित निर्वाचन क्षेत्रको तथा त्यस्तो निर्वाचन क्षेत्रमा पर्ने प्रदेश सभा सदस्यको निर्वाचनको मतगणना प्रारम्भ गरिने छैन ।

(५) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ हुनु पूर्व मतगणनास्थलमा उपस्थित कसैले पनि क्यामरा, मोबाइल जस्ता उपकरणहरु प्रयोग गर्न नपाउने कुराको जानकारी गराई त्यस्ता उपकरण प्रयोग नगर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

♠(६) निर्वाचन अधिकृतले मतगणना गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको प्रतिनिधि सभा सदस्यको निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिमको प्रदेश सभा सदस्यको निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको मतगणना एकै समयमा प्रारम्भ गर्नु पर्नेछ ।

♠(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकै समयमा सबै निर्वाचनको मतगणना गर्न नसकिएमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको

---

♠ पहिलो संशोधनद्वारा संशोधित

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको मतगणना एकै पटक गरी सोको गणना समाप्त भए पछि समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको मतगणना गर्नु पर्नेछ ।

±(८) उपदफा (७) बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको मतगणना एकै पटक गर्न नसकिएमा पहिले प्रतिनिधि सभा सदस्यको निर्वाचनको मतगणना गरी त्यसपछि प्रदेश सभा सदस्यको निर्वाचनको मतगणना गर्नु पर्नेछ ।

१३३. **मतपेटिका जाँच गर्ने** : (१) दफा १३२ को उपदफा (२) बमोजिम मतगणना प्रारम्भ भएको मुचुल्का गरी सकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछ :-

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन,

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सुरक्षणसिल नम्बर र मतपेटिकाको सङ्ख्या उल्लेख गरिएको छ, छैन,

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षणसिल दुरुस्त छ, छैन ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतपेटिका जाँच गरी सकेपछि मतपेटिका जाँच गरेको अनुसूची-६८ बमोजिमको मुचुल्का गर्नु पर्नेछ । यसरी मुचुल्का गर्दा आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ । कुनै उम्मेदवार वा प्रतिनिधिले सो मुचुल्कामा कुनै कैफियत जनाउन चाहेमा त्यस्तो कैफियतसमेत जनाउन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा मुचुल्कामा सोही व्यहोरा खुलाउनु पर्नेछ । यसरी मुचुल्का तयार भएपछि त्यस्ता मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

(४) कैफियत नदेखिएको मतपेटिकाको मतगणना कार्य समाप्त भएपछि उपदफा (३) बमोजिम कैफियत देखिएका मतपेटिकाको सम्बन्धमा सहमति कायम गरी मतगणना गर्नु पर्नेछ। सहमति कायम हुन नसकेमा आयोगलाई जानकारी गराई आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

१३४. **मतगणनाको प्रक्रिया** : (१) मतपेटिका जाँच गरेको मुचुल्का गरी सकेपछि सो मतपेटिकामा लगाएको सुरक्षणसील तोडी खोल्नु पर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्रहरू मतगणना गर्ने टेबुल वा स्थानमा खन्याउनु पर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपत्र खन्याउँदा ±सम्बन्धित निर्वाचन क्षेत्रका एकभन्दा बढी मतदान केन्द्रको मतपत्रहरू एकै स्थानमा मिसाई मतगणना गर्नु पर्नेछ । त्यसरी मतपत्र मिसाउनु अघि त्यस्ता मतदान केन्द्रमा खसेको कूल मतको विवरण छुट्टै लेखी सुरक्षित राख्नु पर्नेछ ।

± पहिलो संशोधनद्वारा थप

♠(३) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनको मतपत्र गणना गर्ने प्रयोजनको लागि उपदफा (२) बमोजिम मतपत्र मिसाउँदा प्रतिनिधि सभाको निर्वाचन क्षेत्र अन्तर्गत पर्ने प्रदेश सभाको अलग-अलग निर्वाचन क्षेत्रमा पर्ने मतदान केन्द्रको प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि प्रयोग गरिएका मतपत्र मिसाउनु पर्नेछ ।

(४) मतपेटिकाबाट पट्याईएका मतपत्रहरू खोलेर निर्वाचन चिन्ह भएको भाग घोप्ट्याएर राख्नु पर्नेछ र सुविधा अनुसार पचास वा एकसय मतपत्रको ठेली बनाई धागो वा रबरले बाँधी राख्नु पर्नेछ ।

(५) निर्वाचन अधिकृतले उपदफा (४) बमोजिम बनाइएका ठेली जिम्मा लिई राख्नु पर्नेछ र प्रत्येक ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

±(५क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा मतदान भएको मतपत्र गणना गर्दा उपदफा (४) बमोजिम छुट्टयाइएका मतपत्रको ठेलीबाट सबैभन्दा पहिले बदर मतपत्रहरु छुट्टयाई त्यसको गणना गर्नु पर्नेछ । त्यसपछि उम्मेदवारको निर्वाचन चिन्ह अनुसार सदर मतको गणना गर्नु पर्नेछ ।

(६) ±समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको लागि एउटै पानामा मतपत्र रहेको अवस्थामा सो पानामा रहेको दुवै निर्वाचन तर्फको मतगणना एकै पटक गर्नु पर्नेछ ।

**१३५. प्रतिनिधिले देख्ने गरी मतगणना गर्ने** : मतगणना गर्दा निर्वाचन अधिकृत वा निजले खटाएको गणक कर्मचारीले उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले राम्रोसँग देख्न सक्ने गरी मतगणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्दा उम्मेवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले कुनै मतपत्र हेर्न चाहेमा निजहरुलाई त्यस्तो मतपत्र देखाउनु पर्नेछ ।

तर त्यस्तो मतपत्र निजलाई समाउन वा छुन दिनु हुँदैन ।

**१३६. मतगणना तालिका तयार गरी प्रगती विवरण जानकारी गराउने** : (१) दफा १३४ बमोजिम गणना गरिएको मतदान केन्द्रको मत परिणामको विवरण अनुसूची-६९ बमोजिमको मतगणना फाराममा  चढाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको मतगणना फारामको आधारमा प्रत्येक उम्मेदवार वा दलको मतगणनाको अङ्क अनुसूची-७० बमोजिमको मतगणना अभिलेख फाराममा चढाउनु पर्नेछ ।

(३) यस दफा बमोजिम तयार भएको मतगणनाको प्रगती विवरण र सोको परिणाम निर्वाचन अधिकृतले आयोगमा पठाउनु पर्नेछ ।

♠ पहिलो संशोधनद्वारा संशोधित

± पहिलो संशोधनद्वारा थप

(४) उपदफा (३) बमोजिम निर्वाचन अधिकृतले मतगणना कार्यको प्रगति र नतिजाको विवरण आयोगमा पठाएपछि सूचना पाटी, माइक (लाउड स्पिकर) को माध्यमबाट सर्वसाधारणलाई समय समयमा जानकारी गराउनु पर्नेछ ।

**१३७. <u>बदर हुने मतपत्र</u>** : (१) मतगणना गर्दा देहाय बमोजिमको मतपत्र बदर गर्नु पर्नेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) औंठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिन्ह बाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरिएको,

(ग) मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा छुट्टा-छुट्टै मत सङ्केत गरिएको,

(च) एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

(छ) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(ज) कुनै पनि उम्मेदवार वा दलको निर्वाचन चिन्हमा मत सङ्केत नगरिएको,

(झ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ञ) मतपेटिका भन्दा बाहिर राखिएको,

(ट) जाली मतपत्र,

(ठ) पट्याएको मतपत्रभित्र रुपैयाँ, कागज वा अन्य कुनै बस्तु संलग्न गरेको वा कुनै रुपमा च्यातेको, प्वाल पारेको,

(ड) एउटा पट्याएको मतपत्रभित्र अरु मतपत्रसँगै एकसाथ पट्याएको,

(ढ) उम्मेदवार वा दलको निर्वाचन चिन्ह रहेको कोठामा र निर्वाचन चिन्ह रहेका कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसङ्केत गरेको,

⇒(ढ१) समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा उम्मेदवारको बन्दसूची पेश नगरेको दलको निर्वाचन चिन्हमा मत सङ्केत गरिएको,

(ण) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ±<u>समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने</u> प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचनको लागि

---

⇒ दोस्रो संशोधनद्वारा थप

± पहिलो संशोधनद्वारा थप

निर्वाचन आयोग नेपाल

एउटै पानामा मतपत्र रहेको अवस्थामा कुनै एक निर्वाचन तर्फको मत बदर हुने र अर्को निर्वाचन तर्फको मत सदर हुने अवस्थामा जुन निर्वाचन तर्फको मत बदर हुने हो त्यस्तो मतपत्र मात्र बदर गरी अर्को निर्वाचन तर्फको मत गणना गर्नु पर्नेछ ।

(३) उपदफा (१) को ♠खण्ड (ढ) बमोजिम मतपत्र बदर गर्दा ±समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि एउटै पानामा मतपत्रको व्यवस्था भएकोमा जुन निर्वाचन तर्फको मतपत्रको खण्डपट्टि त्यस्तो मतसङ्केत गरिएको छ सो निर्वाचन तर्फको मतपत्र मात्र बदर गर्नु पर्नेछ ।

**१३८. सदर र बदर मतपत्र अलग-अलग खाममा बन्द गर्ने** : निर्वाचन अधिकृतले गणना गरी सकेको मतपत्रमध्ये सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलोमा बन्द गरी लाहाछाप लगाई सिलबन्दी गरी राख्नु पर्नेछ । यसरी सिलबन्दी गर्दा आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराउनु पर्नेछ ।

तर ±समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचनको लागि एउटै पानामा मतपत्र रहेको अवस्थामा कुनै मतपत्र सदर र कुनै मतपत्र बदर भएको अवस्थामा त्यस्तो मतपत्र सदर मतपत्र रहेको खाम वा थैलोमा राख्नु पर्नेछ ।

**१३९. मतगणना गर्ने स्थानबाट बाहिर पठाउने** : (१) निर्वाचन अधिकृतले मतगणनाको काममा बाधा पुऱ्याउने जुनसुकै व्यक्तिलाई सो स्थानबाट तत्काल बाहिर जान आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश पाएको व्यक्ति तुरुन्त मतगणना स्थलबाट बाहिर जानु पर्नेछ । त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेश बमोजिम सुरक्षाकर्मीले त्यस्तो स्थानबाट बाहिर पठाउनेछ ।

**१४०. मतगणना लगातार गर्ने** : निर्वाचन अधिकृतले मतगणनाको काम प्रारम्भ गरेपछि सबै मतदान केन्द्रबाट प्राप्त मतपत्रको मतगणना नसकिएसम्म मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

**१४१. मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिने** : (१) मतगणनाको काम समाप्त हुनुभन्दा पहिले सो मतगणनाको कार्य लगातार जारी राख्न आफ्नो काबुभन्दा बाहिरको कारणले सम्भव हुन नसक्ने अवस्था सिर्जना भएमा निर्वाचन अधिकृतले मतगणना समाप्त हुनुभन्दा पहिले सो मतगणना कार्य स्थगित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना समाप्त हुनुभन्दा पहिले मतगणना गर्ने काम स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले गणना गरी सकेका मतपत्र, मतगणना अभिलेख, मतगणना गर्न बाँकी रहेका मतपत्र र मतगणना गर्न बाँकी रहेका मतपेटिकाको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी आफूले सहीछाप गरी लाहाछाप लगाउनु पर्नेछ र सो बन्द खाममा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले समेत आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गर्नु पर्ने कारण समेत उल्लेख गरी अनुसूची-७१ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा

♠ पहिलो संशोधनद्वारा संशोधित

± पहिलो संशोधनद्वारा थप

आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना स्थगित भएको अवस्थामा यथाशीघ्र मतगणनाको काम पुनः प्रारम्भ गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम मतगणना स्थगित गरेको सम्बन्धमा उपदफा (४) बमोजिम पुनः मतगणना प्रारम्भ गर्ने सम्बन्धमा निर्वाचन अधिकृतले अनुसूची-७२ बमोजिमको सूचना तयार गरी मतगणना गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । यसरी मतगणना स्थगित गरेको र पुनः मतगणना प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई तुरुन्त दिनु पर्नेछ ।

तर कुनै उम्मेदवार, उम्मेदवारको प्रतिनिधि वा दलको प्रतिनिधि उपस्थित हुन नआएको कारणले मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन ।

(६) निर्वाचन अधिकृतले उपदफा (५) बमोजिम पुनः मतगणना प्रारम्भ गरेको अनुसूची-७३ बमोजिमको मुचुल्का गर्नु पर्नेछ ।

१४२. **मतगणना पूरा हुनुअघि मतपत्र नोक्सान भएमा प्रतिवेदन दिने** : (१) मतगणना पुरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा, खोलिएमा, नोक्सान गरिएमा, तोडफोड गरिएमा, हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको काम स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले त्यस्तो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिमको प्रतिवेदन वा उपदफा (२) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतपत्र वा मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैर कानूनी रुपमा अन्यत्र लगिएको, खोलिएको, नोक्सान गरिएको, तोडफोड गरिएको, हराएको वा दुर्घटनावश नोक्सान भएको र सोको कारण मतगणना सुचारु गर्न नसकिने ठहऱ्याएमा त्यस्तो कार्यबाट असर परेका मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी मतदान रद्द गर्नेछ ।

(४) आयोगबाट उपदफा (३) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सोको सूचना मतदान केन्द्रमा तुरुन्त प्रकाशन गर्नु पर्नेछ ।

±(५) उपदफा (३) बमोजिम मतदान रद्द भएको अवस्थामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको प्रतिनिधि सभा सदस्य निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिमको प्रदेश सभा सदस्य निर्वाचन वा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन मध्ये जुन निर्वाचनसँग सम्बन्धित मतपत्र अवैध घोषित भएको छ सो निर्वाचनको लागि मात्र उपदफा (४) बमोजिम पूनः मतदान हुने व्यवस्था मिलाउनु पर्नेछ ।

± पहिलो संशोधनद्वारा थप

**१४३. मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने** : (१) कसैले मतगणना गर्ने स्थानको अनधिकृत कब्जा गरेमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको अवस्थामा मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिई मतगणनाको कार्यमा प्रभाव पारेमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतगणना सम्बन्धी अन्य सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा, वा

(ग) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) वा (ख) बमोजिमको कार्य गरेमा वा त्यस्तो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले त्यस्तो घटनाको सम्बन्धमा जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतगणनास्थल उपदफा (२) बमोजिम अनधिकृत तवरले कब्जा भएको भन्ने ठहऱ्याएमा त्यसरी कब्जाबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध घोषित गरी मतदान रद्द गर्न सक्नेछ ।

(५) आयोगबाट उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

±(६) उपदफा (४) बमोजिम मतदान रद्द भएको अवस्थामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको प्रतिनिधि सभा सदस्य निर्वाचन, सोही निर्वाचन प्रणाली बमोजिमको प्रदेश सभा सदस्य निर्वाचन तथा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन मध्ये जुन निर्वाचनसँग सम्बन्धित मतपत्र अवैध घोषित भएको छ सो निर्वाचनको लागि मात्र उपदफा (५) बमोजिम पूनः मतदान हुने व्यवस्था मिलाउनु पर्नेछ ।

**१४४. दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्ने** : (१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम भएको निर्वाचनको मतगणनाको सम्बन्धमा सम्बन्धित निर्वाचन क्षेत्रको कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले र समानुपातिक निर्वाचन

± पहिलो संशोधनद्वारा थप

प्रणाली बमोजिम भएको निर्वाचनको मतगणनाको सम्बन्धमा कुनै दलको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गन्ती गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित अनुसूची-७४ बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम पुनः मतगणनाको लागि निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो निवेदन दर्ता गर्नु पर्नेछ ।

१४५. **दोहोऱ्याई मतगणना गर्ने** : (१) दफा १४४ बमोजिम प्राप्त निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने अवस्था परेमा निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्न अनुसूची-७५ बमोजिमको मुचुल्का गरी सो मुचुल्कामा आफूले सहीछाप गरी पुनः मतगणनाको लागि निवेदन दिने उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको र सो मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ । मुचुल्कामा सहीछाप गर्नुपर्ने व्यक्तिले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम दोहोऱ्याई मतगणना गर्ने निर्णय गर्दा ±समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचनको मतपत्र एउटै पानामा रहेको अवस्थामा जुन निर्वाचन तर्फको मतपत्र दोहोऱ्याई गणना हुन निवेदन परेको हो सो निर्वाचन तर्फको मतपत्र मात्र दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

१४६. **दोहोऱ्याई मतगणना नगर्ने भएमा सूचना दिने** : दफा १४४ बमोजिम प्राप्त निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने नदेखिएमा वा दोहोऱ्याई मतगणना गर्न निर्वाचन अधिकृत सहमत नभएमा निजले सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित निवेदन दिने उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले अनुसूची-७६ बमोजिमको सूचना दिनु पर्नेछ ।

१४७. **मतगणना तालिका तयार गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना कार्य समाप्त भएपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा अनुसूची-७७ बमोजिम र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा अनुसूची-७८ बमोजिमको तीन प्रति मतगणना तालिका तयार गर्नु पर्नेछ । सो मतगणना तालिकामा निर्वाचन अधिकृतले आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको मतगणना तालिका तयार गर्दा प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनको लागि अलग अलग तयार गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको मतगणना तालिकाको एक प्रति निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको हकमा उपदफा (१) बमोजिम तयार गरिएको मतगणना तालिकाको एकप्रति समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको लागि नियुक्त भएको निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

± पहिलो संशोधनद्वारा थप

१४८. **मतगणना समाप्त भएको मुचुल्का गर्ने** : (१) मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको अनुसूची-७९ बमोजिम मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना समाप्त भएको मुचुल्का तयार गर्दा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको अलग अलग मुचुल्का गर्नु पर्नेछ ।

१४९. **मत बराबर भएमा गोला हाल्ने सूचना दिने** : (१) सम्बन्धित निर्वाचन क्षेत्रमा मतदान भएको सबै मतदान केन्द्रको मतपत्र मतगणना कार्य समाप्त भएपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा दुई वा दुई भन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन अधिकृतले त्यसरी बराबर मत पाउने उम्मेदवारहरू बीच गोला हाली निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गोला हाल्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधिले गोला तान्न इन्कार गरेमा निर्वाचन अधिकृतले अन्य कुनै तरिकाबाट गोला तान्ने व्यवस्था मिलाई निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गोला हाली निर्णय गरेको अनुसूची-८० बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले सहीछाप गरी मत बराबर भएका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ । त्यस्तो मुचुल्का गर्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा वा सहीछाप गर्न नमानेमा सोही व्यहोरा उल्लेख गरी अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गोलाप्रथाद्वारा छानिएको उम्मेदवारले एक मत बढी पाएको मानिनेछ । त्यस्तो मत दफा १५० बमोजिमको मतपरिणामको घोषणाको कैफियतमा उल्लेख गर्नु पर्नेछ ।

१५०. **निर्वाचन परिणामको घोषणा** : निर्वाचन अधिकृतले दफा १४७ बमोजिमको मतगणना तालिका तयार गरी सके पछि वा दफा १४९ बमोजिम गोला हाली निर्ण गरी सकेपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको अनुसूची-८१ बमोजिमको घोषणा तयार गरी एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

१५१. **प्रमाणपत्र दिने** : (१) निर्वाचन अधिकृतले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा दफा १५० बमोजिम निर्वाचन परिणामको घोषणा गरी सकेपछि निर्वाचित उम्मेदवारलाई अनुसूची-८२ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचित उम्मेदवारको दुई प्रति प्रमाणपत्र तयार गरी एक प्रति विजयी उम्मेदवारलाई दिई अर्को एक प्रति अभिलेखको लागि निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ र यसरी प्राप्त भएका प्रमाणपत्र निर्वाचन कार्यालयले सुरक्षितसाथ राख्नु पर्नेछ ।

१५२. **निर्वाचित मिति** : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा निर्वाचन अधिकृतले दफा १५० बमोजिम निर्वाचनको परिणामको घोषणा गरेको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मानिनेछ ।

## परिच्छेद-१०

## उम्मेदवार वा दलको प्रतिनिधि

१५३. **निर्वाचन प्रतिनिधि** : (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको कुनै उम्मेदवारले कुनै मतदातालाई निर्वाचनको लागि आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी निर्वाचन♠प्रतिनिधि नियुक्त गरेको लिखित सूचना अनुसूची-८३ बमोजिम निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति निर्वाचन प्रतिनिधि हुन देहायको योग्यता भएको हुनु पर्नेछ :-

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) सम्बन्धित निर्वाचन क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) साधारण लेखपढ गर्न जानेको,

(ङ) दफा १८ बमोजिम उम्मेदवार हुन अयोग्य नभएको,

(च) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

(३) उपदफा (१) बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्यमा उम्मेदवार वा दलको प्रतिनिधित्व गर्ने,

(ख) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्य गर्दा तयार गर्नुपर्ने विभिन्न मुचुल्कामा उम्मेदवार वा दलको प्रतिनिधिको रुपमा सहीछाप गर्ने,

(ग) निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न सहयोग पुर्‍याउने,

(घ) ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम निर्वाचन प्रतिनिधिले गर्नु पर्ने अन्य काम गर्ने ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो निर्वाचन प्रतिनिधिलाई अनुसूची-८४ बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई उम्मेदवारले जुनसुकै बखत बदर गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको सूचना निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

निर्वाचन आयोग, नेपाल

(६) ऐन, नियमावली तथा यस निर्देशिकामा निर्वाचन प्रतिनिधिले गर्नु पर्ने भनी उल्लेख भए बमोजिमको काम गर्नु निर्वाचन प्रतिनिधिको कर्तव्य हुनेछ ।

**१५४. मतदान प्रतिनिधि** : (१) निर्वाचनमा मतदान सम्बन्धी कामको लागि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले प्रत्येक मतदान केन्द्रमा अनुसूची-८५ बमोजिम एक जना मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी मतदान प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी मतदान अधिकृत र निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

तर कुनै दल र सो दलको उम्मेदवारको तर्फबाट एउटा मतदान केन्द्रमा एकजना मात्र मतदान प्रतिनिधि रहन सक्नेछ ।

(२) सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने गरी अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतदान प्रतिनिधि नियुक्त गर्न सकिनेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतदान प्रतिनिधिलाई अनुसूची-८६ बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधिलाई उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अर्को मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(६) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्नु, मतदान सम्बन्धी कार्यमा तयार गर्नु पर्ने मुचुल्कामा सहिछाप गर्नु तथा ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतदान प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्नु मतदान प्रतिनिधिको कर्तव्य हुनेछ ।

**१५५. मतगणना प्रतिनिधि** : (१) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणनास्थलमा उपस्थित भई आफूले गर्नुपर्ने काम गर्न निर्वाचन अधिकृतले अनुसूची-८७ मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी मतगणना प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्ति गर्दा निर्वाचन अधिकृतले तोकेको सङ्ख्यामा सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतको गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतगणना प्रतिनिधिलाई अनुसूची-८६ बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा ♠एक जना उम्मेदवारको तर्फबाट एउटा

♠ पहिलो संशोधनद्वारा संशोधित

मतगणना टोलीमा एक जनामात्र र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा एउटा दलको तर्फबाट एकजना मात्र रहन सक्ने गरी निर्वाचन अधिकृतले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) मतगणना प्रतिनिधिको कार्यावधि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ ।

(६) उपदफा (१) बमोजिम नियुक्त भएको मतगणना प्रतिनिधिलाई उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम अर्को मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(८) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्नु, मतगणना सम्बन्धी कार्यमा तयार भएका मुचुल्कामा सहिछाप गर्नु तथा ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतगणना प्रतिनिधिले मतगणनास्थलमा गर्नु पर्ने सबै काम गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

१५६. **परिचयपत्र तथा अनुमतिपत्र कायम रहने अवधि** : (१) मतदान अधिकृतले दफा १५४ को उपदफा (३) बमोजिम मतदान प्रतिनिधिलाई दिएको परिचयपत्र तथा कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न दफा ७९ को उपदफा (३) बमोजिम दिएको अनुमतिपत्र मतदान अधिकृतले मतदान कार्य सम्पन्न हुनु अगावै रद्द गरेको अवस्थामा बाहेक मतदान कार्य सम्पन्न नभएसम्म कायम रहनेछ ।

(२) दफा १५५ को उपदफा (३) बमोजिम मतगणना प्रतिनिधिलाई दिएको परिचयपत्र तथा निर्वाचन अधिकृतले मतगणना सम्बन्धी कामको प्रयोजनको लागि कुनै व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिएको दफा १२८ को उपदफा (२) बमोजिमको अनुमतिपत्र निर्वाचन अधिकृतले मतगणना कार्य सम्पन्न हुनु अगावै रद्द गरेको अवस्थामा बाहेक मतगणनाको कार्य समाप्त नभएसम्म कायम रहनेछ ।

१५७. **उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभए पनि निर्वाचनको काम नरोकिने** : (१) निर्वाचनको कुनै काममा कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित रहनु पर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरूमध्ये कसैले गर्नु पर्ने काम नगरेमा सोही कारणले मात्र मतदानको वा मतगणनाको काम रोकिने छैन ।

(२) कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि अनुपस्थित भएको वा निजले गर्नु पर्ने निर्वाचन सम्बन्धी काम नगरेको अवस्थामा निर्वाचन अधिकृत वा मतदान अधिकृतले गरेको निर्वाचन सम्बन्धी काम कानून बमोजिम भएको मानिनेछ ।

## परिच्छेद-११

## विविध

१५८. **निविदा मतपत्र सम्बन्धी व्यवस्था** : (१) कुनै मतदाताले आफ्नो नामबाट अरु कसैले मतपत्र लिई सकेको वा मतदान गरी सकेको र आफू नै वास्तविक मतदाता हो भनी दाबी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष अनुसूची-८८ बमोजिम आफ्नो परिचय खुल्ने प्रमाण संलग्न राखी आफू नै वास्तविक मतदाता भएको दाबी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै मतदाताले दाबी गरेमा मतदान अधिकृतले दाबीकर्ताको दाबी बमोजिम निज वास्तविक मतदाता हो होइन भन्ने कुरा यकिन गर्नु पर्नेछ । दाबीकर्ताले लिखित रुपमा आफ्नो मतदाता परिचयपत्र, नागरिकताको प्रमाणपत्र वा निजको परिचय खुल्ने अन्य प्रमाण प्रस्तुत गरेमा सोको प्रतिलिपि मतदान अधिकृतले लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तुत प्रमाणबाट दाबीकर्ता वास्तविक मतदाता हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजले सो कुराको निर्णय गरी अभिलेख राखी त्यस्तो व्यक्तिलाई निविदा मतपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय गरेपछि मतदान अधिकृतले अनुसूची-८९ बमोजिम निविदा मतपत्रको लगतमा उल्लेख गर्नु पर्नेछ र लगतमा दाबीकर्ताको सहीछाप समेत गराई मतपत्रमा मतदान अधिकृतले “निविदा मतपत्र” लेखी सो मतपत्र दाबीकर्ता मतदातालाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मतपत्रमा मतदाताले मतसङ्केत गरी सकेपछि मतपेटिका भित्र नखसाली निविदा मतपत्र राख्ने छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

±(५क) उपदफा (५) बमोजिम निविदा मतपत्र राख्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको प्रतिनिधि सभा सदस्य निर्वाचनको मतपत्र, सोही निर्वाचन प्रणाली बमोजिमको प्रदेश सभा सदस्य निर्वाचनको मतपत्र तथा समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको निविदा मतपत्र छुट्टाछुट्टै खाममा राख्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम छुट्टै खाममा राखिएको निविदा मतपत्र मतगणनामा समावेश गरिने छैन । निर्वाचन सम्बन्धी उजूरी पर्न आई त्यस्तो उजूरी उपर निर्णय गर्नको लागि आवश्यक पर्ने भनी अदालतले ठहर गरेमा त्यस्तो निविदा मतपत्र अदालतले गणना गर्न सक्नेछ ।

१५९. **धरौटी जफत गर्ने** : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा खसेको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारले दफा २२ बमोजिम दाखिला गरेको धरौटी जफत हुनेछ र सो धरौटी रकम निर्वाचन कार्यालयले सङ्घीय सञ्चित कोषमा दाखिला गरी सोको बैंक भौचर श्रेस्तासाथ राख्नु पर्नेछ ।

१६०. **निर्वाचित उम्मेदवारको धरौटी जफत नहुने** : दफा १५९ मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदानमा जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत प्राप्त गरी निर्वाचित भएको उम्मेदवारले राखेको धरौटी जफत गर्नु हुँदैन ।

---

± पहिलो संशोधनद्वारा थप

**१६१. <u>जफत नभएको धरौटी रकम फिर्ता दिने</u>** : मनोनयनपत्र सदर नभएमा, उम्मेदवारले नाम फिर्ता लिएमा वा दफा १६० बमोजिम धरौटी जफत नहुने भएमा त्यस्तो धरौटी रकम निर्वाचन कार्यालयले निर्वाचन परिणाम घोषणा भएको मितिले नब्बे दिनभित्र सम्बन्धित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले फिर्ता माग गरेमा निजलाई फिर्ता दिनु पर्नेछ।

**१६२. <u>फिर्ता नलिएको धरौटी रकम सञ्चित कोषमा दाखिला गर्ने</u>** : उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले दफा १६१ बमोजिमको म्यादभित्र दफा २२ बमोजिम आफूले राखेको धरौटी फिर्ता माग नगरेमा निर्वाचन कार्यालयले सो धरौटी रकम सङ्घीय सञ्चित कोषमा दाखिला गरी सोको बैंक भौचर श्रेस्तासाथ राख्नु पर्नेछ।

**१६३. <u>नियुक्तिपत्र दिने</u>** : निर्वाचन अधिकृतले ऐन, नियमावली र यस निर्देशिका बमोजिम नियुक्त गरेका मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीलाई अनुसूची-९० बमोजिमको नियुक्तिपत्र दिनु पर्नेछ।

**१६४. <u>स्वयंसेवक नियुक्त गर्ने</u>** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा सहयोग गर्न मतदाता परिचयपत्र वितरण गर्ने दिन देखि मतदानको दिनसम्म बढीमा तीन दिनको लागि ♠<u>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ मा उल्लेख भए बमोजिम</u> स्वयंसेवक नियुक्त गर्न सक्नेछ।

⇒(१क) उपदफा (१) बमोजिमको स्वयंसेवकको नियुक्तिको ढाँचा अनुसूची-९०क. बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएको स्वयंसेवकलाई आयोगले स्वीकृत गरेको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ ले निर्धारण गरे बमोजिमको खाना, खाजा खर्च दिइनेछ।

**१६५. <u>मतदान अधिकृतलाई प्रशिक्षण दिने</u>** : (१) निर्वाचन कार्यालयले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतसँग समन्वय गरी मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई मतदान केन्द्रमा खटिनु अगावै निर्वाचन सम्बन्धी देहाय बमोजिमको कामको विषयमा प्रशिक्षण दिने व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतदान अधिकृतले गर्नु पर्ने भनी निर्देशिकामा उल्लिखित कामहरू,

(ख) मतदान केन्द्र र गोप्य मतदान कक्षहरू बनाउने तरिका,

(ग) मतपेटिका, मतसङ्केत गर्ने छाप र छापदानी राख्ने ठाउँ बनाउने कामहरू,

(घ) मतपेटिका खोल्ने र बन्द गर्ने विधि,

(ङ) मतदाताको नाम रुजु गर्ने, तथ्याङ्क फारम भर्ने र मतदाताको औंलामा चिनो लगाउने प्रक्रिया,

(च) मतदातालाई मतपत्र उपलब्ध गराउने प्रक्रिया,

(छ) पुनः मतदान गराउनु पर्ने अवस्थामा अपनाउनु पर्ने कार्यविधि,

(ज) निर्वाचन आचार संहिता पालना सम्बन्धमा,

---

♠ पहिलो संशोधनद्वारा संशोधित

⇒ दोस्रो संशोधनद्वारा थप

(झ) निर्वाचन पर्यवेक्षण तथा अनुगमन सम्बन्धी कार्य,

(ञ) मतदान अधिकृत, सहायक मतदान अधिकृत र मतदान केन्द्रमा खटिने अन्य कर्मचारीको जिम्मेवारी र दायित्व,

(ट) मतदान केन्द्रमा गर्नुपर्ने अन्य कार्य ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण कार्यक्रममा उपस्थित भई प्रशिक्षण दिनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

**१६६. मतदान सम्बन्धी कामको जानकारी गराउने** : मतदान अधिकृतले आफूसँग काम गर्ने सहायक कर्मचारी तथा मतदान केन्द्रमा खटिएका सुरक्षा कर्मचारीलाई निजले गर्नुपर्ने कामको सम्बन्धमा जानकारी गराउनु पर्नेछ ।

**१६७. सुरक्षा व्यवस्था** : (१) प्रत्येक मतदान केन्द्रमा सुरक्षाको व्यवस्था सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयले मिलाउनु पर्नेछ । आफू खटिएको निर्वाचन क्षेत्रको सुरक्षा व्यवस्थाको सम्बन्धमा जानकारी लिनु सबै निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतले मतदान केन्द्रको सुरक्षा व्यवस्थाको जानकारी प्राप्त गरी सोको जानकारी सम्बन्धित मतदान अधिकृतलाई समेत दिनु पर्नेछ ।

(३) मतदान केन्द्रमा खटिएको सुरक्षा कर्मचारीले मतदान केन्द्र र सो मतदान केन्द्रको वरिपरिको क्षेत्रमा अशान्ति र हुलदङ्गा हुन दिनु हुँदैन ।

(४) मतदान केन्द्रमा खटिएका कर्मचारी, मतदान गर्न उपस्थित भएका मतदाता, मतदानको लागि राखिएको मतपेटिका, मतपत्र र अन्य निर्वाचन सामग्रीको सुरक्षा गर्नु त्यस्तो मतदान केन्द्रमा खटिएका सुरक्षाकर्मीको दायित्व हुनेछ ।

(५) सुरक्षा कर्मचारीले निर्वाचनको सिलसिलामा मतदान अधिकृतले दिएको आदेशको पालना गर्नु पर्नेछ ।

**१६८. गिरफ्तार गर्न सकिने** : (१) आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले मतदान कार्यमा वा मतगणना कार्यमा वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ ।

(२) निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ विपरीतको कुनै कार्य गर्ने वा उपदफा (१) बमोजिम दिएको आदेश नमान्ने व्यक्तिलाई आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले गिरफ्तार गर्न सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमन टोलीले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालना गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको आदेश पालना नगरेमा निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमन टोलीले त्यस्तो सुरक्षाकर्मीलाई विभागीय कारवाही गर्न आयोगमा लेखी पठाउनु पर्नेछ ।

**१६९. निर्वाचन सम्बन्धी प्रतिवेदन तयार गरी आयोगमा पठाउने** : (१) निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गरेपछि त्यसको प्रतिवेदन तयार गरी मुख्य निर्वाचन अधिकृत समक्ष तुरुन्त पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका कुराहरू सिलसिलेवार रुपमा खुलाउनु पर्नेछ :-

(क) मतदाता सङ्ख्या,

(ख) उम्मेदवारको विवरण,

(ग) खसेको कुल मत, बदर मत र उम्मेदवार तथा दलले प्राप्त गरेको मत,

(घ) निर्वाचित उम्मेदवारको विवरण,

(ङ) निर्वाचनमा खटिएका कर्मचारीको विवरण,

(च) निर्वाचनमा भएको खर्च विवरण,

(छ) निर्वाचनलाई अझ बढी स्वच्छ, निष्पक्ष एवम् पारदर्शी बनाउन निर्वाचन अधिकृतले प्रतिवेदनमा उल्लेख गर्न आवश्यक ठानेका विषय,

(ज) आयोगले तोके बमोजिमका अन्य विवरण ।

[±](२क) उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका कुरा प्रतिवेदनमा खुलाउँदा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्रको विवरण छुट्टिने गरी खुलाउनु पर्नेछ ।

(३) मुख्य निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम सम्बन्धित जिल्लाका सबै निर्वाचन अधिकृतबाट प्राप्त भएको प्रतिवेदन समेतको आधारमा जिल्लाभरिको विवरण समावेश गरिएको एकमुष्ट प्रतिवेदन तयार गरी आयोग समक्ष पठाउनु पर्नेछ ।

**१७०. अयोग्यता सम्बन्धी उजूरी** : ऐन तथा नियमावली बमोजिम सदस्य पदमा निर्वाचित कुनै व्यक्ति सो पदको लागि अयोग्य रहेको भनी त्यस्तो पदमा उम्मेदवारी दिएको कुनै व्यक्तिले निर्वाचन परिणाम घोषणा भएको पैंतीस दिनभित्र आफैले वा वारिसमार्फत अदालत समक्ष उजूरी दिन सक्नेछ ।

**१७१. पद मुक्त हुने** : (१) सदस्यको पदमा निर्वाचित कुनै व्यक्ति दफा १८ बमोजिम अयोग्य रहेको अदालतबाट ठहर भएमा निज त्यस्तो पदबाट मुक्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम पद मुक्त भएको जानकारी आयोगले सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सदस्य पदमुक्त भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**१७२. निर्वाचन सम्बन्धी कागजात हेर्न सक्ने** : (१) निर्वाचन अधिकृतले निर्वाचनमा प्रयोग भएका कागजातहरू मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार हेर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खोली हेरिएका कागजातहरू मतगणनाको कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले पूनः सिलबन्दी गर्नु पर्नेछ ।

**१७३. निर्वाचन सम्बन्धी कागजात गोप्य राख्ने** : (१) निर्वाचनमा प्रयोग भएका कागजातहरू मध्ये मतगणनाको प्रयोजनको लागि खोलिएका र मतगणनाको काम समाप्त भएपछि सिलबन्दी

---

± पहिलो संशोधनद्वारा थप

गरिएका कागजातहरू, मतपत्रको अधकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सदर र बदर मतपत्रको सिलबन्दी खाम कसैले खोल्न र हेर्न नपाउने गरी निर्वाचन अधिकारीको जिम्मामा राख्नु पर्नेछ ।

(२) यस दफामा उल्लिखित कागजात वा अभिलेख मुद्दा परेकोमा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

१७४. **गोप्य कागजात अदालतले हेर्न सक्ने** : (१) दफा १७३ बमोजिमको गोप्य कागजात वा अभिलेख प्रचलित कानून बमोजिम मुद्दा परेको अवस्थामा अदालतले मात्र खोल्न वा हेर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतको आदेशले खोली हेरी सकेपछि अदालतले त्यस्तो कागजात वा अभिलेख यथारुपमा सिलबन्दी गरी राख्नु पर्नेछ । अदालत बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो बन्दी खाम, थैलो वा बोरा खोली हेर्ने अधिकार हुने छैन ।

१७५. **निर्वाचन सामग्री र कागजात विवरण बुझाउनु पर्ने** : (१) निर्वाचन अधिकृतले निर्वाचन कार्य समाप्त भएपछि निर्वाचनको प्रयोजनको लागि आयोग वा निर्वाचन कार्यालयबाट बुझी लिएका निर्वाचन सामग्री र निर्वाचन सम्बन्धी सम्पूर्ण कागजात सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई सोको भरपाई लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन सञ्चालन सम्बन्धमा गरिएको आर्थिक कारोबारको लेखा श्रेस्ता निर्वाचन अधिकृतले सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराई अन्तिम लेखा परीक्षणको लागि आयोगमा बुझाउनु पर्नेछ ।

१७६. **गोप्यता भङ्ग गर्न नहुने** : (१) कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न, कुनै किसिमले प्रकट गर्न वा प्रकाशन गर्न हुँदैन ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन अन्तर्गत चलेको कानूनी कारबाहीमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन ।

१७७. **कानून विपरीत काम गर्न नहुने** : निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनको काममा खटिएको कुनै कर्मचारी वा व्यक्तिले निर्वाचनको कुनै काम गर्दा प्रचलित कानूनको विपरीत हुने गरी गर्नु हुँदैन ।

१७८. **मद्दत लिन सकिने** : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा आयोगले निर्वाचनको काममा खटाएको अनुगमनकर्ता, अनुगमन टोली, पर्यवेक्षक वा अन्य कुनै अधिकृतले निर्वाचनको कामको सिलसिलामा कुनै पनि सरकारी वा सुरक्षा निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मद्दत मागिएमा आवश्यक मद्दत पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१७९. **आयोगको आदेश पालना गर्नु पर्ने** : (१) निर्वाचन सञ्चालन गर्नको लागि आयोगले दिएको आदेश वा निर्देशनको सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले आफ्नो कर्तव्य पालना गर्दा कुनै कुरा वा कामको सन्दर्भमा द्विविधा भएमा आयोगमा तुरुन्त सम्पर्क गरी आयोगको निर्देशन अनुसार गर्नु पर्नेछ ।

**१८०. निर्वाचन प्रचार प्रसार खर्च** : (१) निर्वाचनमा उम्मेदवार वा दलले अनुसूची-९१ बमोजिमको हद भन्दा बढी नहुने गरी खर्च गर्नु पर्नेछ ।

(२) उम्मेदवार तथा दलले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण नेपाल सरकारले स्वीकृत गरेको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "निर्वाचनको अवधि" भन्नाले उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि त्यस्तो निर्वाचनको परिणाम घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ ।

♠(३) उपदफा (२) बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा उम्मेदवारको तर्फबाट भएको निर्वाचन खर्चको विवरण राख्दा आयोगले निर्धारण गरे बमोजिमको विभिन्न शीर्षकमा गरेको खर्चको विवरण शीर्षक अनुसार अनुसूची-९२ बमोजिम तयार गरी निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र आयोगमा वा सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्नु पर्नेछ । यसरी कुनै उम्मेदवारको तर्फबाट भएको खर्चको विवरण प्राप्त भएमा त्यस्तो विवरण सम्बन्धित निर्वाचन कार्यालयले आयोगमा पठाउनु पर्नेछ ।

±(३क) उपदफा (२) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा दलको तर्फबाट भएको निर्वाचन खर्चको विवरण राख्दा आयोगले निर्धारण गरे बमोजिमको विभिन्न शीर्षकमा गरेको खर्चको विवरण शीर्षक अनुसार अनुसूची-९३ बमोजिम स्पष्ट रुपमा तयार गरी निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र आयोगमा पेश गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम निर्वाचन प्रचार प्रसार खर्चको विवरण नबुझाउने दल वा उम्मेदवारलाई आयोगले निर्वाचन आयोग सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम जरिबाना गर्न सक्नेछ ।

**१८१. विभागीय कारबाही गर्न सक्ने** : (१) आयोगले निर्वाचनको काममा नियुक्त गरेको, खटाएको वा तोकेको आयोगको आदेश, निर्देशन पालना गर्नुपर्ने कर्तव्य भएका कुनै कर्मचारी, शिक्षक वा सुरक्षाकर्मीले त्यस्तो काम सम्पादनको सिलसिलामा प्रचलित कानून वा आयोगको आदेश वा निर्देशनको जानाजानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम कारबाही गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी वा सुरक्षाकर्मी उपर निजको सेवा, शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका कुनै कर्मचारी वा पदाधिकारीले निर्वाचनको कामको सम्बन्धमा प्रचलित कानून वा आयोगले दिएको निर्देशनको विपरीत कुनै काम कारबाही गरेमा आयोगले त्यस्तो कर्मचारी वा पदाधिकारी उपर निजको सेवा, शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

± पहिलो संशोधनद्वारा थप

(३) उपदफा (२) बमोजिम आयोगबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो कर्मचारी वा पदाधिकारीलाई तीन महिना भित्र विभागीय कारबाही गरी त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिम गरेको विभागीय कारबाही सम्बन्धी निर्णयमा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो निर्णय उपर पुनरावेदनको म्याद पाएको वा जानकारी पाएको पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१८२. **नियुक्ति बदर गर्न सक्ने** : कुनै निर्वाचन अधिकृतले संविधान, कानून, निर्देशिका र आयोगले दिएको निर्देशन विपरीत कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी निजलाई विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१८३. **जिम्मेवारीबाट हटाउन वा निलम्बनको लागि सिफारिस गर्न सक्ने** : (१) निर्वाचनको काममा खटिएको नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी, नेपाल सरकार, प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी तथा सुरक्षाकर्मीले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र निष्पक्षतामा आँच आउने कुनै काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निर्वाचन सम्बन्धी निजको जिम्मेवारीबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी कुनै कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निलम्बन गर्नु पर्ने भएमा आयोगले सम्बन्धित अधिकारी समक्ष निलम्बनको लागि सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस प्राप्त भएपछि सम्बन्धित अधिकारीले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निलम्बन गरी आयोगलाई सोको जानकारी गराउनु पर्नेछ ।

१८४. **प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी** : निर्वाचनको सन्दर्भमा प्रमुख जिल्ला अधिकारीको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन व्यवस्थापनका सबै चरण र प्रक्रियामा शान्ति सुरक्षाको भरपर्दो प्रबन्ध मिलाउने,

(ख) निर्वाचनको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी, नेपाल सरकार, प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीको विवरण मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,

(ग) मतदान केन्द्रमा खटाउन आवश्यक पर्ने कर्मचारीको नामावली निर्वाचन अधिकृतलाई उपलब्ध गराउन मुख्य निर्वाचन अधिकृतलाई सहयोग गर्ने,

(घ) निर्वाचन अधिकृत र निर्वाचन कार्यालयलाई निर्वाचन व्यवस्थापन गर्ने कार्यमा आवश्यकता अनुसार सहयोग गर्ने,

निर्वाचन आयोग, नेपाल

(ङ) निर्वाचन व्यवस्थापनको सिलसिलामा निर्वाचन कार्यसँग प्रत्यक्ष सम्बन्धित सरोकारवालाहरुसँग आवश्यकता अनुसार समन्वय गरी, गराई स्वच्छ, निश्पक्ष र शान्तिपूर्ण निर्वाचनको वातावरण श्रृजना गर्ने, गराउने,

(च) निर्वाचन व्यवस्थापनका लागि प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने भनी ऐन, नियमावली तथा आयोगले स्वीकृत गरेका निर्देशिकामा व्यवस्था भए अनुसारको कार्य सम्पादन गर्ने,

(छ) निर्वाचनमा सहभागी दल, उम्मेदवार, मतदाता, पर्यवेक्षकहरुलाई बिना डर, त्रास निर्वाचन सम्बन्धी सबै कार्यक्रममा सहभागी हुनसक्ने व्यवस्था मिलाउने,

(ज) निर्वाचन सामग्रीको सुरक्षा सम्बन्धमा निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयलाई आवश्यक सहयोग गर्ने,

(झ) निर्वाचन आचार संहिता पालना गर्न गराउन आवश्यक कार्य गर्ने,

(ञ) निर्वाचन व्यवस्थापनका सम्बन्धमा निर्वाचन अधिकृत, अनगमनकर्ता, सुरक्षाकर्मी तथा अन्य सम्बद्ध निकायहरु बीच समन्वय संयन्त्रको रुपमा कार्य गर्ने,

(ट) मतदान सम्पन्न भए पछि मतदानमा प्रयोग भएको मतपेटिका लगायतका सामाग्री मतदानकेन्द्रबाट सुरक्षित तवरले मतगणनास्थलमा ल्याउन निर्वाचन अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने,

(ठ) समय समयमा आयोगबाट हुने आदेश तथा निर्देशन बमोजिम निर्वाचनसँग सम्बन्धी अन्य कार्य गर्ने ।

**१८५. <u>निर्वाचन अधिकारीको जिम्मेवारी</u>** : निर्वाचनको सम्बन्धमा निर्वाचन अधिकारीको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाभित्रका निर्वाचन क्षेत्रमा मतदान केन्द्र रहने स्थानको सम्बन्धमा अध्ययन तथा जाँचबुझ गरी आयोगमा सिफारिस गर्ने,

(ख) आयोग र निर्वाचन अधिकृतको कार्यालयबीच समन्वयकर्ता एवं सम्पर्क व्यक्तिको रुपमा काम गर्ने,

(ग) प्रमुख जिल्ला अधिकारीबाट प्राप्त भएका कर्मचारी तथा शिक्षक मध्येबाट मतदान केन्द्रमा खटाउन आवशयक पर्ने कर्मचारीको नामावली निर्वाचन अधिकृतलाई उपलब्ध गराउन मुख्य निर्वाचन अधिकृतलाई सहयोग गर्ने,

(घ) खण्ड (ग) बमोजिम तयार गरेको विवरणका आधारमा विभिन्न मतदान केन्द्रमा खटाउने कर्मचारीको विवरण तयार गर्न निर्वाचन अधिकृतलाई सहयोग गर्ने,

(ङ) जिल्लाभित्रका मतदान केन्द्रमा खटाउन सो जिल्लाका कर्मचारीबाट नपुग हुने भएमा यथाशीघ्र सोको जानकारी आयोगमा गराउने,

निर्वाचन आयोग, नेपाल

(च) कर्मचारीको विवरण तयार गर्दा जिल्लास्थित कार्यालयका कुल जनशक्ति र निर्वाचनलाई आवश्यक पर्ने जनशक्तिको विवरण देखिने गरी तयार गर्ने र बढी जनशक्ति देखिन आएमा कुन तहका कति जनशक्ति अन्यत्र जिल्लामा पठाउन सकिने हो, सो विवरण समेत तयार गर्ने,

(छ) कार्यालयमा रहेका मतपेटिकाहरू मर्मत सम्भार गर्नु पर्ने भए गराई दुरुस्त राख्ने,

(ज) कार्यालयमा रहेका मतपेटिकाले मात्र जिल्लाभित्रको मतदान गराउन नपुग्ने भएमा नपुग मतपेटिका आयोगसँग माग गर्ने,

(झ) निर्वाचन अधिकृतको कार्यालयको लागि र निर्वाचन सम्बन्धी अन्य कार्यको लागि प्रयोग गर्न जिल्ला स्थित कार्यालयहरूबाट सवारी साधनहरूको विवरण लिई चालु अवस्थामा नभएका सवारी साधनलाई आयोगको निर्देशन बमोजिम चालु अवस्थामा राख्न लगाउने,

(ञ) आयोगले निर्वाचनका सन्दर्भमा पठाएका मतदाता नामावली, ऐन, नियम, निर्देशिका, अनुसूची फाराम, पोष्टर पम्प्लेट लगायतका निर्वाचन सामग्रीहरू बुझी सुरक्षित भण्डारण गर्ने,

(ट) निर्वाचन सम्बन्धी भए गरेका कामहरूको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउने,

(ठ) निर्वाचन सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयबाट सम्बन्धित कागजात, अभिलेख तथा सामग्री बुझी लिने,

(ड) आयोगबाट प्राप्त दलको विवरण, दलको तर्फबाट मनोनयनको औपचारिकपत्रमा सहीछाप गर्ने व्यक्तिको दस्तखत नमूना र कालो सूची, मतदाता नामावली लगायत निर्वाचन कार्यक्रम सञ्चालन गर्न चाहिने सामग्री निर्वाचन अधिकृतलाई बुझाउने,

(ढ) निर्वाचन परिणाम घोषणा भएपछि विजयी उम्मेदवारलाई दिइएको प्रमाणपत्र निर्वाचन अधिकृतको कार्यालयबाट एक एक प्रति प्राप्त गरी अभिलेखको रुपमा सुरक्षितसाथ राख्ने,

(ण) निर्वाचन अधिकृतको कार्यालयको लागि आवश्यक पर्ने टेबुल, कुर्सी, दराज, टेलिफोन, फ्याक्स आदिको व्यवस्था मिलाउने,

(त) निर्वाचन अधिकृतबाट प्रत्यायोजन भएका अधिकार र जिम्मेवारीहरू बहन गर्ने,

(थ) निर्वाचनको मिति घोषणा भई निर्वाचन अधिकृतको कार्यालय स्थापना नभएसम्म निर्वाचन आचार संहिता उल्लङ्घन भए नभएको विषयमा अनुगमन गरी वा गराई कसैले त्यस्तो आचार संहिता उल्लङ्घन गरेमा त्यसको यथासमयमा नै रोकथाम गर्ने वा गराउने र सोको जानकारी सम्बन्धित अधिकारी तथा आयोगमा गराउने,

निर्वाचन आयोग, नेपाल

(द) प्रचलित ऐन, नियम तथा आयोगले दिएको आदेश तथा स्वीकृत गरेका निर्देशिका बमोजिमको कार्य गर्ने,

(ध) निर्वाचन आयोगले समय-समयमा दिएका निर्देशनहरूको पालना गर्ने ।

**१८६. अनुसुची हेरफेर गर्न सक्ने** : आयोगले आवशयकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

**१८७. खारेजी र बचाउ** : (१) संविधान सभा सदस्य निर्वाचन निर्देशिका, २०७० खारेज गरिएको छ ।

(२) यो निर्देशिका प्रारम्भ हुनु अघि निर्वाचन सम्बन्धमा आयोगबाट भए गरेका काम, कारबाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-१

(दफा १३ को उपदफा (३) र दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

मतदाता नामावली उतारको लागि दिने निवेदनको ढाँचा

श्री निर्वाचन अधिकृत,

प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.......

श्री क्षेत्रीय निर्वाचन कार्यालय/जिल्ला निर्वाचन कार्यालय

......... .......... जिल्ला ।

**विषय : मतदाता नामावली उतार गरी पाउँ ।**

मलाई मतदाता नामावलीको उतार आवश्यक भएको र मेरो नाम .................. गाउँपालिका/नगरपालिकाको वडा नं. ........ को मतदाता नामावलीमा रहेकोले सो मतदातानामावलीको उतार गरी पाउन यो निवेदन पेश गरेको छु ।

निवेदकको,-

दस्तखत :

नाम, थर:

ठेगाना :

नागरिकता नं :

पिता/माताको नाम :

पति/पत्नीको नाम,थर :

मतदाता नम्बर :

सम्पर्क मोबाइल/फोन नं.:

निर्वाचन आयोग, नेपाल

अनुसूची-२

(दफा १३ को उपदफा (४) र दफा १४ को उपदफा (४) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र न १ र २)
..................... जिल्ला

**मतदाता नामावलीको उतार**

श्री .......................... ले आफू मतदाता भएको व्यहोरा प्रमाणित गरीपाऊँ भनी दिनु भएको निवेदनको सम्बन्धमा आयोगबाट स्वीकृत अन्तिम मतदाता नामावली हेर्दा निजको नाम .............. जिल्ला ....................गाउँपालिका/नगरपालिकाको वडा नं. ............ को मतदाता नामावलीमा निम्न बमोजिम समावेश भएको व्यहोरा प्रमाणित गर्दछु ।

**मतदाताको विवरण**

१. मतदाता नामावली :........ साल

२. मतदाता नम्बरः

३. मतदाताको नाम, थरः

४. पिता/माताको नामः

५. पति/पत्नीको नाम, थरः

६. उमेर : ..... वर्ष

७. लिङ्ग : पुरुष/महिला/अन्य

८. कैफियत :

प्रमाणित गर्ने अधिकारीको,-

मिति :

सहीछापः
नाम, थर :
दर्जा :

**द्रष्टव्य** : निर्वाचन कार्यालयबाट मतदाता नामावलीको उतार दिँदा सोही कार्यालयको लेटर प्याडमा दिनु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-३
(दफा १५ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र न १ र २)

..................... जिल्ला

## निर्वाचन कार्यक्रमको सूचना

प्रतिनिधि सभा सदस्य पदको/प्रदेश सभा सदस्य पदको निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ / प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ बमोजिम देहाय बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरिएको छ :-

| क्र. सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | | | | | | |
| २ | मनोनयनपत्र दर्ता भएका उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने | | | | | | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिन सकिने | | | | | | |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने | | | | | | |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | | | | | | |
| ६ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने सक्ने | | | | | | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | | | | | | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | | | | | | |
| ९ | मतदान गर्ने | | | | | | |

मिति : ...........................

समय : निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-४

(दफा १६ सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...

(प्रदेश सभा निर्वाचन क्षेत्र न १ र २)

..................... जिल्ला

**निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरेको मुचुल्का**

प्रतिनिधि सभा सदस्य पदको / प्रदेश सभा सदस्य पदको निर्वाचनको लागि निर्वाचन कार्यक्रमको सूचना आज मिति .......................... को दिन ........... बजे हामी तपसिल बमोजिमका व्यक्तिहरुको रोहबरमा निर्वाचन अधिकृतको कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशन गरेको ठीक साँचो हो भनी यो मुचुल्का गरी सहीछाप गरिदियौं ।

**तपसिल**

१. ............जिल्ला, ..... ............ .....गाउँपालिका/नगरपालिका वडानं. ... गाउँ/टोल........... बस्ने वर्ष ...... को श्री ........... ......... ...........(सहीछाप)..............

२. ..... .... जिल्ला, ............. .....गाउँपालिका/नगरपालिका वडा नं. ....गाउँ/टोल .................बस्ने वर्ष ...... को श्री ................ ......... (सहीछाप)..................

३. ..... .....जिल्ला, ............. ..........गाउँपालिका/नगरपालिका वडा नं. ....गाउँ/टोल ...................बस्ने वर्ष ...... कोश्री ................ ........ (सहीछाप)...............

मुचुल्का तयार गर्ने कर्मचारीको,-

सहीछाप :

नाम, थर :

दर्जा :

मिति :

निर्वाचन आयोग, नेपाल

अनुसूची-५
(दफा २० को उपदफा (४) सँग सम्बन्धित)

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र**

**(प्रस्तावकले भर्ने)**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. .....
(प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं....)
..................जिल्ला ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा ................... जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं......./प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. .... मा प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य पदको लागि श्री ................................ लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु । निजको विवरण देहाय बमोजिम छ :-

१. नाम, थर :.....................
जन्म मिति :.....................उमेर :........ वर्षः..........लिङ्ग : पुरुष/महिला/अन्य
ठेगाना :.......................................................
२. शैक्षिक योग्यता :.........................
३. पिता/माताको नाम :.......................................
४. पति/पत्नीको नाम, थर : .....................................
५. मतदाता नम्बर : ......................
गाउँपालिका/नगरपालिका ............................ वडा नं............
जिल्ला :.......................................

.......................... जिल्लाको .........................गाउँपालिका/नगरपालिका वडा नं......को अन्तिम मतदाता नामावलीमा मेरो नाम समावेश छ र अन्य विवरण निम्न बमोजिम छ :-

१. नाम, थर :.....................
उमेर :............. वर्षः.........लिङ्गः पुरुष/महिला/अन्य
ठेगाना :....................................................... सम्पर्क नं.:......................
२. पिता/माताको नाम :.......................................
३. पति/पत्नीको नाम, थर : ...............................
४. मतदाता नम्बर :......................

मिति :                                        सहीछाप : ......................
                                              प्रस्तावक

**(समर्थकले भर्ने)**

प्रस्तावक श्री............................... ले माथि उल्लेख गरे बमोजिम.......................... ..........................जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं..../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. .... मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य पदको लागि श्री ................................ लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु ।

निर्वाचन आयोग, नेपाल

…………………… जिल्लाको …………………… गाउँपालिका/नगरपालिका वडा नं………को अन्तिम मतदाता नामावलीमा मेरो नाम समावेश छ र अन्य विवरण निम्न बमोजिम छ :-

१. नाम, थर :…………………
   उमेर :………… वर्ष   लिङ्गः पुरुष/महिला/अन्य
   ठेगाना :……………………………………………………सम्पर्क नं.:……………
२. पिता/माताको नाम :…………………………………
३. पति/पत्नीको नाम, थर : …………………………………
४. मतदाता नम्बर :…………………
   मिति :

सहीछापः …………………
समर्थक

**(मनोनीत उम्मेदवारले भर्ने)**

मलाई श्री ……………………………… ले प्रस्ताव गरी उम्मेदवार मनोनयन गरे बमोजिम प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४/प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम ……………………जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं…./प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. …. मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य पदको लागि उम्मेदवार हुन मेरो मञ्जुरी छ ।

(क) म नेपालको संविधानप्रति पूर्ण निष्ठावान् रहनेछु ।
(ख) निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिताको पूर्ण रुपमा पालना गर्नेछु ।
(ग) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४/प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रचलित कानून बमोजिम ……………………जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं…./प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. …. मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य पदको लागि उम्मेदवार हुन मेरो योग्यता पुगेको छ ।
(घ) संविधान तथा प्रचलित कानून बमोजिम सो पदमा उम्मेदवार हुन अयोग्य रहेको छैन ।
(ङ) संविधानको धारा २९१ विपरीत विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र लिएको छैन ।
(च) सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने कुनै लाभको पद धारण गरेको छैन ।
(छ) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको लागि कुनै पनि दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा मेरो नाम समावेश छैन र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको अन्य कुनै पनि निर्वाचन क्षेत्रमा मैले उम्मेदवारी दिएको छैन ।
(ज) यो मनोनयनपत्र साथ निम्नलिखित कागजात संलग्न गरेको छु :-
   (१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/संवत् २०७४ सालमा निर्वाचन आयोगबाट जारी भएको मतदाता परिचयपत्रको प्रतिलिपि,
   (२) ……… गाउँपालिका/नगरपालिकाको …. वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,
   (३) ………………नामको राजनीतिक दलले प्रदान गरेको उम्मेदवार मनोनयनको औपचारिक पत्र (राजनीतिक दलको उम्मेदवारको हकमा),
   (४) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७०/ प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७० बमोजिम रु……………… ( अक्षरेपी…………………) धरौटी राखेको…………………… बैंकको भौचर निर्वाचन अधिकृतको कार्यालयमा नगद धरौटी राखेको……… नं. को नगदी रसीद ।
(झ) मेरो विवरण निम्न बमोजिम रहेको छ :-
   १. नाम, थर :…………………
      जन्म मिति :…………………उमेर :…… वर्ष   लिङ्गः पुरुष/महिला/अन्य ठेगाना :……………………………………………

निर्वाचन आयोग, नेपाल

२. शैक्षिक योग्यताः.........................
३. पिता/माताको नामः.......................................
४. पति/पत्नीको नाम, थरः .....................................
५. मतदाता नम्बर : ......................
गाउँपालिका/नगरपालिका ............................ वडा नं.: ...........
जिल्ला :.......................................
६. सम्पत्ति विवरणः
(क) घर सङ्ख्या :
(ख) घर रहेको स्थान :
(ग) जग्गाको विवरण (जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं, कि.नं., क्षेत्रफल):-
(१) ..........................................................................................
(२) ..........................................................................................
(४) ..........................................................................................
(५) ..........................................................................................

मिति :

मनोनीत उम्मेदवारको,-
सहीछाप :...........................
नाम, थर :..........................
सम्पर्क टेलिफोन/मोबाइल नं.:..........................

**(निर्वाचन अधिकृतले भर्ने)**

यो मनोनयनपत्र मिति..................... को दिन............. बजे मनोनीत उम्मेदवार/प्रस्तावक/समर्थक/मनोनीत उम्मेदवारको प्रतिनिधिश्री .............................. ले मेरो समक्ष दाखिला गरेको हो ।

सहीछाप :...............................
निर्वाचन अधिकृत

**निर्णय**

(निर्णयको संक्षिप्त व्यहोरा) ....................................................................................
..........................................................................................................................................
.....................................................................................................

मिति :.
समय :
स्थान :

सहीछाप :..........................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-६
(दफा २१ को उपदफा (५) सँग सम्बन्धित)

**<u>पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य पदको /प्रदेश सभा सदस्य पदको निर्वाचनका लागि राजनीतिक दलले मनोनयन गरेको औपचारिक पत्र</u>**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ......
(प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं......)

.....................जिल्ला ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य पदको लागि मिति ............................ मा हुने निर्वाचनमा .................... जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.......अन्तर्गत प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. .... को लागि ............................. दलको तर्फबाट श्री............................... लाई मनोनयन गरिएकोले यो औपचारिकपत्र प्रदान गरिएको छ । समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको लागि यस दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा निजको नाम समावेश गरिएको छैन र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको अन्य कुनै पनि निर्वाचन क्षेत्रमायस दलको तर्फबाट निजलाई उम्मेदवार मनोनयन गरिएको छैन ।

निजको विवरण देहाय बमोजिम छः-

पूरा नाम, थर : ...........................

पिता/माताको नाम :....................................

पति/पत्नीको नाम, थर :...................................

ठेगानाः ...........गाउँपालिका/नगरपालिका वडा नं..... गाउँ/टोल ........................ जिल्ला.

दलको नाम :

<u>औपचारिकपत्र प्रदान गर्न अधिकार पाएको पदाधिकारीको</u>,-

सहीछाप :

दलको छाप :

नाम,थरः

पदः

**<u>बोधार्थ</u>**
श्री....................................
.........................................

अनुसूची-७

(दफा २१ को उपदफा (६) सँग सम्बन्धित)

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य निर्वाचनका लागि राजनीतिक दलले मनोनयन गरेको औपचारिक पत्र**

| एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी दलहरुको हकमा |
|---|

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ...
(प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं......)
...............जिल्ला

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य पदको लागि मिति ............................ मा हुने निर्वाचनमा ................... जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं......./प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. .... को लागि एकल चुनाव चिन्ह ....................................................... लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने दलको तर्फबाट श्री.............................. लाई मनोनयन गरिएकोले यो औपचारिकपत्र प्रदान गरिएको छ । समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको लागि यस दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा निजको नाम समावेश छैन र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको अन्य कुनै पनि निर्वाचन क्षेत्रमायस दलको तर्फबाट निजलाई उम्मेदवार मनोनयन गरिएको छैन ।

निजको विवरण देहाय बमोजिम छ :-

पूरा नाम, थर : ...........................
पिता/माताको नाम :...................................
पति/पत्नीको नाम, थर :-...................................
ठेगाना:................गाउँपालिका/नगरपालिका वडा नं.... गाउँ/टोल ..... ......... जिल्ला ...........
सम्बन्धित दलको नाम :-

औपचारिकपत्र प्रदान गर्न अधिकार पाएको पदाधिकारीको,-

| क्र.सं. | दलको नाम | औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको दलको पदाधिकारीको | | कैफियत |
|---|---|---|---|---|
| | | पूरा नाम, थर | सहीछाप | |
| | | | | |
| | | | | |
| | | | | |

**बोधार्थ**

श्री....................................
.........................................

| दलको छाप | दलको छाप | दलको छाप |
|---|---|---|
| | | |

अनुसूची-८
(दफा २४ सँग सम्बन्धित)

**प्रतिनिधि मुकरर**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ....
(प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं.....)
...........जिल्ला ।

महोदय,

प्रतिनिधि सभा सदस्य पदको / प्रदेश सभा सदस्य पदको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि ......................जिल्ला,प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ..../ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं.......मा मेरो तर्फबाट देहाय बमोजिम काम गर्न श्री ................................ लाई प्रतिनिधि मुकरर गरेको छु । निजले गरेको काममा मेरो मन्जुरी छ ।

(क) उम्मेदवारको मनोनयनपत्र दर्ता गराउन,
(ख) उम्मेदवारको मनोनयनपत्र दर्ता भएको व्यक्तिको विरोधमा मेरो तर्फबाट उजूरी दिन,
(ग) उम्मेदवार नहुने इच्छा गरी आफ्नो नाम फिर्ता लिएको सूचना त्यस कार्यालयमा दर्ता गराउन,
(घ) मनोनयनपत्रको जाँचमा उपस्थित हुन ।

मिति :

सहीछाप :

उम्मेदवारको पूरा नाम,थर :
राजनीतिक दल/स्वतन्त्र :

उपर्युक्त बमोजिम प्रतिनिधि हुन मञ्जुर गर्दछु ।

सहीछाप :
पूरा नाम,थर :
ठेगाना :

उपर्युक्त बमोजिमको प्रतिनिधि मुकररनामा मेरो समक्ष पेश भएको हो ।

मिति :

समय :

स्थान :

.....................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-९
(दफा २५ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र न........)

..................... जिल्ला

## मनोनयनपत्र दर्ता किताब

उम्मेदवारी दिएको पद : प्रतिनिधि सभा सदस्य / प्रदेश सभा सदस्य

| क्र.सं. | मनोनयन पत्र दर्ता नं | मनोनयन गर्ने दल/ स्वतन्त्र | मनोनीत उम्मेदवारको विवरण | | | | प्रस्तावकको विवरण | | | समर्थकको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूरा नाम,थर | उमेर | मतदाता नं. | ठेगाना | पूरा नाम,थर | मतदाता नं. | ठेगाना | पूरा नाम,थर | मतदाता नं. | ठेगाना |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |

प्रमाणित गर्ने कर्मचारीको,-
सहीछाप :
नाम, थर :
दर्जा :
मिति :

द्रष्टव्य : प्रतिनिधि सभा सदस्य पदको र प्रदेश सभा सदस्य पदको मनोनयनपत्र दर्ता गर्दा निर्वाचन क्षेत्र अनुसार छुट्टाछुट्टै दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।



निर्वाचन आयोग, नेपाल

अनुसूची-१०
(दफा २५ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं १ र २)

..................... जिल्ला

**मनोनयनपत्र दर्ताको निस्सा**

......................... जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ..../ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ..बाट प्रतिनिधि सभा सदस्य पदको / प्रदेश सभा सदस्य पदको निर्वाचनमा उम्मेदवार हुनको लागि मिति......................... को दिन......... बजे यस कार्यालयमा ...................... राजनीतिक दलको/स्वतन्त्र उम्मेदवार श्री...................... को मनोनयनपत्र दाखिला भई क्रमसङ्ख्या .......... मा दर्ता भयो । मिति.......................... को दिन........ बजे मनोनयनपत्रको जाँच हुनेछ । सो समयमा यस कार्यालयमा उपस्थित हुन समेत जानकारी गराइएको छ ।

सहीछापः
नाम, थर :
दर्जा :

द्रष्टव्य : एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने राजनीतिक दलको तर्फबाट मनोनयन भएको उम्मेदवारको हकमा सम्बन्धित राजनीतिक दलको नाम उल्लेख गर्ने स्थानमा एकल चुनाव चिन्ह उल्लेख गरी सम्बन्धित दलको नाम समेत लेख्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-११
(दफा २५ को उपदफा (४) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र न १ र २)

..................... जिल्ला

## मनोनयनपत्रमा रीत नपुगेको सूचना

श्री ...................................

....................................।

............................... जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ..../ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं .. बाट प्रतिनिधि सभा सदस्य पदको / प्रदेश सभा सदस्य पदको उम्मेदवार हुनको लागि श्री ............................ लाई प्रस्ताव तथा समर्थन गरी यस कार्यालयमा आज मिति ............................ का दिन ......... बजे उम्मेदवार स्वयं/ निजको प्रस्तावक/ समर्थक /प्रतिनिधि श्री ............................ ले निर्वाचन अधिकृत समक्ष प्रस्तुत गरेको मनोनयनपत्रमा निम्नलिखित कुराको रीत नपुगेको हुँदा रीत नपुगेको कुरा सच्याई ल्याउन जानकारी गराइएकोमा तपाईले सो रीत नपुगेको व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहनु भएकोले उक्त व्यहोरा मनोनयनपत्रमा जनाई क्रमसङ्ख्या ............. मा दर्ता गरी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४को दफा २० को उपदफा (३)/प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २० को उपदफा (३) बमोजिम यो सूचना दिएको छु।

**रीत नपुगेको व्यहोरा**

..................................................................................................................................................
..................................................................................................................................................
.............................................................................................................................. ।

मिति : ......................

समय : निर्वाचन अधिकृत

निर्वाचन आयोग नेपाल

अनुसूची-१२
(दफा २९ सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...

(प्रदेश सभा निर्वाचन क्षेत्र न...)

..................... जिल्ला

**मनोनयनपत्र दर्ता भएका उम्मेदवारको नामावली**

.........जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ..../ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ....बाट प्रतिनिधि सभा सदस्य पदको / प्रदेश सभा सदस्य पदको निर्वाचनको प्रयोजनको लागि देहायको व्यक्तिको मनोनयनपत्र यस कार्यालयमा दर्ता भएकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २० को उपदफा (५)/ प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २० को उपदफा (५) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | मनोयनपत्र दर्ता नम्बर | उम्मेदवारको विवरण | | | | | | राजनीतिक दल/स्वतन्त्र |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम, थर (वर्णानुक्रम अनुसार) | पिता/ माताको नाम | पति/ पत्नीको नाम, थर | उमेर | लिङ्ग | ठेगाना | |
| | | | | | | | | |

मिति :
समय :
स्थान :

.........................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१३
(दफा ३० को उपदफा (१) सँग सम्बन्धित)

**<u>उम्मेदवारको विरोधमा उजुरी</u>**

श्री निर्वाचन अधिकृत,
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ....
(प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं .. ....)
................... जिल्ला ।

................ जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ..../ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ....बाट प्रतिनिधि सभा सदस्य पदको/ प्रदेश सभा सदस्य पदको निर्वाचनमा ...................... राजनीतिक दलको तर्फबाट/स्वतन्त्र उम्मेदवार हुनको लागि दर्ता नं............ मा मनोनयनपत्र दर्ता भएका श्री................................ निम्नलिखित कारणले सो पदमा उम्मेदवार हुन अयोग्य भएकोले निजको मनोनयनपत्र खारेज गरी पाउन यो उजुरी दिएको छु ।

<u>उजुरीको कारण</u>

.....................................................................................................................................

.....................................................................................................................................

<u>संलग्न प्रमाण</u>

<u>उजुरीकर्ताको,-</u>

मिति :

नामः
सहिछाप :

समय :

नाम, थर :
ठेगाना :
उम्मेदवार/उम्मेदवार...................को
प्रतिनिधि

**(निर्वाचन अधिकृतले भर्ने)**

यो उजुरी मिति .............................. को दिन............ बजे मनोनीत उम्मेदवार वा निजको प्रतिनिधि श्री ............................... ले मेरो समक्ष दाखिल गरेको हो ।

.............................
निर्वाचन अधिकृत

**<u>निर्णय</u>**

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २२/ प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २२ बमोजिम मैले यो उजुरी उपर जाँच गरी निम्न बमोजिम निर्णय गरेँ :-
(निर्णयको संक्षिप्त व्यहोरा):

.....................................................................................................................................

................................................................. ...............................................................................

मिति :
समय :
स्थान :

सहीछाप :
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१४
(दफा ३० को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं.........)

## उम्मेदवारको विरोधमा दिएको उजुरी दर्ता किताब

उजुरी दिएको पद : प्रतिनिधि सभा सदस्य / प्रदेश सभा सदस्य

| उजुरी दर्ता नं. | दर्ता मिति | विपक्षी उम्मेदवारको | | | उजुरी गर्ने उम्मेदवार/को | | | उजुरीको संक्षिप्त विवरण | उजुरी दर्ता गर्ने व्यक्तिको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | ठेगाना | मनोनयन पत्र दर्ता नं. | नाम, थर | ठेगाना | मनोनयन पत्र दर्ता नं. | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

प्रमाणित गर्ने कर्मचारीको,-

दस्तखत :
नाम, थर :
दर्जा:
मितिः

निर्वाचन आयोग, नेपाल

अनुसूची-१५
(दफा ३० को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

**उम्मेदवारको विरोधमा उजुरी दर्ताको भरपाई**

..........जिल्ला, प्रतिनिधि सभा सदस्यनिर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ......बाट प्रतिनिधि सभा सदस्य पदमा /प्रदेश सभा सदस्य पदमा उम्मेदवार हुन मनोनयनपत्र दर्ता गराएका उम्मेदवारश्री ........................... को विरोधमा सोही निर्वाचन क्षेत्रबाट सोही पदमा मनोनयनपत्र दर्ता गराएका उम्मेदवार/उम्मेदवारको प्रतिनिधि श्री ............................ ले दिएको उजूरी आज मिति ......................... का दिन ........... बजे यस कार्यालयमा क्रमसङ्ख्या ............. मा दर्ता गरी यो भरपाई दिइएको छ ।

मिति :

......................
निर्वाचन अधिकृत

अनुसूची-१६
(दफा ३० को उपदफा (३) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
...........जिल्ला

**उम्मेदवारको विरोध सम्बन्धी उजूरी दर्ताको सूची**

यस कार्यालयमा प्रतिनिधि सभा सदस्य /प्रदेश सभा सदस्य पदको लागि मनोनयनपत्र दर्ता गराएका निम्न बमोजिमका व्यक्ति/व्यक्तिहरुको विरोधमा निम्न बमोजिम उजूरी दर्ता भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित पक्षहरुले आ-आफ्नो सबुत प्रमाण सहित मिति ...................... को दिन ...... बजे निर्वाचन अधिकृतको कार्यालयमा अनिवार्य रुपमा उपस्थित हुनसमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| क्र. सं. | दर्ता नं. | उजुरीकर्ताको विवरण | | | उजुरीको व्यहोरा | विपक्षी उम्मेदवारको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | ठेगाना | मनोनयनपत्र दर्ता नम्बर | | नाम, थर | ठेगाना | मनोनयन पत्र दर्ता नम्बर |
| | | | | | | | | |

मिति :                                                  ......................
समय :                                                  निर्वाचन अधिकृत

अनुसूची-१७
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

**मनोनयनपत्रको जाँच स्थगित गरेको सूचना**

............... जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ....को लागि प्रतिनिधि सभा सदस्य पदको/प्रदेश सभा सदस्य पदको निर्वाचनको लागि उम्मेदवार मनोनयन गरिएको मनोनयनपत्रको जाँच निम्न कारणले गर्न नसकिएकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २२ को उपदफा (३)/ प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २२ को उपदफा (३) बमोजिम मनोनयनपत्र जाँच सम्बन्धी कारबाही स्थगित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कारण**

(१) ..............................................................................................................

(२) ..............................................................................................................

मनोनयनपत्रको जाँच गर्ने कार्य मिति......................... को दिन.......... बजे. .............. (स्थान) मा प्रारम्भ गरिने हुँदा सो समय र स्थानमा सम्बन्धित सबै जना उपस्थिति हुन समेत जानकारी गराइएको छ ।

मिति :　　　　　　　　　　..........................

समय :　　　　　　　　　　निर्वाचन अधिकृत

स्थान :

अनुसूची-१८
(दफा ३६ सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

**उम्मेदवारको नामावली**

..............जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ....बाट प्रतिनिधि सभा सदस्य पदको /प्रदेश सभा सदस्य पदको निर्वाचनको लागि उम्मेदवार हुनको लागि दर्ता भएका मनोनयनपत्रहरु मिति.......................... मा जाँच गर्दा कानून बमोजिम कायम रहेका उम्मेदवारको नामावली प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २४ /प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २४ बमोजिम प्रकाशन गरिएको छ ।

| क.सं. | मनोयनपत्र दर्ता नम्बर | उम्मेदवारको विवरण | | | | | | राजनीतिक दल/स्वतन्त्र |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम, थर (वर्णानुक्रम अनुसार) | पिता/माताको नाम | पति/पत्नीको नाम,थर | उमेर | लिङ्ग | ठेगाना | |
| | | | | | | | | |

...........................
निर्वाचन अधिकृत

अनुसूची-१९
(दफा ३७ को उपदफा (१) सँग सम्बन्धित)

**नाम फिर्ता लिएको सूचना**

श्री निर्वाचन अधिकृत,
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.....
प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ...
..................... जिल्ला ।

........ जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ...बाट प्रतिनिधि सभा सदस्य पदको /प्रदेश सभा सदस्य पदको निर्वाचनम उम्मेदवार हुन मेरो मनोनयनपत्र दाखिला भई मिति.......................... मा प्रकाशित उम्मेदवारको नामावलीमा मेरो नाम समावेश भएकोमा सो निर्वाचनमा उम्मेदवार हुन हाल मलाई इच्छा नभएकोले आफ्नो राजी खुशीले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २५ को उपदफा (१)/प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २५ को उपदफा (१) बमोजिम आफ्नो नाम फिर्ता लिएको सूचना गर्दछु ।

मिति :

सहीछाप :
नाम, थर :
ठेगाना :

**(निर्वाचन अधिकृतले भर्ने)**

यो सूचना मिति.......................... को दिन ........ बजे निर्वाचन अधिकृतको कार्यालयमा म समक्ष दाखिला भएको हो ।

सहीछापः
निर्वाचन अधिकृत

**निर्णय**

माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोराको सत्यतामा म सन्तुष्ट/असन्तुष्ट भएकोले श्री........................................... को नाम उम्मेदवारको सूचीबाट हटाउने/नहटाउने निर्णय गरेको छु ।

मिति :
समय :
स्थान :

सहीछापः
निर्वाचन अधिकृत

द्रष्टव्यः राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिएको उम्मेदवारको हकमा सम्बन्धित दलको मनोनयनको औपचारिकपत्र पेश गर्ने अख्तियारी पाएको व्यक्तिले सहीछाप गरी उम्मेदवारको नाम फिर्ता लिन लेखी पठाएमा निर्वाचन अधिकृतले सोही व्यहोरा जनाई उम्मेदवारको नामावलीबाट नाम हटाउने वा नहटाउने निर्णय गर्नु पर्नेछ ।

अनुसूची-२०
(दफा ३७ को उपदफा (४) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

**नाम फिर्ता लिएको निवेदन दर्ता किताब**

| दर्ता नं. | मिति | समय | नाम फिर्ता लिने उम्मेदवारको | | | | | निवेदन दर्ता गर्ने व्यक्तिको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम, थर | ठेगाना | उम्मेदवारी दिएको पद | मतदाता नं. | मनोनयन पत्रको दर्ता नं. | | |
| | | | | | | | | | |

नोटः राजनीतिक दलको तर्फबाट उम्मेदवारको नाम फिर्ता लिएको भए कैफियत महलमा सोही व्यहोरा जनाउनु पर्नेछ ।

प्रमाणित गर्ने व्यक्तिको,-
सहीछापः
नाम, थर :
दर्जा :
मिति :

अनुसूची-२१

(दफा ३७ को उपदफा (४) सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...

(प्रदेश सभा निर्वाचन क्षेत्र नं....)

.....जिल्ला

**नाम फिर्ता लिएको सूचना दर्ताको निस्सा**

................ जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं .......बाट प्रतिनिधि सभा सदस्य पदमा /प्रदेश सभा सदस्य पदमा उम्मेदवार हुन मनोनयनपत्र दर्ता गराएका श्री ................................ ले/निजको प्रतिनिधिले/निजलाई उम्मेदवार मनोनयन गर्ने दल............................को तर्फबाटश्री ............................. ले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २५को उपदफा (१)/(५) प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २५ को उपदफा(१)/(५) बमोजिम नाम फिर्ता लिएको सूचना आज मिति .............................. का दिन ...... बजे यस कार्यालयमा क्रमसङ्ख्या ............. मा दर्ता भएकोले सोको निस्सा दिइएको छ ।

मितिः

............................

निर्वाचन अधिकृत

अनुसूची-२२
(दफा ३९ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

**<u>उम्मेदवारको नाम हटाइएको सूचना</u>**

...................... जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं .......बाट प्रतिनिधि सभा सदस्य पदमा /प्रदेश सभा सदस्य पदमा उम्मेदवार हुन मनोनयनपत्र दर्ता गराएका श्री .................................................. ले नाम फिर्ता लिनका लागि यस कार्यालयमा मिति .......................... मा निज आफैँ/निजको प्रतिनिधि/निजलाई उम्मेदवार मनोनयन गरेको दलको तर्फबाटश्री .............................. ले निवेदन पेश गरेको हुँदा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २५को उपदफा (४)/प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४को दफा २५ को उपदफा (४) बमोजिम निजको नाम उम्मेदवारको सूचीबाट हटाई यो सूचना प्रकाशन गरिएको छ ।

मिति :

..........................
निर्वाचन अधिकृत

अनुसूची-२३
(दफा ४० को उपदफा (१) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

**उम्मेदवारको अन्तिम नामावली**

.........जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ....को लागि प्रतिनिधि सभा सदस्य पदको /प्रदेश सभा सदस्य पदको निर्वाचनमा उम्मेदवार हुन मनोनयनपत्र दाखिला गरेका व्यक्तिहरुमध्ये देहायका व्यक्तिहरुको उम्मेदवारी कायम भएकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २६/प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २६ बमोजिम उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गरिएको छ ।

| क.सं. | नाम,थर वर्णानुक्रम अनुसार) | पिता/माताको नाम | पति/पत्नीको नाम,थर | उमेर | लिङ्ग | ठेगाना | राजनीतिक दल/स्वतन्त्र |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मिति :
समय :
स्थान :

..........................
निर्वाचन अधिकृत

अनुसूची-२४
(दफा ४१ सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

**प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य उम्मेदवारको परिचयपत्र**

| उम्मेदवारको मुखाकृति देखिने पासपोर्ट साईजको फोटो |
| --- |

उम्मेदवारको पूरा नाम,थरः ..................................................

राजनीतिकदलको नाम/स्वतन्त्र :..........................

प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ......

जिल्ला :...........................

कार्यालयको छाप
मिति :

.......................
निर्वाचन अधिकृत

अनुसूची-२५
(दफा ४२ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

**निर्विरोध निर्वाचित भएको घोषणा**

............जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ......बाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा एकजना मात्र उम्मेदवार कायम भएकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २७/प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २७बमोजिम यस निर्वाचन क्षेत्रबाट प्रतिनिधि सभा सदस्यपदमा/प्रदेश सभा सदस्य पदमा ................दलका /स्वतन्त्र उम्मेदवार श्री.........................निर्विरोध निर्वाचित भएको घोषणा गर्दछु ।

मिति :

.......................
निर्वाचन अधिकृत

अनुसूची-२६
(दफा ४४ को उपदफा (१) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं..........)
.....जिल्ला

प्रतिनिधि सभा सदस्य निर्वाचन /प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिने दलको निर्वाचन चिन्ह

| **क्रम संख्या** | **राजनीतिक दलको नाम** | **प्रदान गरिएको निर्वाचन चिन्ह** |
|---|---|---|
| १. | नेपाली कांग्रेस |  रुख |
| २. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |  सूर्य |
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी र जनजागरण पार्टी, नेपाल |  गोलाकारभित्र हसिया हथौडा |
| ४. | राष्ट्रिय प्रजातन्त्र पार्टी |  गाई |
| ५. | राष्ट्रिय जनता पार्टी नेपाल |  छाता |
| ६. | नेपाल लोकतान्त्रिक फोरम |  दुई हात जोडेको नमस्कार |
| ७. | राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) |  |

| | | |
|---|---|---|
| | | गोलाकारभित्र हलो |
| ८. | संघीय समाजवादी फोरम, नेपाल |  हातले समातेको मशाल |
| ९. | नेपाल कम्युनिष्ट पार्टी (माले) र जनसमाजवादी पार्टी, नेपाल |  हँसिया तारा |
| १०. | राष्ट्रिय जनमोर्चा |  गिलास |
| ११. | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) |  हँसिया |
| १२. | नेपाल मजदुर किसान पार्टी |  मादल |
| १३. | राष्ट्रिय जनमुक्ति पार्टी |  घर |
| १४. | नेपाल परिवार दल |  साँचो |
| १५. | बहुजन शक्ति पार्टी |  जग |

| | | |
|---|---|---|
| १६. | अखण्ड नेपाल पार्टी |  ध्वजा |
| १७. | नेपाली जनता दल |  गोरु गाडाको चक्का (पाङ्ग्रो) |
| १८. | खम्बुवान राष्ट्रिय मोर्चा नेपाल |  हथौडा |
| १९. | मधेश समता पार्टी नेपाल |  रिक्सा |
| २०. | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) |  गाग्री |
| २१. | नयाँ शक्ति पार्टी, नेपाल |  देब्रे आँखा |
| २२. | ग्रीन पार्टी नेपाल |  ऊँट |
| २३. | नेपाल समावेशी पार्टी |  सुगा |

| | | |
|---|---|---|
| २४. | नेपाल नौलो जनवादी पार्टी |  चुच्चोले चिठ्ठी बोकेर उड्न लागेको परेवा |
| २५. | राष्ट्रिय यथार्थवादी पार्टी, नेपाल |  डाँफे |
| २६. | चुरेभावर लोकतान्त्रिक पार्टी |  भकुण्डो |
| २७. | नेपाल समाजवादी पार्टी (लोहियावादी) |  मेच |
| २८. | तामाङसालिङ लोकतान्त्रिक पार्टी |  बज्र |
| २९. | नेपाल संघीय समाजवादी पार्टी |  बस |
| ३०. | गान्धीवादी पार्टी नेपाल |  भेडा |
| ३१. | राष्ट्रिय विकास पार्टी |  हात्ती |

| | | |
|---|---|---|
| ३२. | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल |  सुदर्शन चक्र |
| ३३. | राष्ट्रिय त्रिमुल बहुजन समाजवादी पार्टी |  हातमा धानको बाला |
| ३४. | एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) |  आयाताकारभित्रको हलो |
| ३५. | मंगोल नेशनल अर्गनाइजेसन |  कुखुराको भाले |
| ३६. | राष्ट्रवादी पार्टी |  घण्टी |
| ३७. | जनशक्ति नेपाल |  गोलाकारभित्र छाता |
| ३८. | किरात खम्बुवान लोकतान्त्रिक पार्टी |  त्रिकोण |
| ३९. | देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल |  मुठ्ठी |

| | | |
|---|---|---|
| ४०. | इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल |  ट्रयाक्टर |
| ४१. | ३३ दलिय मोर्चा |  पाँचकुने तारा |
| ४२. | विवेकशील साझा पार्टी |  तराजु |
| ४३. | समाजवादी पार्टी, नेपाल |  सुकुन्दा |
| ४४. | राष्ट्रवादी युवा मोर्चा |  चश्मा |
| ४५. | मूलवासी मुक्ति पार्टी |  घडी |
| ४६. | नेपाः राष्ट्रिय पार्टी |  खड्ग |
| ४७. | राष्ट्रिय श्रमिक नागरिक पार्टी |  पिपलको पात |

| | | |
|---|---|---|
| ४८. | नेपाल दलित पार्टी | <br>इनार |
| ४९. | नेपाल युवा किसान पार्टी | <br>केराको काईंयो |
| ५०. | मधेश तराई फोरम | <br>बाल्टिन |
| ५१. | राष्ट्रिय मुक्ति आन्दोलन नेपाल | <br>षटकोण |
| ५२. | देशभक्त समाज | <br>जरायो |
| ५३. | हाम्रो पार्टी | <br>धारा |
| ५४. | दलित, मुस्लिम जनशक्ति पार्टी | <br>माछा |
| ५५. | नेपाल शान्ति क्षेत्र परिषद् | <br>थपडी बजाएको जोडा हात |

| | | |
|---|---|---|
| ५६. | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |  दाप सहितको खुकुरी |
| ५७. | राष्ट्रिय समाजवादी पार्टी, नेपाल |  पृथ्वी |
| ५८. | नेपाल दर्शन |  भुईंकटहर |
| ५९. | संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल |  हवाईजहाज |
| ६०. | शिवसेना नेपाल |  डमरु |
| ६१. | नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) |  डोको |
| ६२. | नेपाल कम्युनिष्ट पार्टी |  घन कोदालो |
| ६३. | नेपाल लोकतान्त्रिक जनता काँग्रेस |  दुई आँखा |

| | | |
|---|---|---|
| ६४. | नेपाल जनता पार्टी |  कमलको फूल |
| ६५. | मितेरी पार्टी, नेपाल |  घोडा |
| ६६. | आमूल परिवर्तन मसिहा पार्टी नेपाल |  हृदय |
| ६७. | नेपाली ग्रिन्स |  हिमाल |
| ६८. | राष्ट्रिय जनता दल नेपाल |  लाल्टिन |
| ६९. | नेपालवाद |  तारापून्ज |
| ७०. | नेपाल जनलोकतन्त्र पार्टी |  साबेल |
| ७१. | युवाशक्ति नेपाल पार्टी |  दौडिरहेको युवक |

| | | |
|---|---|---|
| ७२. | हाम्रो नेपाल पार्टी | <br>दुई थुङ्गा सयपत्रीको फुल |
| ७३. | देशभक्त लोकतान्त्रिक पार्टी | <br>ऐना |
| ७४. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) | <br>कोदालो |
| ७५. | हिन्दु प्रजातान्त्रिक पार्टी नेपाल | <br>महिला |
| ७६. | जनप्रजातान्त्रिक पार्टी, नेपाल | <br>गैंडा |
| ७७. | संयुक्त राष्ट्रिय जनपरिषद, नेपाल | <br>हेलिकप्टर |
| ७८. | लिवरल डेमोक्रेटीक पार्टी | <br>दमाहा |
| ७९. | राष्ट्रवादी एकता पार्टी | <br>परेवा |
| ८०. | लोक दल | <br>लुगा सिउने कल |

| | | |
|---|---|---|
| ८१. | मुस्कान सेना नेपाल |  पुरुष |
| ८२. | युवा नेपाल पार्टी |  मोटर साईकल |
| ८३. | बहुजन समाज पार्टी नेपाल |  जिराफ |
| ८४. | पिछडावर्ग निषाद दलित जनजाती पार्टी |  कछुवा |
| ८५. | नेपाल आमा पार्टी |  बच्चा काखमा लिएकी आमा |
| ८६. | नेपाली कांग्रेस (बी.पी.) |  करुवा |
| ८७. | लोककल्याणकारी जनता पार्टी, नेपाल |  धनुषबाण |
| ८८. | मातृभूमि नेपाल दल |  गाग्री बोकेको महिला |
| ८९. | अखण्ड सुदूरपश्चिम पार्टी नेपाल |  चियादानी |

| | | |
|---|---|---|
| ९०. | राष्ट्रिय शिवसेना पार्टी र राष्ट्रिय नागरिक पार्टी | <br>सिपाही |
| ९१. | आधुनिक नेपाल पार्टी | <br>बाघ |

अनुसूची-२७
(दफा ४४ को उपदफा (१) सँग सम्बन्धित)

**स्वतन्त्र उम्मेदवारको लागि निर्धारित निर्वाचन चिन्हहरू**

**(क) प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रयोजनको लागि**

| | | | |
|---|---|---|---|
| <br>rª\uf | <br>zª\v | <br>8'ª\uf | <br>u'nfkmsf] k"mn |
| <br>lj\|ms]6 Aof6 | <br>lrofsf] kft | <br>j'mrf] -´f8'_ |  cf"k |
| <br>l;lnª □ofg | <br>la/fnf] | <br>s}"rL | <br>a"b]n |
| <br>x]nd]6 | <br>dfx'/L | <br>b/fh | <br>Kn]6 ;]6 |
| <br>6]a'n | <br>;]n/f]6L | ¢============== | <br>k\|mfO{ Kofg |
| <br>Sofd]/f | <br>≈ofG8 Aofu | <br>hf]8f gl/jn | <br>Istfa |

¢ निर्वाचन आयोगको मिति २०७४।७६ को निर्णयानुसार झिकिएको

<table>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td><br>d}gaQL</td><td><br>snd</td><td><br>kfgLhxfh</td><td><br>cfO/g</td></tr>
<tr><td><br>sk Kn]6</td><td><br>6]lnlehg</td><td><br>hf]8L rKkn</td><td><br>/]l8of]</td></tr>
<tr><td><br>8f]h/</td><td><br>xfdf]{lgod</td><td>⊄ ..................</td><td><br>la|kms];</td></tr>
<tr><td><br>‰ofn</td><td><br>l;¶L</td><td><br>´f]n'ª\u]k'n</td><td><br>≈of6</td></tr>
<tr><td><br>Uof; l;lnG8/</td><td><br>Uof;r'nf]</td><td><br>:6"n</td><td><br>ds}</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>

⊄ निर्वाचन आयोगको मिति २०७४।७६ को निर्णयानुसार झिकिएको

| | | | |
|---|---|---|---|
| cf}"7L | 8f8' kGo' | lkm/lkm/] | t'Dn]6 |
|  rNnf |  nf6f]sf];]/f] | | |

(ख) प्रदेश सभा सदस्य निर्वाचनको प्रयोजनको लागि

| | | | |
|---|---|---|---|
|  afv\|f] |  8«d |  lhk |  ;f/ª\uL |
|  :j'm6/ |  8]8kmf]g |  e¥ofª |  rsnf a]ngf |
|  skfn sf]g]{ a\|; |  xft] kª\vf |  b"/lag |  df]afOn kmf]g |
|  lSnk |  cf]bfg |  k]lG;n s6/ / l;;fsnd |  8lNkmg |

| | | | |
|---|---|---|---|
| <br>do'/sf] Kjf“v | <br>AoflдG6g ¥ofs]6 | <br>uGhL | <br>s]a'nsf/ |
| <br>k]lG6ª a'?; | <br>l;PkmPn lrd | <br>ΣofnL | <br>klGrª d]l;g |
| <br>Aof6«L | <br>g]n s6/ | <br>s/fxL | <br>lhk/ |
